# अध्याय एक (CHAPTER ONE)

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमी (Background of the Study)

साधारण अर्थमा भन्ने हो भने खानाको लागि अनाजको उत्पादन गर्नु, लगाउनको लागि कपास र रेशमको उत्पादन गर्नु कृषि शब्द हो । ल्याटिन भाषाको Agriculture शब्दको नेपाली रुपान्तरण कृषि हो । यसको तात्पर्य खेतमा गएर खन्नु, जोत्नु र विरुवा रोपेर मानिसले खाद्यान्न उत्पादन गर्नु भन्ने बुझिन्छ । यसरी कृषिको उत्पादन गर्नु एउटा कला हो । धान, मकै, गहुँ, कपास, जुट र रबर आदिको उत्पादन माटोमा गरिन्छ । यसप्रकार माटोमा काम गर्ने कलालाई कृषि भनिन्छ । यति मात्रमा सीमित नभई धरातलमा विरुवाको उत्पादन गर्नु, अन्नको उत्पादन गर्नु र मानिसले गर्ने पशुपालन पनि कृषि भित्रै पर्दछन् । त्यसैले खाद्यान्न बाली, रेसेदार बाली, पेय पदार्थ, कच्चा पदार्थ आदि विभिन्न वस्तुहरुको खेती गरेर मानिसले आफ्नो व्यवसायिक महत्व बढाएको छ (हाडा, २०६८) ।

नेपालको कृषि परम्परागत उत्पादन प्रणालीमा आधारित छ । उत्पादित वस्तुहरुको भण्डारण, मूल्य निर्धारण, उत्पादित वस्तुहरु बजारसम्म लैजान यातायात, खेती लगाउनका लागि औजार, बीउ, मल, औषधी जस्ता समस्याहरु कृषि क्षेत्रमा छन् तर यो क्षेत्र राष्ट्रिय आयका लागि तथा रोजगारका लागि अन्य क्षेत्रहरुभन्दा उच्च स्थानमा रहेको छ । नेपालको कृषि प्रणाली जीविकोपार्जनमुखीबाट क्रमिक रुपमा व्यवसायिकरणतर्फ रुपान्तरण हुँदै गएतापनि यसको उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा परिचित गराउँदै आयात प्रतिस्थापन र निर्यात प्रर्वधन गर्नु आवश्यक छ । कृषि उत्पादनले उचित मूल्य प्राप्त गर्न कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउनुपर्छ र त्यसका लागि उत्पादनोपरान्त प्रविधिको आवश्यकता पर्दछ (दाहाल र पौडेल, २०७०) ।

नेपालको राष्ट्रिय आयमा कृषि क्षेत्रको स्थान अपरिहार्य रहेको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको स्थान पहिलेदेखि नै महत्वपुर्ण रही आएको छ । आ.व. २०३१/३२ ताका कृषिको स्थान कुल राष्ट्रिय आयमा झण्डै ७० प्रतिशत रहेको र हालका वर्षमा करिब ४० प्रतिशतको आसपासमा देखिन्छ । यस अर्थमा यसको हिस्सामा केही कमी आएको महसुस हुन्छ । तर पनि अर्थतन्त्रमा अन्य क्षेत्रको तुलनामा कृषिको स्थान उच्च रहनुले यसको

अपरिहार्यता प्रष्ट हुन्छ । कृषि व्यवसाय खाद्यान्नको मुख्य आधार व्यवसाय हो । बढिरहेको जनसंख्याका लागि खाद्यान्नको आपूर्ति यही व्यवसायबाट हुन्छ । त्यस्तै गरी उद्योग सेवामा संलग्न मानिसको संख्या पनि नेपालमा बढिरहेको छ । उनीहरुलाई पनि खाद्यान्नको आवश्यकता पर्दछ । त्यस्तै गरी पशुजन्य उत्पादनजस्ता पोषक तत्वहरुको उत्पादन पनि कृषि व्यवसायबाट नै हुन्छ । यस अर्थमा हेर्दा कृषि व्यवसायलाई खाद्यान्न तथा अन्य पोषक तत्वको स्रोतको रुपमा लिनु अन्यथा हुदैन (लुइटेल, २०७०) ।

देशको कुल ग्रार्हस्थ्य उत्पादनको एक तिहाईभन्दा बढी हिस्सा कृषि क्षेत्रबाट प्राप्त हुने र करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जीविकाका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्वपूर्ण रहेको स्पष्ट छ । नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य सम्प्रभुतालाई मौलिक हकभित्र राखी राज्यले किसानलाई प्रोत्साहित गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरुको सृजना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ भन्ने नीतिमा उल्लेख भएबाट यसको महत्व अझै उजागर भएको छ (राष्ट्रिय योजना आयोग २०७२) ।

उद्योग भन्नाले कच्चापदार्थको प्रयोग गरी त्यसलाई प्रशोधन गरेर वस्तु उत्पादन गर्ने कार्यलाई बुझिन्छ । उद्योगधन्दाको वर्गीकरण विभिन्न आधारमा गरिन्छ । उद्योगमा लगानी गरिने पूँजीको आधारमा नेपालमा लघु, घरेलु, साना, मझौला, ठूला उद्योग आदि विभिन्न श्रेणीमा उद्योगलाई विभाजन गरिएको छ । मझौला तथा ठूला उद्योगहरुमा बढी मात्रामा उत्पादनका साधनहरु प्रयोग गरेर उत्पादन पनि बढी मात्रामा गरिन्छ भने घरेलु तथा साना उद्योगमा उत्पादनका साधनहरुको प्रयोग थोरै मात्रामा गरेर उत्पादन पनि कम मात्रामा गरिन्छ । नेपालमा आर्थिक तथा भौगोलिक दृष्टिकोणबाट ठूला उद्योगहरुको संचालन गर्न चुनौतीपुर्ण एवम् कठिनाईपूर्ण रहेको छ । तसर्थ थोरै पूँजी लगानीमा देशको जुनसुकै भौगोलिक विविधतामा संचालन गर्न सकिने घरेलु तथा साना उद्योगको नेपालमा महत्वपूर्ण स्थान छ  (दाहाल र पौडेल, २०७०) ।

कृषिजन्य उद्योग भन्नाले कृषि क्षेत्रबाट प्राप्त कच्चापदार्थको उपयोग गरी अन्य आवश्यकीय वस्तु उत्पादन गर्ने उद्योग बुझिन्छ । यसमा मेशिन, उपकरण, इन्धनजस्ता आवश्यक वस्तुहरु अन्य क्षेत्रबाट प्राप्त गरिन्छ । तर मूल रुपमा कच्चापदार्थ चाँहि कृषि उत्पादन नै

हुन्छन् । यस्ता उद्योगमा फलफूल प्रशोधन, खाद्यान्न प्रशोधन, चिया तथा कफी प्रशोधन, चुरोट, बिँडी, तेल, दुग्ध पदार्थ, मासु उत्पादन आदि मुख्य रुपमा पर्दछन् (लुइटेल, २०७०) ।

नेपालमा हाल ७५८ ठूला उद्योग, १,३८७ मझौला उद्योग, ३,८०८ साना उद्योग र ३,८०,१८२ लघु उद्योग गरी कुल ३,८६,१३५ उद्योगहरु दर्ता भएका छन् । आर्थिक वर्ष २०७१/७२ सम्म ३९१ वटा कृषिजन्य उद्योग संचालनका लागि स्वीकृती लिएका छन् (अर्थ मन्त्रालय २०७२) ।

लागत लाभ विश्लेषण कुनै पनि परियोजना वा व्यवसायको वाञ्छनियता विश्लेषण गर्नका लागि प्रयोग हुने एउटा महत्वपूर्ण साधन हो । यसले परियोजनाबाट प्राप्त लाभ र परियोजना सञ्चालन गर्न लाग्ने लागतका आधारमा परियोजनाको सामाजिक वाञ्छनियतासम्बन्धी विवेकपूर्ण निर्णय गर्दछ । लागत लाभ विश्लेषणको प्रमुख उद्देश्य योजनाकारलाई स्रोत साधनको उचित उपयोग गर्नका लागि वा सामाजिक लाभलाई अधिकतम बनाउनका लागि लगानीका सम्बन्धमा उचित निर्णय गर्न सहयोग गर्नु हो (भट्ट, दाहाल र अधिकारी २०६९) ।

साधारणतया मानव स्वास्थ्यको लागि ढुसी हानिकारक मानिन्छ । ढुसीजन्य खाद्यान्नकै कारण मानिस विरामी हुन्छन तर यहि ढुसी वर्गमै पर्ने च्याउ भने अति पौष्टिकताले भरिपुर्ण वनस्पति हो । च्याउ एक सुक्ष्म जीवाणु पनि हो, यो माटोमा उम्रने विरुवा होइन, केवल धागोजस्तो ढुसी मात्र हो, यसलाई अंग्रेजीमा फङ्स (fungus) भनिन्छ । यसको धागोजस्तो आकारको अवस्था अर्थात् माइसेलिएमबाट फलको रुपमा च्याउ निस्कने गर्छ तर यसरी च्याउ निस्कनको लागि आवश्यक आहार, तापक्रम र सापेक्षिक आद्रता उपयुक्त हुनुपर्छ । यसमा हरितकण नहुने भएकोले यसले अरु विरुवाले झैँ आफ्नो खाना बनाउन सक्दैन । यसले सडेगलेका वस्तुहरु जस्तै पराल, गोबर मल आदिको माध्यमबाट पौष्टिक पदार्थ आपूर्ति गर्दछ । च्याउ आफैँमा plant kingdom को myceteae वर्गमा पर्दछ । व्यापक परिभाषाअनुसार च्याउलाई नाङ्गो आंखाले देख्न सकिने र हातैले टिप्न सकिने फल आकारको ढुसी भनिन्छ । अर्थात् mushroom is a macrofungus with a distinctive fruiting body, which can be either epigeousor hypogeous and large enough to be seen with a naked eyes and to be picked by hand . (मानन्धर, २०६५) ।

च्याउ खेतीको इतिहास निकै लामो रहेको पाइन्छ । करिब १४ सय वर्षअघि नै यसको खेती थालनी भएको पाइएको छ । च्याउ खेतीको थालनीमा चीनको सर्वाधिक भूमिका छ । चीनमा काने च्याउको खेतीबाट यसको व्यवसायिकरण थालनी भएको बताइन्छ । त्यसपछि डाङु अर्थात् रातो च्याउको खेती थालनी भयो, जुन ११ सय वर्षअघिको घटना हो । यो पनि चीनबाट नै सुरु भएको हो । फ्रान्सबाट सन् १६ औँ शताब्दीमा गोब्रे च्याउ खेतीको आरम्भ भयो, चीनबाट नै पराले च्याउ खेतीको सुरुवात भएको पाइन्छ, जुन १६ औँ शताब्दीकै उपज हो (पन्त, २०६५) ।

नेपालमा च्याउ खेती व्यवसायिक रुपमा विकास हुदैँ गइरहेको भएतापनि यसको इतिहास त्यति लामो छैन । परम्परागत रुपमा जंगलबाट खोजेर च्याउ खाने गरिएको थियो । व्यवसायिक रुपमा खेती गर्ने चलन भने ४० वर्षयता मात्र भएको पाइन्छ । नेपालमा काठमाडौँ कीर्तिपूरमा सन् १९७३ मा शैलेशचन्द्र सिंहले पराले च्याउको खेती अनुसन्धान सुरु गरेका हुन् । त्यसपछि १९९२ मा राष्ट्रिय हर्बेरियमले गोदावरीमा काठको मुढामा मृगे च्याउ खेतीको अध्ययन गरेको पाइन्छ । यसको श्रेय डा. महेशकुमार अधिकारीलाई जान्छ । त्यस्तै च्याउ खेती प्रविधिको व्यवसायिक स्तरमा अनुसन्धान, विकास र विस्तारमा कृषि विभागको भूमिका पनि जोडिएको छ । वि.सं. २००८ मा कृषि विभागको स्थापना भएपछि वि.सं. २०१५ मा ललितपुरमा बालीरोग विज्ञान महाशाखा स्थापना भयो । वि.सं. २०३०/३१ देखि बालीरोग विज्ञान महाशाखा खुमलटार ललितपुरमा च्याउ खेती सुरुवात भएको पाइन्छ (न्यौपाने, २०६८) ।

च्याउ काठमाडौँको जलवायुमा वर्षमा दुईपटक उत्पादन गर्न सकिने कुरा ऐतिहासिक विवरणबाट प्राप्त हुन्छ । बालीरोग विज्ञान महाशाखाले च्याउ खेती विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरी च्याउको बीउ उत्पादन गरी कृषकहरुलाई विक्रीवितरण गर्ने र तालिम दिने प्रचलन वि.सं. २०३४/३५ देखि हालसम्म पनि जारी राखेको छ । प्रकृतिमा अनेकौँ जातका च्याउहरु छन् । धेरैजसो वनजंगल, खाली जमिन, काठहरुमा पाइन्छन् तर ती विषालु पनि हुन सक्छन् । तसर्थ वर्तमान समयमा स्वास्थ्य अनुकुल च्याउ उत्पादन तथा प्रबर्धनको अभ्यास भइरहेको छ । घरमा तथा फर्म खोलेर च्याउ उत्पादन गर्ने गरिएको छ । विश्वमा ५० जातका च्याउहरु खेती प्रविधिमा समावेश भइसकेका छन् । नेपालमा पनि चार

पाँच थरिको च्याउ फलाउने गरिएको छ । गोब्रे च्याउ, कन्ये च्याउ, मृगे च्याउ र पराले च्याउ नेपालमा मुख्य रुपमा खेती हुदैं आएका च्याउका प्रजाति हुन् (पन्त, २०६५) ।

नेपालमा वि.सं. २०४०/४१ मा कन्ये च्याउ खेतीको अध्ययन सुरु गरिएको हो । उक्त अध्ययनमा बीउ रोपेको एक महिनाभित्रै उत्पादन गर्न सकिने तथ्य बाहिर आयो । फलस्वरुप किसानहरुमाझ तत्कालै यो प्रविधि हस्तान्तरण हुन पुग्यो । गोब्रे च्याउको खेती प्रविधिको तुलनामा कन्ये च्याउको खेती प्रविधि सजिलो र छोटै अवधिमा उत्पादन हुने भएकाले यसको खेती प्रविधि कृषकहरुमाझ छिटो फैलियो । काठमाडौँको बलम्बु, ललितपुरको खुमलटार र भक्तपुरको दधिकोटमा सुरुमा च्याउको व्यवसायिक खेती भएको पाइन्छ (व्यवसायिक किट विकास निर्देशनालय, २०७०) ।

कन्ये च्याउ नेपालमा धेरै खेती हुनसक्ने वर्गको च्याउ हो । यसका धेरै प्रजातिमध्ये नेपालमा चारवटा प्रजातिको खेती बढी हुँदै आएको छ । यीमध्ये Pleurotus Ostreatus नामक प्रजातिको ख्याति बढी छ, यसलाई अंग्रेजीमा Oyster Mushroom भनिन्छ । यसको खेती नेपालको तराईदेखि पहाडी दुवै भेगमा गर्न सकिन्छ । नेपालमा खेती हुँदै आएका अरु प्रजातिहरुमा Plurotus florid र Lentinussajorcaju हुन् । यसको खेती २० देखि ३० डिग्री से. तापक्रम भएको ठाँउमा गर्न उपयुक्त हुन्छ । तर च्याउको बीउ व्यवसायीहरुले मनपरी रुपमा भारतबाट मूल बीउ ल्याएर तयार गर्ने हुँदा प्रजातिमा एकरुपता पाइदैन । यसले मिसावटयुक्त फसल हुने गरेको पाइएको छ । अन्य देशमा बढी खेती हुने प्रजातिहरुमा pleurotus carticatus र pleurotus flabellatus हुन् । यो च्याउको खेती धानको पराल, गहुँ वा जौको छ्वाली, तोरीको पीना, मकैको ढोड, काठको धुलो आदिमा गर्न सकिन्छ (खाद्य प्रविधि पुस्तक, २०७०) ।

भौगोलिक दृष्टिकोणले ८००-१४०० मिटर उचाई भएको ठाउँमा चैत महिनादेखि कार्तिक महिनासम्म र सोभन्दा कम उचाई भएको स्थान जस्तै तराईमा कार्तिकदेखि माघसम्म कन्ये च्याउको खेती सफल हुने गरेको छ । काठमाण्डौ उपत्यकामा यसको खेती फागुनदेखि कार्तिक महिनासम्म गर्न सकिन्छ । हाल जाडोमा पनि राम्रो उत्पादन हुनसक्ने प्रजातिको बीउ पाइने गरेको छ । तापक्रमको उचित व्यवस्थापन गर्नसके वर्षभरि नै यसको खेती गर्न सकिन्छ (पन्त, २०६५) ।

च्याउमा पर्याप्त मात्रामा औषधीय गुण रहेको हुन्छ । हाम्रो शरीरलाई आवश्यक पर्ने १२ वटा एमिनो एसिडहरुमध्ये ९ वटा एमिनो एसिड च्याउमा पाइन्छ । यसका साथै प्रोटिन, कार्बोहाइड्रेट, चिल्लो पदार्थ, खनिज पदार्थ र भिटामिनजस्ता विभिन्न अत्यावश्यक पौष्टिक तत्वहरु पनि च्याउमा पाईन्छ । सबैभन्दा बढी च्याउमा प्रोटिन १९-३५ प्रतिशतसम्म पाईन्छ । च्याउ उपभोग गर्नाले क्यान्सरलगायतका धैरै रोगबाट जोगाउँछ भने क्लोरेष्टोरेलयुक्त रोगहरुबाट पनि बचाउने गर्दछ । प्रति सय ग्राम च्याउमा पाइने पौष्टिक तत्वहरुलाई तालिका १.१ बाट प्रष्ट पार्न सकिन्छ :

**तालिका १.१**

**च्याउमा पाईने पौष्टिक तत्वहरु**

| क.स. | पौष्टिक तत्व | एकाई | परिमाण |
|---|---|---|---|
| १. | इनर्जी | क्यालोरी | २७ |
| २. | कार्बोहाइड्रेट | ग्राम | ४.१ |
| ३. | चिल्लो पदार्थ | ग्राम | ०.१ |
| ४. | प्रोटिन | ग्राम | २.५ |
| ५. | थायमिन | मिलिग्राम | ०.१ |
| ६. | रिबोफ्लाविन | मिलिग्राम | ०.५ |
| ७. | नियासिन | मिलिग्राम | ३.८ |
| ८. | प्यान्टोथेनिक एसिड | मिलिग्राम | ३.८ |
| ९. | क्याल्सियम | मिलिग्राम | १८ |
| १०. | फस्फोरस | मिलिग्राम | १२० |
| ११. | पोटासियम | मिलिग्राम | ४४८ |
| १२. | सोडियम | मिलिग्राम | ६ |
| १३. | जिंक | मिलिग्राम | १.१ |

स्रोत : नेपालमा च्याउ खेती २०६५,(शंकर अधिकारी)

च्याउ खेती उत्पादकको चाहना र स्थानको उपलब्धताअनुसार घरको कोठा, भऱ्याङ्गमुनिका खाली ठाँउ वा प्लाष्टिकका टहरा आदिमा गर्न सकिन्छ । तर व्यवसायिक च्याउ खेतीको

लागि सबैभन्दा उपयुक्त ठाउँचाहिँ प्लाष्टिकका टहरा वा च्याउकै लागि विशेष प्रविधिअनुसार बनाइएका घर हुन्छन् । प्लाष्टिकका टहरा कम खर्चमा तयार गर्न सकिन्छ र यसका लागि आवश्यक सामग्रीहरु स्थानीय स्तरमै पाइन्छन् । यसका लागि बाँस, प्लाष्टिक, डोरी, गहुँको छ्वाली, पराल, खर, चित्रा, टाली आदि चाहिन्छ (पन्त, २०६५) ।

तेह्रौं योजनामा तरकारी खेती, मत्स्यपालन, पशुपालन, डेरी, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरुलाई आकर्षित गर्ने उद्देश्यले युवालक्षित कार्यक्रम सञ्चालन गरिनेछ साथै व्यवसायिक किट विकास कार्यक्रममार्फत मौरीपालन र च्याउ खेती प्रवर्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ भन्ने कुरा उल्लेख गरिएको छ ( राष्ट्रिय योजना आयोग, २०७२) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाल एक ग्रामीण क्षेत्रले भरिपूर्ण कृषिप्रधान देश हो । यँहाका अधिकांश मानिस कृषि कार्यलाई आफ्नो जीवननिर्वाहको प्रमुख आधार मान्दै कृषि व्यवसायका विभिन्न पक्षहरुमा संलग्न रहेको पाइन्छ । बर्तमान समयमा कृषिजन्य उद्योगअन्तर्गत च्याउ खेतीतर्फ किसानहरुको आकर्षण बढेतापनि उनीहरुमा चेतनाको कमी, तालिमको अभाव, माटोको परिक्षण नगरी वा उचित जमिनको व्यवस्था नगरी खेती गर्नेजस्ता समस्याहरु विद्यमान रहेका छन् । खाद्यबाली मात्र लगाउदा विगतमा किसानहरुले मुस्किलले पारिवारिक खर्च टार्न पनि समस्यामा परेकोमा वर्तमान समयमा व्यवसायिक कृषि कार्यमा आकर्षित भएपछि केही मात्रामा आर्थिक अवस्थामा सुधार गरी बालबालिकाको शैक्षिक क्षेत्रमा लगानी गर्न सफल भएका देखिन्छन् । कृषि व्यवसाय नै देश विकासको आधार भएकाले यस क्षेत्रमा उचित किसिमले लगानी गरी त्यसबाट उचित प्रतिफल प्राप्त गर्नु आजको आवश्यकता हो ।

च्याउ खेती किसानहरुको राम्रो आम्दानीको स्रोत भएको नगदेबाली भएतापनि यसको विकास तथा विस्तारको लागि सरकारी तवरबाट ध्यान नदिइएको, वित्तीय संस्थाबाट लगानी नभएको, सिँचाईको अभाव, विभिन्न रोग तथा किराहरु लाग्नु, प्रविधिको अभाव रहनुजस्ता विधमान समस्याहरु हुँदाहुँदै पनि वर्तमान समयमा व्यवसायिक रुपमा च्याउ खेतीप्रति किसानहरुको बढ्दो आकर्षण भएकाले यसका समस्याहरुतर्फ राज्यले तुरुन्त पहल गर्नुपर्ने देखिन्छ (पन्त, २०६५) ।

उत्पादनको हिसाबले नगदेबालीभन्दा खाद्यबाली बढी उत्पादन भए तापनि खाद्यबालीभन्दा नगदेबाली कम लागतमा उत्पादन गर्न र बढी आय प्राप्त गर्न सकिन्छ । यसका साथै बजार मूल्य पनि खाद्यबालीको तुलनामा नगदेबालीको बढी हुन्छ तर नगदेबाली अर्न्तगतको च्याउ खेतीमा देखा परेका विभिन्न रोगहरु तथा उचित तापक्रम र वातावरणको कमीका कारण च्याउ खेतीको उत्पादनमा ह्रास आउन थालेको देखिन्छ ।

नेपालका प्रमुख कृषिजन्य उद्योगअर्न्तगत च्याउ खेतीको स्थान पनि महत्वपूर्ण छ तर कृषिजन्य उद्योगमा गरिने लगानी र त्यसको प्रतिफल विश्लेषण गर्ने कार्य त्यति सरल छैन । किनकी यस्ता कृषिजन्य उद्योगमा कसले कति लगानी गर्ने र त्यसबाट कति लाभ प्राप्त हुन्छ भन्ने कुराको सहज अनुमान गर्न सकिदैन, जसका लागि लागत लाभ विश्लेषण गर्नु एक मुख्य समस्याको रुपमा रहेको छ ।

बर्तमान समयमा च्याउ खेतीलाई व्यवसायिक रुपमा महत्व प्रदान गरी प्राथमिकता प्रदान गरे कृषि क्षेत्रमा रहेको अदृश्य बेरोजगारी घट्न गई कृषिमा संलग्न श्रमिकको उत्पादकत्व वृद्धि हुन्छ । यसका साथै च्याउ खेतीमा आबद्ध किसानहरुको आम्दानीमा वृद्धि भई जीवनस्तरमा सुधार हुन्छ । व्यवसायिक च्याउ खेतीमा संलग्न किसानहरुले संगठनात्मक स्वरुपमा विस्तार गर्ने भएकाले सरकारी राजस्वमा वृद्धि हुन्छ । यसरी च्याउ खेतीलाई व्यवसायिकरण गर्दै उत्पादित च्याउलाई निर्यात गर्न सकेमा निर्यात प्रबर्द्धनमार्फत केही हदसम्म भएपनि व्यापार घाटा कम गर्न सकिन्छ ।

### १.३ अध्ययनको महत्व (Importance of the Study)

नेपाल एक कृषिप्रधान देश हो । यँहाका लगभग ७४ प्रतिशत जनता कृषिलाई आफ्नो पेशाका रुपमा लिने गर्दछन् । औषधीय विशेषतायुक्त ढुसी प्रजातिमा पर्ने च्याउ खेतीलाई पनि वर्तमान समयमा कृषि क्षेत्रको मुख्य आयस्रोतको रुपमा लिने गरिन्छ । यसमा उच्च परिमाणमा प्रोटिन भन्दा सहज पाचनशक्ति भएको र सस्तो हुन्छ । यस्तो विशिष्ट स्वाद, बास्ना, रङ र अन्य विशेष गुणहरु रहेको च्याउ खेतीलाई कृषिजन्य व्यवसायको रुपमा सञ्चालन गर्न सके यसबाट रोजगारी सिर्जना हुने जसको फलस्वरुप मानिसको आम्दानीमा वृद्धि हुन पुग्छ, साथै यसको बढी मात्रामा उत्पादन गरी विदेशी बजारमा निकासीद्वारा विदेशी मुद्रासमेत आर्जन गर्न सकिन्छ । तसर्थ च्याउ खेतीलाई व्यवसायिकरण गरी रोजगारी सिर्जना गर्दै गरिबी न्यूनिकरण गर्ने कार्यमा सम्बद्ध पक्षको ध्यान पुगोस भन्ने हेतुले यो

शीर्षक चयन गरिएको छ । यसका साथै देशको आर्थिक एवम् शैक्षिक क्षेत्रको विकासका लागि कृषिजन्य उद्योगअन्तर्गत च्याउ खेतीलाई अझ सशक्त बनाई बढीभन्दा बढी लाभ उठाउन विश्लेषणात्मक अनुसन्धान गर्न यस अध्ययनको महत्वपूर्ण भूमिका रहेको छ ।

अध्ययन क्षेत्रमा सञ्चालित च्याउ खेतीले स्थानीय बासिन्दाको आयआर्जनमा सकारात्मक परिवर्तन ल्याउने भएकाले यस्ता व्यवसायका कारणबाट त्यहाँ रहेको व्याप्त पछौटेपन, गरिबी, अज्ञानता तथा असमानता आदिलाई कम गर्दै लैजाने ठोस योगदान गरिरहेको सन्दर्भमा यसले निम्न महत्व राख्नेछ :

क) यस अध्ययनले काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिकास्थित भत्केपाटी क्षेत्र लाई थप परिचित गराउन त्यँहा सञ्चालनमा रहेका घरेलु उद्योगहरु र उत्पादनमूलक च्याउ खेतीमा संलग्न जनताको आर्थिक र सामाजिक स्थितीको जानकारी दिनमा महत्वपूर्ण स्थान राख्नेछ ।

ख) यस अध्ययनले कृषिजन्य उद्योगअर्न्तगत च्याउ खेतीसँग सम्बन्धित नीतिनिर्माताहरुलाई महत्वपूर्ण नीतिहरु निर्माण गर्नका लागि सहयोग गर्नेछ ।

ग) यस अध्ययनले च्याउ खेतीको लागत लाभ विश्लेषण गर्ने हुदा त्यस क्षेत्रसँग सम्बन्धित किसानहरुलाई आर्थिक र व्यवसायिक रुपले सम्पूर्ण सूचना प्रदान गर्दछ, जसको कारण कृषकहरुलाई च्याउ खेतीको सम्बन्धमा आवश्यक सूचना प्राप्त हुनुका साथै व्यवसाय सुरु गर्न प्रेरणा दिने र व्यवसाय सञ्चालन गरेकाहरुका लागि आगामी दिनमा फर्म सञ्चालन र व्यवस्थापनको निर्णय लिनको लागि महत्वपूर्ण भूमिका खेल्नेछ ।

घ) च्याउ खेतीबारे प्रत्यक्ष सम्बन्ध राख्ने सम्पूर्ण सरोकारवाला पक्षहरुलाई यस अध्ययनले आधार प्रदान गर्नेछ ।

ङ) अध्ययन क्षेत्रको च्याउ खेतीको लागत लाभ विश्लेषण अध्ययन गरी अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा च्याउ खेतीको व्यवसायिक विकासको बारेमा थप अध्ययन गर्नु अनुसन्धानकर्ताको लक्ष्य रहेको छ । कीर्तिपुर नगरपालिकाका अन्य वडाहरुमा पनि च्याउ खेती व्यवसायिक रुपमा सञ्चालन भए तापनि भत्केपाटी लाई नै छनौट गरिएको छ । यस वडामा व्यवसायिक च्याउ खेतीको

सकारात्मक असर परेको हुँदा व्यवसायीलाई थप हौसलाका साथ उत्पादनमा वृद्धि गरी आयआर्जनमा अभिप्रेरणा दिनु पनि यस अध्ययनको महत्व रहेको छ ।

### १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य कृषिजन्य उद्योगको लागत लाभ विश्लेषण गर्नु हो भने उक्त साधारण उद्देश्य परिपूर्तिका लागि निम्नानुसारका विशिष्ट उद्देश्यहरु रहेका छन् :

क) च्याउ खेतीको लागत पहिचान गर्नु ।

ख) च्याउ खेतीबाट प्राप्त हुने लाभ पहिचान गर्नु ।

ग) च्याउ खेतीको लागत लाभ विश्लेषण गर्नु ।

घ) च्याउ खेतीबाट प्राप्त आयको शैक्षिक लगानीमा हुने अंश अनुमान गर्नु ।

### १.५ अनुसन्धान प्रश्न (Research Questions)

यस अध्ययनमा काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका ७ भत्केपाटीस्थित सामाजिक विकास समूहद्वारा सञ्चालित च्याउ खेतीको लागत लाभको अवस्था कस्तो छ भनी अध्ययन गर्न निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

क) के च्याउ खेतीमा गरिएको लागतको अवस्था न्यून छ ?

ख) के च्याउ खेतीको प्रतिफल उच्च छ ?

ग) च्याउ खेतीबाट प्राप्त लागत लाभको अवस्था कस्तो छ ?

घ) च्याउ खेतीले उद्यमी तथा श्रमिकका बालबालिकाको शैक्षिक लगानीमा कस्तो सहयोग पुर्‍याएको छ ?

ङ) च्याउ खेतीमा के कस्ता समस्याहरु विद्यमान रहेका छन् ?

च) के च्याउ खेतीबाट प्राप्त लाभद्वारा शिक्षामा गरिने लगानी उच्च छ ?

## १.६ अध्ययनको परिसीमाहरु (Delimitation of the Study)

अध्ययन अनुसन्धान कार्य आफैँमा एक जटिल, कठिन एवम् चुनौतीपूर्ण कार्य भएकाले यसका लागि जिज्ञासा, स्रोत र साधनको पर्याप्तता तथा श्रम र समयको लगनशीलताको आवश्यकता पर्दछ । त्यसैले अनुसन्धान कार्यमा वस्तुगत तथा तथ्यगत अनुसन्धानका लागि अध्ययनको सम्पूर्ण क्षेत्र वा जनसंख्यालाई आधार मानेर अध्ययन गर्न स्रोत, साधन तथा श्रम र समयको सीमितताका कारण यस अध्ययनका लागि विशिष्ट क्षेत्रको रुपमा कीर्तिपुर नगरपालिकाको भत्केपाटी ७ लाई छनोट गरिए तापनि यस क्षेत्रका सम्पूर्ण च्याउ खेती गरिएका फर्मको अध्ययन गर्नु श्रम, समय, स्रोत र आर्थिक दृष्टिले सम्भव नभएकाले अनुसन्धान कार्यलाई निश्चित सीमाभित्र बाधिँएको छ । समग्रमा यस अध्ययनलाई निम्नानुसार सीमाबद्ध गरिएको छ :

क) यो अध्ययन काठमाँडौ जिल्ला कीर्तिपुर नगरपालिका ७ भत्केपाटी(गम्चा) मा रहेको सामाजिक विकास कृषक समूहको च्याउ फर्ममा सीमित रहेको छ ।

ख) यस अध्ययनलाई काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ भत्केपाटीमा रहेको सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको लागत लाभको तुलनात्मक विश्लेषणमा मात्र सीमित गरिएको छ ।

ग) यस अध्ययनमा च्याउ खेती वा फर्म भनी सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मलाई मात्र लिइएको छ ।

घ) यस अध्ययनमा प्राथमिक र द्धितीय स्रोतबाट प्राप्त जानकारी मात्र समेटिएको छ ।

ङ) यस अध्ययनमा च्याउ खेतीका विभिन्न प्रकारहरुमध्ये कन्ये च्याउको मात्र अनुसन्धान गरिएको छ ।

च) यस अध्ययनमा वि.सं.२०७२ सालको तथ्याङ्कलाई समावेश गरी सोही आधारमा लागत लाभ विश्लेषण गरिएको छ ।

छ) यस अध्ययनमा च्याउ खेतीसँग सम्बन्धित व्यक्तिहरुबाट प्राप्त जानकारी मात्र समावेश गरिएको छ ।

ज) यस अध्ययनको नमूना आकार सानो भएकाले अध्ययनबाट प्राप्त निष्कर्षलाई सम्पूर्ण देशको सन्दर्भमा सामान्यीकरण गर्न सकिने छैन ।

झ) प्रस्तुत अध्ययनमा तथ्याङ्क संकलनका विविध साधनहरुमध्ये प्रश्नावली, अवलोकन र अर्न्तवार्ताजस्ता साधनहरुको प्रयोग गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Definition of Main Key Terms)

शब्दले समय, परिस्थिती, घटना तथा अवस्थाअनुसार फरक फरक अर्थ दिने गर्दछ । तसर्थ अध्ययनको विषयसँग सम्बन्धित कतिपय शब्दावलीको गलत अर्थ र व्याख्या नहोस् भनी मुख्य मुख्य शब्दहरुलाई अर्थसहित निम्नानुसार प्रस्तुत गरिएको छ :

**च्याउ -** ढुसी वर्गमा पर्ने पौष्टिकताले भरिपूर्ण वनस्पति

**जीविकोपार्जनमुखी -** जीवन निर्वाह गर्नका लागि आवश्यक पर्ने

**प्रतिस्थापन -** एउटा वस्तुको सट्टामा अर्को वस्तु प्रयोग गर्नु

**उद्योग -** दुई वा दुईभन्दा बढी फर्महरुको समूह

**कृषि -** खेतीपाती गर्ने कार्य

**नगदेबाली -** तत्काल विक्री गरी नगद प्राप्त गर्न सकिने बाली

**लागत -** कुनै पनि वस्तु उत्पादन गर्दा लाग्ने सम्पूर्ण खर्च

**लाभ -** उत्पादन कार्यमा लाग्ने सर्म्पूण खर्च कटाएर बाँकी रहेको आयको हिस्सा

**स्थिर लागत -** उत्पादनका स्थिर साधनहरु माथि गरिने खर्च ।

**परिवर्तनशील लागत -** उत्पादनका परिवर्तनशील साधनहरु माति गरिने खर्च ।

**कुल लागत -** कुल स्थिर लागत र कुल परिवर्तनशील लागतको योगफल ।

**पूँजीको सीमान्त क्षमता -** थप अतिरिक्त पूँजी प्रयोग गर्दा त्यसको सम्पूर्ण लागत कट्टा गरेपछि बाँकी रहन आउने लाभ

**पूर्ति मूल्य -** कुनै पनि वस्तु वा साधन खरिद तथा उत्पादन गर्दा लाग्ने मूल्य

**अल्पकाल -** छोटो समयावधिमा उत्पादनका सम्पूर्ण साधनहरुलाई परिवर्तन गर्न नसक्नु

**दीर्घकाल -** उत्पादनका सम्पूर्ण साधन परिवर्तन गर्न सकिने अवस्था ।

### १.८ अध्ययनको संगठन (Organization of the study)

यस अध्ययनलाई ५ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्नहरु, अध्ययनको परिसीमा, मुख्य शब्दावलीको परिचय र संगठन राखिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा रहेको छ, जसमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, पुनरावलोकन गरिएको साहित्यको प्रयोग, अनुसन्धान अन्तर, अवधारणात्मक ढाँचा र कार्यात्मक ढाँचालाई प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय तीनमा विधि र प्रक्रियाहरु उल्लेख गरिएको छ, जसमा अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत (प्राथमिक र द्वितीय), जनसंख्या, नमुनाको आकार, नमुना छनोट रणनीति, अध्ययन क्षेत्रको परिचय, तथ्याङ्क संकलनको साधन (प्रश्नावली, अवलोकन सूची, छलफल निर्देशिका), तथ्याङ्क संकलनको प्रविधि, तथ्याङ्कको विश्लेषण र नीतिगत प्रावधानहरुलाई प्रस्तुत गरिएको छ । अध्याय चारमा तथ्याङ्कको प्रस्तुतिकरण, विश्लेषण तथा सारांशलाई प्रस्तुत गरिएको छ भने अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरुलाई समावेश गरिएको छ । अन्त्यमा अनुसूची तथा सन्दर्भसूचीहरुलाई प्रस्तुत गरिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORITICAL FRAMEWORK)

यस अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा शीर्षकअन्र्तगत सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता, अनुसन्धान अन्तर, अवधारणात्मक ढाँचा र कार्यात्मक ढाँचा जस्ता उपशीर्षकहरुलाई क्रमिक रुपमा प्रस्तुत गरिएको छ । यसका साथै अध्ययनमा तरकारी खेती, च्याउ खेतीको इतिहास लगायत च्याउ खेतीसंग सम्वन्धित विभिन्न पुस्तक, जर्नल, लेखरचना, पत्रपत्रिका लगायत अन्य प्रकाशित अप्रकाशित अभिलेखहरुको पुनरावलोकन गरी विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ :

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of  the Theoritical Literature)

यस अनुसन्धानलाई पुर्णता प्रदान गर्नको लागि अध्ययनसँग सम्बन्धित निम्नानुसारका सैद्धान्तिक साहित्यको पुनरावलोकन गरिएको छ ।

शर्मा (२०७०) का अनुसार समाजमा वस्ने मानिसहरुका आवश्यकता असीमित हुन्छन् भने ती आवश्यकतालाई पुरा गर्ने स्रोत साधनहरु सीमित हुन्छन । यस्तो अवस्थामा प्राथमिकताको क्रममा आवश्यकताहरुलाई क्रमबद्ध गर्नुपर्ने बाध्यता आउँछ । योजनाकारहरुले योजना बनाउँदा विभिन्न क्षेत्रमा निश्चित रकम खर्च गर्न सकिने निर्णय गरिसकेपछि उक्त परियोजनाहरुमध्ये समाजका लागि कुनचाहिँ बढी लाभदायी हुन् भन्ने कुरा जान्नु एकदमै महत्वपूर्ण हुन जान्छ । यस्तो काममा सहयोग गर्ने कार्य परियोजना मुल्यांकनले गर्दछ, जसको एउटा बहुचर्चित तरिका लागत लाभ विश्लेषण हो ।

पन्त (२०६५) का अनुसार नेपालमा काठमाडौं कीर्तिपुरमा सन् १९७३ मा शैलेशचन्द्र सिंहले पराले च्याउको खेती अनुसन्धान शुरु गरेका हुन । त्यसपछि १९९२ मा राष्ट्रिय हर्बेरियमले गोदावरीमा काठको मुढामा मृगे च्याउ खेतीको अध्ययन गरेको पाइन्छ । यसको श्रेय डा. महेशकुमार अधिकारीलाई जान्छ । त्यस्तै च्याउ खेती प्रविधिको व्यवसायिक स्तरमा अनुसन्धान, विकास र विस्तारमा कृषि विभागको स्थापना भएपछि वि.स. २०१५ मा

ललितपुरमा बालीरोग विज्ञान महाशाखाको स्थापना भयो । वि.स. २०३०/२०३१ देखि बाली रोग विज्ञान महाशाखा खुमलटार ललितपुरमा च्याउ खेती सुरु भएको हो ।

मानन्धर (२०६५) का अनुसार विश्व वजारमा च्याउ को खपत राम्रो छ । विश्वमा च्याउको वार्षिक वजार एकसय विलियन डलर भन्दा वढी छ । वर्षेनि बजार बढ्दो छ । च्याउको बजार तिनखाले छन् ताजा एवं तरकारीको रुपमा उत्पादित च्याउ करिब ८० विलियन, औषधीय च्याउ १५ विलियन र जंगली वा प्राकृतिक संकलन ५ विलियन डलरको हाराहारीमा कारोबार हुने गरेको छ । हाल विश्वमा चीन, भारत, पोल्यान्ड, हंगेरी, भियतनाम लगायतका मुलुकहरुले च्याउको विश्व बजार पिटिरहेको छ । अरु देशहरु पनि च्याउ बजारमा प्रवेश गरिरहेका छन् ।

दाहाल र पौडेल (२०६७) का अनुसार कुनै व्यवसाय सञ्चालन गरेबापत व्यवसायीले गरेको खर्च वा लागत कटाई प्राप्त हुने प्रतिफललाई नाफा भनिन्छ । यसरी उत्पादन कार्यबाट प्राप्त हुने कुल आयमध्ये त्यसको उत्पादनमा प्रयोग भएका उत्पादनका उत्पादनका साधनहरु भूमि, श्रम तथा पूँजीलाई क्रमशः लगान, ज्याला र व्याज दिई बाँकी रहेको रकम नै नाफा हो । अर्को शब्दमा, उत्पादन कार्यमा गरेको कुल लगानी र उत्पादनबाट प्राप्त हुने कुल आयबीचको अन्तर लाई नै नाफा भनिन्छ । उत्पादन कार्यमा प्रयोग हुने भूमि, श्रम र पूँजी पूर्वनिर्धारित हुन्छ । अर्थात् कति भूमिको प्रयोग गर्ने, श्रम कति लगाउने र कति पूँजीको मात्रा प्रयोग गरी वस्तु उत्पादन गर्ने भन्ने कुरा पूर्व निर्धारित हुन्छ । त्यसकारण उत्पादनका ती साधनहरु कहिल्यै पनि ऋणात्मक हुँदैन । तर व्यवसाय सञ्चालन गर्दै नाफा हुन्छ नै भन्न सकिँदैन । विभिन्न कारणहरुले नोक्सान हुन पनि सक्दछ । उत्पादन कार्यमा कुल उत्पादन लागत भुक्तान गरेपछि बाँकी रहेको रकमलाई कुल नाफा भनिन्छ । अर्थात् कुल उत्पादन आयबाट कुल खर्च कटाउँदा जुन आय बाँकी रहन्छ त्यसलाई कुल नाफा भनिन्छ । यसरी कुल नाफा उत्पादित वस्तुको मूल्यबाट भूमिपतिलाई लगान, श्रमलाई ज्याला, पूँजीलाई व्याज, प्रबन्धकलाई तलब घटाइसकेपछि बाँकी हुन आएको रकम हो । कुल नाफाभित्र उद्यमीको लगान, ज्याला तथा व्याजको रकम, ह्रासकट्टी तथा सम्भार खर्च, एकाधिकारको नाफा, बिमा, आकस्मिक नाफालाई समावेश गरिन्छ । कुनै पनि उद्यमीले उत्पादन कार्यमा जोखिम उठाएवापत पाउने पुरस्कारलाई शुद्ध नाफा भनिन्छ । उद्यमीले प्राप्त गर्ने कुल नाफाबाट साहसीको निजी उत्पादनका साधनहरुको प्रतिफल, ह्रासकट्टी तथा

सम्भार खर्च, एकाधिकारको नाफा, बिमा खर्च, आकस्मिक लाभ घटाइदियो भने शुद्ध नाफा प्राप्त हुन्छ । अतः उत्पादन कार्यमा हुने जोखिम उठाएवापत उद्यमीलाई प्राप्त हुने पुरस्कार नै शुद्ध नाफा हो ।

शर्मा र बी.सी.(२०६८) का अनुसार नेपालमा धेरै हुनसक्ने वर्गको च्याउमा कन्ये च्याउको स्थान महत्वपूर्ण छ । यसको उत्पादनका लागि ठूलो फलामको ड्रम, प्लाष्टिक बाटा, भुसा काट्ने कैंची, प्लाष्टिक सिट, प्लाष्टिक ब्याग, पराल, च्याउको बीउ, धागो, चुना, गमबुट, मास्क, पन्जा, औषधी छिट्ने स्प्रेयर, जालीदार बोरा आदि सामग्रीहरुको आवश्यकता पर्दछ । यी सामग्रीहरु जुटेपछि कन्ये च्याउको खेती गर्न सहज हुन्छ । यसको लागि सफा र राम्रो कुन्यु लगाएको पराल हुनुपर्दछ । यो च्याउको खेती धानको परालमा गर्ने भए पराल सफा, राम्रो सुकेको र ढुसी नआएको हुनुपर्दछ । उपलब्ध भएमा चाम्रो चामल हुने जातका धान जस्तैः ताइचुङ, अनदीको पराल यसको खेतीको लागि उपयुक्त हुन्छ । आफुलाई चाहिने जति राम्रो पराल टुक्रा पार्नको लागि भुसा काट्ने कैंची वा मोटरयुक्त कैंची प्रयोग गर्न सकिन्छ तर परालमा हरियोपना भएको खण्डमा च्याउको असली ढुसी विस्तार हुन गाह्रो पर्दछ । त्यसैले सफा र ताजा पराल प्रयोग गर्नुपर्दछ । यसरी टुक्रा पारिएको पराल फेरि केलाउने र प्याज वा आलुको जालीदार बोरामा हल्कासँग खाँद्नुपर्दछ । २५ केजीको बोरामा ५-७ केजी जति मात्र पराल राख्नुपर्दछ । यसरी टुक्रा पारिएको परालालाई कम्तीमा ६ घण्टासम्म सफा पानीमा चुना र ब्लिचिङ पाउडर घोलेर भिजाउनुपर्दछ । डुबाउनको लागि सिमेन्टेट पक्की नाबर सबभन्दा राम्रो हुन्छ । साँझ भिजाउने र विहान झिक्ने गरे झन राम्रो हुन्छ । यसरी डुबाउँदा परालमा भएको किटाणु नष्ट हुन्छन् ।

अर्थमन्त्रालय (२०७१) अनुसार नेपालको कृषि प्रणालीमा खाद्यान्न बालीपछि नगदेबालीको महत्वपूर्ण स्थान छ । नगदेबाली मूलतः नगद आर्जन तथा औद्योगिक कच्चापदार्थको आधारका रुपमा रहेका छन् । खाद्यान्न बाली झैँ नगदेबाली पनि देशका विभिन्न भौगोलिक क्षेत्रमा लगाइने गरिन्छ । यस्ता बालीमा तेल, आलु, च्याउ, उखु, सुर्ती, कटन, चिया, कफी आदि प्रमुख रुपमा रहेका छन् । नेपालमा हुने खेती मूलतः मनसुनमा आधारित छ । भारतको खाडीबाट उठ्ने मनसुनबाट नेपाली खेती प्रभावित छ, जसको कारण नेपालमा वर्षा हुन्छ । हिउँदको याममा पर्याप्त वर्षा हुन नसकी सबैजसो खेतीयोग्य जमिनमा हिउँदे बालीको खेती गर्न सकिन्न । नेपालको हावापानी, भु-बनावटको संरचनाअनुसार च्याउ खेती

तराई तथा उपत्यकामा हुने गर्दछ, जसको लागि निश्चित प्रकारको तापक्रम, हावापानी र भू-बनावटको आवश्यकता पर्दछ ।

न्यौपाने (२०६८) का अनुसार च्याउ प्रोटिनयुक्त पोषिलो खानेकुरा हो, साथै औषधीय महत्वको वस्तु पनि हो । यसको उत्पादन आहार र आय आर्जन दुवै उद्देश्यले हुने गर्दछ । खासगरी विकासोन्मुख मुलुकहरुको लागि यसको दुवै महत्व छ । अहिले विश्वमा पराल, मल जस्ता सुख्खा सामग्रीहरुमा गरिने Agaricus प्रजातिको च्याउको वर्चस्व छ । यी च्याउ ६० देखि ८० प्रतिशतको हाराहारीमा खेती हुन्छन । बाँकी अन्य प्रजातिको खेती हुन्छन । अहिले विश्वमा कुल च्याउ उत्पादन मध्ये एसियाली मुलुकमा करिव ६० प्रतिशत, युरोपमा २० प्रतिशत, अफ्रिकामा १५ प्रतिशत जति खेती हुन्छ । वेलायत र पश्चिमा मुलुकहरुमा Agaricus bisporus प्रजातिको च्याउ वढी उत्पादन हुन्छ । अमेरीकामा वढी Lentinula edodes र pleurotus प्रजातिको खेती हुन्छ । स्पेनमा पनि Agaricus Bisporus प्रजातिको च्याउ वढी लोकप्रिय छ । एसियाली मुलुकहरु चीन, भारत, नेपाल, कोरिया, जापान तिर aeicus bisporus च्याउको वर्चस्व छ ।

भट्ट, दाहाल र अधिकारी (२०६९) का अनुसार लागत लाभ विश्लेषण परियोजना लेखाजोखा तथा परियोजनाको वान्छनियता विश्लेषण गर्नका लागि प्रयोग हुने एउटा महत्वपूर्ण साधन हो । परियोजनामा लगानी गर्नु पूर्व यसको लागत लाभ विश्लेषण गरिने भएकाले यो एउटा ex–anate निर्णय प्रक्रिया हो । लागत लाभ विश्लेषण योजनाको एउटा त्यस्तो साधन हो, जसले परियोजनावाट प्राप्त लाभ र परियोजना सञ्चालन गर्न लाग्ने लागतका आधारमा परियोजनाको सामाजिक वाञ्छनियतासम्बन्धी विवेकपूर्ण निर्णय गर्दछ । लागत लाभ विश्लेषणको प्रयोग सवैभन्दा पहिला संयुक्त राज्य अमेरिकामा सन् १९३० को दशकबाट सुरु भएको हो । अमेरिकामा यसको प्रथम प्रयोग जलसंम्पदाबाट प्राप्त हुने खुद फाइदाको विश्लेषण गर्न गरिएको थियो । आजकल सामाजिक लागत लाभ विश्लेषण कुनैपनि परियोजनाको मूल्यांकन गर्नका लागि सर्वव्यापी रुपमा प्रयोग हुँदै आइरहेको छ । लागत लाभ विश्लेषण आर्थिक विश्लेषणको एउटा आधारभूत औजार हो, जसका आधारमा कुनै पनि परियोजनाबाट प्राप्त हुने फाइदा र यसमा लाग्ने लागतलाई तुलना गरेर उक्त परियोजनाको वाञ्छनियतासम्वन्धी निर्णय लिने काम गरिन्छ । आर्थिक योजनाको दृष्टिकोणबाट हेर्ने हो भने सामाजिक लागत लाभ विश्लेषण बढी उपयोगी हुन्छ, किनकी

यसमा निजी लाभ र लागत लाई मात्र ध्यानमा नराखेर सम्पूर्ण सामाजले प्राप्त गर्ने मौद्रिक र अमौद्रिक दुवै लाभ र सामाजिक लागतलाई समेत विश्लेषणमा उपयोग गरिन्छ । यो प्रक्रियाले विभिन्न परियोजना मध्ये कुन परियोजना सामाजिक लाभको हिसावले वढी उपयोगी छ भनेर वस्तुगत र वैज्ञानिक आधारमा निर्णय गर्न सहयोग गर्दछ । तसर्थ यसको प्रमुख उद्देश्य योजनाकारहरुलाई स्रोत साधनको उचित उपयोग गर्नको लागि वा सामाजिक लाभ लाई अधिकतम वनाउनका लागि लगानीका सम्बन्धमा उचित निर्णय गर्न सहयोग गर्नु हो ।

शिवाकोटी र पौडेल (२०६७) का अनुसार लागतलाई विभिन्न अवधारणाका आधारमा प्रस्तुत गर्न सकिन्छ । कुनै पनि वस्तु उत्पादन गर्दा जे जति मात्रामा खर्च लाग्दछ, त्यसलाई नै लागत भनिन्छ । लागतका सम्बन्धमा मुख्य रुपमा दुई सिन्द्धान्तको विकास भएको पाइन्छ । ती हुन : लागतको परम्परागत सिद्धान्त र आधुनिक सिद्धान्त । परम्परागत लागत सिद्धान्तले लागतलाई अल्पकालिन लागत र दीर्घकालिन लागत गरी दुई भागमा बाँडेको छ । अल्पकाल भनेको छोटो समय अवधि हो । यसमा उत्पादनका सबै साधनलाई परिवर्तन गर्न सकिँदैन । त्यसैले केही साधन स्थिर हुन्छन्, तर दीर्घकाल भनेको लामो समयावधि हो, यसमा उत्पादनका सबै साधनलाई परिवर्तन गर्न सकिन्छ । परम्परागत सिद्धान्तअनुसार लागतलाई अल्पकाल र दीर्घकाल गरी दुई भागमा विभाजन गर्न सकिन्छ :

अल्पकालमा सबै साधनलाई परिवर्तन गर्न नसकिने हुँदा केही साधनहरु परिवर्तनशील र केही साधन स्थिर हुन्छन् । छोटो समय हुने हुँदा आफूसँग भएका संयन्त्रलाई कसरी बढी क्षमतावान बनाई प्रयोग गर्ने भन्ने हुन्छ । छोटो अवधिमा कलकारखाना वा उद्योग, भवन, भूमिलाई विस्तार गर्न सकिँदैन । श्रमिकलाई नयाँ नयाँ तालिम दिएर दक्ष बनाउन सकिँदैन । त्यसैले मेशिन, उद्योगको अस्थायी कर्मचारीको ज्याला खर्च, मेशिन मर्मत सम्भार खर्च आदि परिवर्तनशील लागत हुन । अल्पकालका लागतलाई तीन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

**क) कुल लागत (Total Cost- TC)**

कुनै पनि वस्तुको उत्पादन गर्दा लाग्ने सम्पूर्ण खर्चलाई कुल लागत भनिन्छ । अर्थात अल्पकालमा स्थिर साधनहरुमाथि गरिएको खर्च वा लागत र परिवर्तनशील साधनमाथि गरिएको खर्च वा लागतको योगफल नै कुल लागत हो ।

संक्षेपमा,

Total Cost = TFC+TVC

Where,

TC = Total Cost

TFC = Total Fix Cost

TVC = Total Variable Cost

**ख) कुल स्थिर लागत (Total Fixed Cost - TFC)**

वस्तु उत्पादन कार्यमा यदि वस्तुको उत्पादन परिमाणसँगै लागतमा कुनै परिवर्तन हुँदैन भने त्यसलाई कुल स्थिर लागत भनिन्छ अर्थात अल्पकालमा स्थिर साधनहरु (भवन, जग्गा, स्थायी कर्मचारी) माथि गरिने खर्च नै कुल स्थिर लागत हो । यो निश्चित हुन्छ किनकी उत्पादन कार्य प्रारम्भ हुनुभन्दा अगाडिदेखि नै यो लागत लाग्ने गर्दछ । उत्पादनको प्रति एकाई परिमाणमा वृद्धि भएपनि स्थिर लागतमा त्यसले कुनै असर गर्दैन ।

त्यसैले TFC = k हुन्छ,

जहाँ k अचल छ । कुल स्थिर लागतभित्र जग्गा, भवन निर्माणमा गरिएको खर्च, मेशिन खरिद खर्च, स्थायी कर्मचारीको तलब र अन्य प्रशासनिक खर्चहरु पर्दछन् । तसर्थ कुल स्थिर लागत रेखा X अक्षसँग समानान्तर भएर जान्छ ।

**ग) कुल परिवर्तनशील लागत (Total Variable Cost - TVC)**

अल्पकालमा विभिन्न परिवर्तनशील साधनहरुमा गरिने सम्पूर्ण खर्च नै कुल परिवर्तनशील लागत हो । उत्पादन शुन्य हुँदा यो लागत लाग्दैन । जति उत्पादन बढाउँदै लग्यो त्यति नै यो लागत पनि बढ्दै जान्छ । पुन : जब उत्पादनमा घट्दो दरमा वृद्धि हुन्छ र अन्त्यमा परिवर्तनशील लागत तिव्र गतिमा बढ्दै जान्छ । त्यसैले यो झण्डै उल्टो अंग्रेजी S अक्षर जस्तै देखिन्छ । यसमा ज्याला, कर, बिमा शुल्क र कच्चापदार्थ खरिद खर्च आदि पर्दछन् ।

दीर्घकाल भनेको लामो समयअवधि हो । लामो समयअवधिमा उत्पादनका सम्पूर्ण साधनलाई परिवर्तन गरी उत्पादन कार्यमा लगाईने खर्चलाई दीर्घकालीन लागत भनिन्छ । दीर्घकालमा कुनै पनि लागत स्थिर हुँदैनन् किनकी अल्पकालिन उत्पादनका स्थिर साधनलाई पनि दीर्घकालमा परिवर्तन गर्न सकिन्छ । अर्थात् मेशिनहरु पनि थप गर्दै लैजान सकिन्छ । भवन

निर्माण वा तला बढाउँदै जान सकिन्छ, भूमि पनि अरु थप किन्न सकिन्छ । अल्पकालिन लागत र दीर्घकालीन लागचबिचको अन्तर स्थिर हुन्छ । दीर्घकालमा उत्पादकले आफ्नो उत्पादन वृद्धि गर्न योजना बनाउन सक्छ । अर्थात् निश्चित समयका लागि योजना बनाएर उत्पादन बढाउन सक्छ । त्यसैले अल्पकालमा उत्पादन गर्दा लाग्ने न्यूनतम लागत देखाउने अल्पकालिन लागतहरुको विन्दुपथ नै दीर्घकालीन लागत हो ।

**क) दीर्घकालीन औसत लागत (Long Run Average Cost Curve - LAC)**

दीर्घकालिन औसत वक्रको निर्माण अल्पकालिन लागत वक्रको आधारमा गर्न सकिन्छ । अल्पकालमा एउटा मात्र संयन्त्र हुन्छ तर दीर्घकालमा धेरै किसीमका संयन्त्रहरु हुन सक्छन् । प्रत्येक संयन्त्रको उत्पादन क्षमता फरकफरक हुन सक्छ । दीर्घकालीन उत्पादनमा प्रत्येक संयन्त्रको न्यूनतम लागतमा रहेर उत्पादन कार्यलाई निरन्तरता दिई संयन्त्र जडान गर्दै जान सकिन्छ । अत : दीर्घकालीन लागत वक्र भनेको अल्पकालिन लागत वक्रको जोड हो । अर्थात् दीर्घकालीन कुल लागतलाई उत्पादनको कुल परिमाणले भाग गरेपछि दीर्घकालिन औसत लागत पत्ता लाग्दछ ।

$$LAC = \frac{LTC}{Q}$$

**ख) दीर्घकालीन सीमान्त लागत (Long Run Marginal Cost)**

थप एक एकाई उत्पादन बढाउँदा कुल उत्पादनमा अतिरिक्त उत्पादन लागत देखापर्दछ, जसलाई सीमान्त लागत भनिन्छ । अर्को शब्दमा एक एकाई थप उत्पादन बढाउँदा दीर्घकालीन कुल लागतमा हुने परिवर्तन नै दीर्घकालीन सीमान्त लागत हो ।

$$LMC = \frac{\Delta LTC}{\Delta Q}$$

Where,

LMC = Long run Marginal Cost

$\Delta LTC$ = Change in Long run Total Cost

$\Delta Q$ = Change in Unit of Production

लागतको आधुनिक सिद्धान्तमा पनि अर्थशास्त्रीले परम्परावादीले झै लागतलाई अल्पकाल र दीर्घकाल गरी दुई भागमा बाँडेका छन ।

अल्पकाल भनेको वस्तु उत्पादनका लागि छोटो समय अवधि हो । अल्पकालिन लागतलाई औसत स्थिर लागत र औसत परिवर्तशील लागत गरी दुई भागमा विभाजन गरी अध्ययन गरिन्छ :

**क) औसत स्थिर लागत (Average Fixed Cost)**

उत्पादनका अप्रत्यक्ष साधनहरु वा कर्मचारी संगठनहरुमा प्रयोग गरिने सम्पुर्ण साधनलाई औसत स्थिर लागत भनिन्छ । यसअन्र्तगत भवनहरु मर्मत सम्भार गर्नका लागि लाग्ने खर्च, प्रशासनिक कर्मचारीको तलब भत्ता, ह्रासकट्टी खर्च, संयन्त्र वा मेशिन जडान गर्ने, जमिन वा भूमिमा लाग्ने सम्पूर्ण खर्चहरु पर्दछन ।

**ख) औसत परिवर्तनशील लागत (Average Variable Cost )**

औसत परिवर्तनशील लागतभित्र पनि परम्परावादी सिद्धान्तमा झैँ उत्पादनसँगै परिवर्तन हुने प्रत्यक्ष साधनका खर्चहरु पर्दछन, जसलाई उत्पादन बढाँउदा बढाउन र उत्पादन घटाउँदा घटाउन सकिन्छ । कच्चा पदार्थमा हुने खर्च, प्रत्यक्ष श्रमका लागि हुने खर्च र संयन्त्र संचालन गर्ने खर्च औसत परिवर्तनशील लागतका उदाहरणहरु हुन् ।

**ग) औसत कुल लागत (Average Total Cost)**

औसत कुल लागतको सन्दर्भमा परम्परावादी लागत सिद्धान्त र आधुनिक लागत सिद्धान्तबीच खासै फरक छैन । औसत कुल लागत भनेको अल्पकालको औसत परिवर्तनशील लागत र अल्पकाल कै औसत स्थिर लागतको योगफल हो ।

ATC = SAVC + SAFC

औसत स्थिर लागत परम्परावादी लागत सिद्धान्तमा जस्तो छ, त्यस्तै किसिमको आधुनिक लागत सिद्धान्तमा पनि हुन्छ तर अल्पकालिन औसत कुल लागत शुरुमा घट्दै क्रमश : औसत परिवर्तनशील लागतको संचय क्षमताको अन्तिम विन्दुसम्म पनि कायम रहन्छ ।

व्यवसायिक कीट विकास निर्देशनालय (२०७०) का अनुसार कन्ये च्याउ सामान्य खाद्य पदार्थ मात्र होइन, यसले औषधीय गुण बोकेको छ। यसको सेवनले निम्न फाईदा हुन्छ :

क) कन्ये च्याउले प्लेटलेट्स जम्ने कार्यलाई रोक्दछ । यसले गर्दा रक्तसञ्चारमा सहयोग पुग्दछ । यसको सेवनले हृदयघात, पक्षघातजस्ता समस्याहरुबाट जोगाउँछ।

ख) यसले कोषलाई बुढो हुनबाट बचाउन एन्टि अक्सिडेन्टको काम गर्दछ। कोषलाई चाडौँ वृद्धि हुनबाट बचाउनुका साथै क्यान्सर तथा विभिन्न रोगबाट बचाउन फ्री र्‍याडिकललाई घटाउँछ, कलेजोमा हुने अक्सिडेसन प्रक्रिया रोक्ने इन्जाइमको कार्यक्षमता बढाउँछ।

ग) क्यान्सर वा सार्कोमा जस्ता रोगलाई नियन्त्रण गर्न सक्छ । यसले ट्युमर निरोधकको भूमिका पनि निर्वाह गर्दछ। कन्ये च्याउबाट निकालिएका लेक्टिनको साथै यस च्याउमा पाइने प्रोटिनमा यस प्रकारका गिर्खा(ट्युमर) निरोधक क्षमता रहेको बताइन्छ।

घ) त्यस्तै एच. आई.भी. एड्स फैलन नदिन, यसमा पाइने लेक्टिनले खानाको रुचि घटाई शरीरको तौल घटाउने औषधीको रुपमा पनि यो उपयोगी छ।

ङ) मुसा र खरायोमा गरिएको परिक्षणबाट रक्तप्लाज्मा, सेरमको साथै कोलेस्टोरेलको मात्रा घटाउने तथा कोलेस्टोरेल जम्मा हुने कार्यसमेत कम गरेको नतिजा प्राप्त भएको छ।

पौडेल र नेपाल (२०७१) का अनुसार कुनै पनि उद्योग वा फर्मले आफूले उत्पादन गरेका वस्तुलाई विभिन्न मूल्यमा बजारमा बिक्री वितरण गरी प्राप्त गरेको रकमलाई आम्दानी भनिन्छ। अर्थात कुनै पनि फर्मले आफ्नो उत्पादनलाई बिक्री गरेपछि प्राप्त हुने रकम नै आम्दानी हो। उपभोक्ताले कुनै पनि वस्तु आफ्नो लागि खरिद गर्दा लागेको खर्च नै उत्पादक वा फर्मको आम्दानी हो। त्यसैले उत्पादकको आम्दानी वक्र भन्नु नै उपभोक्ताको माग वक्र हुन्छ । आम्दानीलाई पनि विभिन्न प्रकारमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । चलनचल्तिको बजार मूल्यमा कुनै पनि फर्मले उत्पादन गरेका सम्पूर्ण वस्तुहरुलाई विक्री गरिसकेपछि प्राप्त हुने आम्दानी नै कुल आम्दानी हो । अर्थात् बजारमा विक्री गरेको कुल

परिमाणलाई वस्तुको बजार मूल्यले गुणन गर्दा प्राप्त हुने आम्दानीलाई नै कुल आम्दानी भनिन्छ । कुल आम्दानीलाई बजारमा विक्री गरिएको वस्तुको परिमाणले भाग गर्दा प्राप्त हुने आम्दानी वा वस्तुको प्रति एकाइ मूल्य नै औसत आम्दानी हो । उत्पादनको थप अतिरिक्त एकाई विक्री गर्दा प्राप्त हुने आम्दानीलाई सीमान्त आम्दानी भनिन्छ । अर्को शब्दमा, उत्पादनको अतिरिक्त एक एकाइको विक्रीद्वारा कुल आयमा हुन जाने परिवर्तनलाई सीमान्त आय भनिन्छ ।

अर्थमन्त्रालय (२०७१) अनुसार नगदेबालीहरुको उत्पादनको प्रारम्भिक स्थितिलाई हेर्दा चालु आर्थिक वर्ष २०७१/७२ मा समग्र नगदेबालीले ढाकेको क्षेत्रफल करिब ४ लाख ८७ हजार हेक्टर रहेको जसमा तरकारी बालीले २ लाख ४५ हजार ३ सय ६८ हेक्टर जमिन ओगटेको देखिन्छ । त्यस्तै नगदेबालीको कुल उत्पादन ६१ लाख १८ हजार मेट्रिक टन रहेकोमा तरकारी बालीको मात्र उत्पादन ३६ लाख २९ हजार मेट्रिक टन (६.१ प्रतिशत) रहेको छ भने तरकारी बालीको मात्र उत्पादकत्व १४ हजार ७ सय ९० (१०.२ प्रतिशत) रहेको देखिन्छ ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Research Literature)

Due (1968) ले आधुनिक समयमा लागत लाभ विश्लेषण कार्य अति नै भरपर्दो कार्य हो भनी यस कार्यको महत्वमाथि प्रकाश पार्नुभएको छ । यस कार्यले व्यवसायीको समाजमा सामाजिकीकरण हुन र आर्थिक रुपले दक्ष हुन वैकल्पिक क्षेत्रको उचित खोजी र व्यवस्था गर्न सघाउ पुऱ्याउँदछ । अर्कोतर्फ निजी र सरकारी दुवै पक्षले प्रत्येक आर्थिक क्रियाकलापको लागत लाभ विश्लेषण कार्यलाई आवश्यकताअनुसार व्याख्या र विश्लेषण गर्दै जानुपर्ने उहाँको सुझाव छ । यसरी लागत लाभ विश्लेषण आज अति नै चर्चित र महत्वपूर्ण बन्दै गएको छ, जसलाई पहिलोपटक जलस्रोतको योजना निर्माण गर्ने क्रममा सुरुवात गरिएको थियो भन्ने कुरा उल्लेख छ ।

Hamal (1976) ले महोत्तरी जिल्लामा सञ्चालित सुर्ती खेतीको लागत लाभ विश्लेषण गर्दा उक्त जिल्लामा सञ्चालित सुर्ती खेतीको वार्षिक लागत र आम्दानीबीचको अनुपात विश्लेषण गर्नुभएको थियो । उक्त अध्ययनको मुख्य उद्देश्य एक हेक्टर जग्गामा सुर्ती खेती गर्न लाग्ने लागत र त्यसबाट प्राप्त हुने आम्दानीको अनुपात पत्ता लगाउनु थियो । ४१ जना कृषकमा आधारित रहेर गरेको उक्त अध्ययनमा सीमान्त लागतभन्दा सीमान्त आय र

औसत लागतभन्दा औसत आय बढी भएका कारण सुर्ती खेती उक्त क्षेत्रको लागि उपयुक्त रहेको कुरा बताइएको छ ।

Gautam (1991) ले कास्की जिल्लाको पोखरा नगरपालिका क्षेत्रमा रहेका ३१ वटा आधुनिक गाई फर्ममा उक्त फर्मको लागत लाभ विश्लेषण गरिएको थियो । उक्त विश्लेषणात्मक अध्ययनमा एक वर्षको लागत र आम्दानीबीचको तुलना गरिएको छ । अतः अध्ययनमा लागत भएको रेन्ज ० :४४ देखि १ :४९ सम्म छ । ० :४४ लागत लाभ अनुपात आउने फर्मलाई उच्च लागत लागेको र स्याहार सुसारका साथै तालिमको अभाव रहेको कुरा स्पष्ट छ । जुन फर्महरु न्यून अनुपातमा छन् त्यस्ता फर्मलाई तुरुन्त सुधार गरी व्यवस्थापनमा ध्यान दिन र लागत घटाउन सुझाव दिइएको छ ।

अर्याल (१९९९) ले थानकोटको महादेवस्थान गा.वि.स.मा आधारित भएर गरिएको अनुसन्धानअनुसार त्यस क्षेत्रका कृषकहरु नयाँ प्रविधिको प्रयोग गरी उत्पादन वृद्धि गर्नका लागि एकदमै सचेत रहेका थिए । तिनीहरुले रासायनिक मलको प्रयोग तथा विभिन्न उच्च प्रविधिका रासायनिक एवं आधुनिक बीउ, मल एवं औजारलाई आफ्नो कृषि व्यवसायमा प्रयोगमा ल्याएका थिए । धान, गहुँ र मकै मुख्य खाद्यान्न बालीहरु रहेका थिए । रायो, खोर्सानी, आलु, काउली आदि फरक फरक किसीमका तरकारीहरुको खेती त्यस क्षेत्रमा गरिएको थियो । जसको कारण तिनीहरुको आयको सम्भाव्य स्रोतको पहिचान भएको थियो । उक्त उत्पादनलाई घरायसी उपभोगमा पनि प्रयोग गरिएको थियो । यो क्षेत्र च्याउ खेतीका लागि पनि प्रख्यात रहेको थियो । लागत लाभ विश्लेषण सरकारी आयोजनाको आर्थिक इच्छाशक्तिसँग सम्बन्धित उपयुक्तता हो । एउटा आयोजना अवधिभर लगानी वा पूँजीमा फिर्ता प्राप्तिको लागि लागत लाभ विश्लेषण एउटा आर्थिक केन्द्रविन्दु हो । तसर्थ लागत लाभ विश्लेषणलाई सरकारी आयोजनाको क्रमबद्ध परिक्षणको रुपमा लिइन्छ । आयोजनाको विकास कुन इच्छाशक्तिको कारण भएको हो ? त्यसको मिलान र धेरै विकल्पहरुमध्ये योजनाको उद्देश्यअनुरुप कुन विकल्प हो त्यसलाई बारम्बार विश्लेषण गरेर छनौट गर्नुपर्ने हुन्छ । लागत लाभ अध्ययनमा धेरै प्रक्रियाहरु समावेश हुन्छन् । उद्देश्यको विवरण, विकल्पहरुको विश्लेषण, विवरणको लाभ र लागत आदि यसका मुख्य प्रक्रियाहरु हुन् । लागत लाभ विश्लेषण सार्वजनिक क्षेत्रमा मात्र नभएर निजी क्षेत्रमा पनि प्रयोग हुने गर्दछ ।

अर्याल (१९९९) ले थानकोटको महादेवस्थान गा.वि.स.मा आधारित भएर गरिएको अनुसन्धानअनुसार कृषिजन्य उद्योगको लाभ लाई प्रभाव पार्ने तत्वहरुको बारेमा उल्लेख गरिएको छ । कृषिजन्य उद्योगको लागि प्राविधिक ज्ञान एउटा महत्वपूर्ण तत्व भएको र यसकै माध्यमबाट कृषिसँग सम्बन्धित सम्पूर्ण उद्योगहरुको लागतको आधारमा प्राप्त हुने लाभको विश्लेषण गर्न सकिने भएकाले उद्यमी आफूले उत्पादन गर्ने वस्तुको बारेमा पर्याप्त मात्रामा प्राविधिक ज्ञान लिएर उक्त व्यवसाय सञ्चालन गर्न सकेको खण्डमा बढी लाभ प्राप्त हुने देखिन्छ ।

घिमिरे (२०६२) ले प्रमुख नगदेबालीहरुले स्थानीय जिवीकोपार्जनमा पारेको प्रभाव शीर्षकमा गरिएको अध्ययनमा अध्ययन क्षेत्रमा खाद्यान्न बालीको योगदान १८.१३ प्रतिशत र तरकारीबालीको योगदान ८१.८७ प्रतिशत रहेको थियो । यो प्रतिशतलाई हेर्दा खाद्यान्नबालीको भन्दा नगदेबालीको योगदान ४ गुणा बढी रहेको छ । नगदेबालीहरुमा देखापरेका रोगहरु पहिचान गरी उपयुक्त उपचार विधि तथा किराहरुको संक्रमण नियन्त्रण गर्नका लागि उचित विषादीको प्रयोग गर्न सकेका छैनन् । त्यसैले किसानहरुको लागि दक्ष तथा योग्य प्राविधिकहरुको आवश्यकता रहेको देखिन्छ । अध्ययन क्षेत्रका किसानहरुले आफुले उत्पादन गरेको खाद्यान्न बाली सबै आन्तरिक उपभोगमा खर्च गरेका थिए भने नगदेबाली ९५ प्रतिशत विक्री भएको थियो । अध्ययन क्षेत्रका किसानहरुले नगदेबालीमा देखिएका समस्या समाधान गर्न सिचाई सुविधा हुनुपर्ने, उन्नत बीउविजन हुनुपर्ने, मल समयमा उपलब्ध हुनुपर्ने, विद्यालयमा कृषि शिक्षा लागू गर्नुपर्ने आदि सुझाव दिएका थिए ।

कडेँल (२०६९) ले तरकारी खेतीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शीर्षकमा अध्ययन गर्नुभएको थियो । अध्ययन क्षेत्रमा खाद्यान्न बालीबाट प्राप्त आय १४.६७ प्रतिशत रहेको थियो भने तरकारीबाट प्राप्त आय ८५.३३ प्रतिशत रहेको पाइयो । यस प्रतिशतलाई हेर्दा खाद्यान्नबालीबाट प्राप्त आयभन्दा तरकारी खेतीबाट प्राप्त आय ५ गुणा बढी देखिन्छ । अध्ययन क्षेत्रमा वार्षिक औसत आय रु.९५०५० रहेको थियो भने खर्च रु.७७७४६ रहेको पाइयो । यस क्षेत्रमा तरकारी खेती गर्दा उचित बजार व्यवस्थापनको अभाव, सिचाइको अपर्याप्तता, आधुनिक उपकरणको अभाव, स्थानीय व्यापारीको मनोमानी आदि समस्या रहेको पाइयो ।

खनाल (२०७०) ले पाल्पा अर्गाली गा.वि.स. मा आधारित भएर गरिएको अनुसन्धानअनुसार पश्चिम एसियामा आजभन्दा करिब दशहजार वर्षअगाडि मानव पुर्खाहरुले ठूलो स्तरमा खेती गर्न थालेपछि नै कृषि युगको सुरुवात भयो भन्ने मानवशास्त्रीहरुको भनाई रहेको छ । नेपालको प्राचीन इतिहास नियाल्दा गोपालवंशीहरुले पहिले पशुपालन गरेका थिए । केही मात्रामा खेतीको सुरुवात गर्नेहरुमा किरातवंशीहरु रहेका छन् । राणाकालमा सन् १९९२ मा सिंहदरबार र गोदावरीमा प्रयोगशालाको रुपमा दुईवटा कृषि कार्यालयहरुको स्थापना भएको थियो । सन् १९३७ मा कृषि परिषद् र १९४७ मा दुईवटा कृषि फर्महरु ककनी र परवानीपुरमा स्थापना भएको पाइन्छ । त्यस्तै गरी सन् १९५२ मा यु .एस .एडको सहयोगमा त्रिभुवन ग्रामीण विकास विभागको स्थापना भई कार्य भएको पाइन्छ, जसले योजनाबद्ध रुपमा कृषि विकास र विस्तार गर्ने उद्देश्य राखेको पाइन्छ । पाचौं पञ्चवर्षीय योजनाकै समयमा सन् १९७२ मा कृषि विभागअन्तर्गत तरकारीको अनुसन्धान गर्नु र नयाँ प्रविधिको उत्थान गर्दै राम्रो तरकारी विकास कार्यक्रम देशमा सञ्चालन गर्नु थियो तर सन् १९८९ मा आएर यी सम्पूर्ण कार्यको जिम्मेवारी कृषि अनुसन्धान परिषद्लाई दिइयो ।

दाहाल (२०७१) ले नुवाकोट जिल्लामा आधारित भएर गरिएको अनुसन्धानअनुसार प्रमुख तरकारी बालीहरुले कृषकहरुको आयआर्जनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।तरकारी खेती कम लागतमा बढी उत्पादन हुने नगदेबाली भएकाले सामान्य आर्थिक स्थिति भएका कृषकहरुले पनि सजिलैसँग गर्न सक्छन् । तरकारी खेतीले अध्ययन क्षेत्रका कृषकहरुको सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा ठूलो योगदान दिएको छ । यस अध्ययनअनुसार आलु, काउली, बन्दा, मुला र गोलभेडा खेतीबाहेक अन्य तरकारी खेतीलाई पनि अध्ययनमा समावेश गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

व्यवसायिक कीट विकास निर्देशनालय (२०७०) ले च्याउ खेतीसँग सम्बन्धित भएर प्रकाशित गरेको प्रतिवेदनअनुसार च्याउको व्यवसायिक खेतीले व्यवसायी स्वयम्लाई मात्र नभएर क्यान्सर, एच.आई.भी.एड्स जस्ता घातक रोगहरुलाई फैलन नदिनुका साथै महिला स्वास्थ्यको लागि विशेष सहायता प्रदान गर्दै आर्थिक उन्नतिको लागि टेवा पुग्ने देखिन्छ । यसका साथै व्यवसायिक च्याउ खेतीले बेरोजगार व्यक्तिहरुलाई पूर्ण रोजगारी प्रदान गरी प्रशस्त आयआर्जन गर्ने आधार प्रदान गर्दछ । यो व्यवसाय थोरै जग्गा तथा कम लगानीमा

सुरु गर्न सकिन्छ । यसको उत्पादन ४ हप्तामा गर्न सकिन्छ तथा वर्षमा ३ महिना ग्याप गरी अरु ९ महिना यसको खेती गर्न सकिन्छ ।

दाहाल (२०७१) ले नुवाकोट जिल्लामा आधारित भएर गरिएको अनुसन्धानअनुसार एक जना व्यक्तिले स्वास्थ्य विकासका लागि दैनिक १००-१२५ ग्राम हरियो सागपात, १००-१२५ ग्राम कन्दमुल तथा जरे तरकारी, ५०-७५ ग्राम गेडागुडी र ३०-५० ग्राम अन्य तरकारी गरी जम्मा ३०० ग्राम ताजा तरकारी अनिवार्य सेवन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्ग कि.मी.मध्ये हिमालमा ५१ हजार ८ सय ७१ वर्ग कि.मी., तराइमा ३४ हजार वर्ग कि.मी. र पहाडमा ६१ हजार ३ सय ४५ वर्ग कि.मी.रहेको छ । कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको बजेट ४.१४ प्रतिशत रहेको छ ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Implication of the Review for the Research)

नेपाल एक कृषिप्रधान देश भएकाले यहाँ कृषिसँग सम्बन्धित विभिन्न किसिमका खाद्यबाली, नगदेबालीको खेती गरिन्छ । यहाँको हावापानी तथा भौगोलिक अवस्थिति फरक फरक भएकाले पहाड, उपत्यका तथा तराई जुनसुकै क्षेत्रमा क्षेत्रमा मौसम र तापक्रमको अनुकुलताका आधारमा च्याउ खेती गर्न सकिन्छ । च्याउ खेती अन्य व्यवसायभन्दा कम लगानीमा बढी आम्दानी प्राप्त गर्न सकिने व्यवसाय हो । त्यसैले वर्तमान समयमा व्यवसायिक च्याउ खेतीमा किसानहरुको बढी आकर्षण भएको देखिन्छ ।

यस अध्ययनको क्रममा विभिन्न लेख, रचना, शोधपत्र, पत्रपत्रिकाहरुलाई आधार मानी पूर्व साहित्यको पुनरावलोकन गर्दा हालका वर्षहरुमा व्यवसायिक च्याउ खेती वेरोजगार मानिसहरुका लागि पूर्ण रोजगारको अवसर प्रदान गरी आम्दानीको मुख्य स्रोत हुने व्यवसाय भएको तथा न्यून आय हुनेहरुका लागि थप आय आर्जन गर्ने सहायक पेशाको रुपमा बढ्दै गएको पाइएको छ । छोटो समयमा प्रतिफल प्राप्त गर्न सकिने, ठूलो लगानीको आवश्यकता नपर्ने, उच्च स्तरको तालिमको आवश्यकता नपर्ने हुनाले यस व्यवसायको लोकप्रियता दिनप्रतिदिन बढ्दै गईरहेको देखिन्छ ।

व्यवसायिक च्याउ खेती बेरोजगार व्यक्तिको लागि पूर्ण रोजगार प्रदान गरी प्रशस्त आय-आर्जन गर्ने भरपर्दो पेशाका साथै नेपाल एक कृषिप्रधान देश भएको र यहाँको कृषि

मनसुनमा आधारित हुने भएकोले अर्धबेरोजगारका लागि सहायक पेशा पनि हुन पुगेको छ । यो व्यवसाय थोरै जग्गा तथा कम लगानीमा सुरु गर्न सकिने, उत्पादन ४ हप्तामै गर्न सकिने तथा वर्षमा ३ पटक उत्पादन गर्न सकिने भएकोले लोकप्रिय बन्दै गएको छ । यो व्यवसाय गर्न खासै दक्ष तालिमको आवश्यकता नपर्ने, घरकै सदस्यहरुको समय उपयोग गरी गर्न सकिने र व्यवसाय संचालनका सामग्रीहरु तुलनात्मक रुपमा सहजै उपलब्ध हुनाले पनि यो व्यवसाय संचालन गर्न सजिलो हुन्छ ।

व्यवसायिक च्याउ खेतीको प्रवर्द्धन तथा विस्तार गर्नका लागि च्याउ खेती गर्न आवश्यक पर्ने ओसिलो जमिन छनोट तथा टहरा निर्माणका लागि विशेष ध्यान दिइनुपर्ने र च्याउ खेतीको व्यवसायिक विकासका लागि खेती गर्ने तरिकाबारे किसानहरु शिक्षित हुनुपर्दछ । च्याउमा समय समयमा हुने झिँगा, सुलसुले जस्ता रोगको रोकथामका लागि थप जानकार एवं सजग हुनुपर्दछ ।


नेपालका धेरैजसो भाग ग्रामीण क्षेत्रले ढाकेको तथा अधिकांश ग्रामीण क्षेत्रमा किसानहरुको बसोबास हुने गर्दछ । जमिन थोरै हुनु, आवश्यक कर्जाको अभाव, आधुनिक प्रविधिको कमीजस्ता कारणले गर्दा किसानहरु प्रशस्त लगानी गर्न सक्षम छैनन् । किसानको दयनीय आर्थिक अवस्थाले गर्दा कृषि कार्य उपयुक्त तरिकाले विकास हुन सकेको छैन । तर यति हुँदाहुदै पनि तिनीहरु कृषिसँग सम्बन्धित व्यवसायबाट लाभान्वित नै छन् । तर ग्रामीण क्षेत्रका किसानहरुमा शिक्षा तथा चेतनाको अभावका कारणले गर्दा लागत उत्पादन गणनामा ध्यान दिँदैनन् । किसानहरुले प्रत्यक्ष नगद लागत जस्तै बीउ खरिद, औषधी, पानी एवम् कामदारको ज्यालालाई मात्र गणना गर्दछन् । तसर्थ त्यस्ता साहित्यहरुको पुनरावलोकन गर्दा यस अध्ययनलाई बढी सत्य, तथ्य र कम त्रुटिपूर्ण तरिकाले सम्पन्न गर्न सहयोग पुऱ्याउने छन् । मेरो यस अनुसन्धानमा च्याउ खेतीको लागत लाभ अध्ययन गरी लागत लाभ विश्लेषण गर्दै उक्त व्यवसायबाट प्राप्त आयको शैक्षिक लगानीमा हुने अंश अनुमान गर्नलाई सम्बन्धित साहित्य र अनुसन्धानात्मक साहित्यको पुनरावलोकनले थप हौसला प्रदान गरेको छ, जसको आधारमा बेरोजगार, अर्धबेरोजगार व्यक्तिहरुलाई व्यवसायिक च्याउ खेती संचालन गर्नका लागि आधार प्रदान गर्न पनि पूर्व साहित्यको अध्ययनले सहयोग गरेको छ

## २.४ अनुसन्धान अन्तर (Research Gap)

पूर्व अध्ययन गरिएका अनुसन्धानमा पोल्ट्री फर्म, डेरी उद्योगजस्ता कुराहरुलाई मात्र बढी जोड दिएको तर वर्तमान समयमा फस्टाउँदै गरेका अन्य कृषि उद्योगहरुलाई समेट्न नसकेको कारणले यस्ता पक्षमा थप ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । पूर्व अध्ययनहरुमा कुनै एउटा विशेष फर्मलाई आधार मानेर त्यसको लागत लाभ विश्लेषण गरी त्यस्तै फर्म संचालन गर्नका निमित्त आधार प्रदान गरेको देखिएन । तसर्थ यस्ता पक्षहरुमा थप अध्ययन गर्नुपर्ने देखिन्छ । यसभन्दा पहिले गरिएका अध्ययन अनुसन्धानहरु च्याउ खेतीलाई शैक्षिक क्षेत्रसँग सम्बन्धित गरी नगरिएका हुनाले यस अध्ययनले च्याउ खेतीको माध्यमबाट उद्यमीले आफ्ना बालबालिकाको शिक्षामा कति अंश लगानी गर्न पाएको छ भन्ने बारे जानकारी प्राप्त हुने देखिन्छ । यसका साथै अगाडि गरिएका अनुसन्धानहरु केवल कुखुरापालन, मौरीपालन तथा गाईपालनको लागत लाभ विश्लेषणमा मात्र सीमित रहेकोमा यस अध्ययनले च्याउ खेतीको लागत लाभ विश्लेषणका लागि आधार प्राप्त हुने देखिन्छ ।

## २.५ अवधारणात्मक संरचना (Conceptual Framework)


अल्पकाल यस्तो समयावधि हो, जसमा केही साधनहरु, जस्तै मेशिन, भवन आदि स्थिर रहन्छन् र उत्पादन बढाउनलाई परिवर्तनशील साधनहरुलाई मात्र परिवर्तन गर्न सकिन्छ । जस्तै कच्चा पदार्थ, श्रम आदि । दीर्घकालमा सबै साधन परिवर्तनशील हुन्छन् । उत्पादन बढाउन मेशिन लगायत सबै साधनलाई परिवर्तन गर्न सकिन्छ । यसैका आधारमा लागतलाई अल्पकालिन र दीर्घकालीन लागतमा विभाजन गरिएको पाइन्छ । अध्ययनसँग सम्बन्धित अवधारणात्मक संरचनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :




स्रोत : जोशी, (२०६१)

## २.६ कार्यात्मक संरचना (Functional Framework)

यस अध्ययनमा विषयवस्तुसँग सम्बन्धित निम्नानुसारको कार्यात्मक ढाँचालाई प्रस्तुत गरेर अनुसन्धान कार्य अघि बढाइएको छ ।



## अध्याय तीन (CHAPTER THREE)

## ३. विधी र प्रक्रिया (METHODS AND PROCEDURES)

यस अध्यायमा अनुसन्धान गर्दा अपनाइने विधि र प्रक्रियाहरुको बारेमा व्याख्या गरिएको छ जसअन्तर्गत अध्ययनको ढाँचा, तथ्याङ्कको स्रोत, अध्ययनको जनसङ्ख्या र नमुना छनौट, अध्ययन क्षेत्र, तथ्याङ्क संकलनको साधन र प्रक्रिया, तथ्याङ्कको विश्लेषण र नीतिगत प्रावधानजस्ता शीर्षकहरुलाई समावेश गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन वर्णनात्मक विश्लेषण ढाँचामा आधारित छ, जसका लागि परिमाणात्मक र गुणात्मक विधिबाट तथ्याङ्क संकलन गरिएको छ । अनुसन्धानको उद्देश्यअनुसार अर्न्तवार्ता, प्रश्नावली, छलफल र अवलोकनको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ भने अध्ययनको उद्देश्य र सान्दर्भिकताका आधारमा द्वितीय स्रोतको पनि प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरुको विश्लेषण तालिका, वृतचित्र, स्तम्भ चित्र तथा शाब्दिक रुपबाट प्रस्तुत गरिएको छ ।

### ३.२ तथ्याङ्कको स्रोत (Source of Data)

तथ्याङ्क संकलनका प्राथमिक र द्वितीय स्रोतहरुमध्ये यस अध्ययनमा प्रमुख स्रोतको रुपमा प्राथमिक स्रोतको प्रयोग गरिएको छ भने आवश्यकतानुसारका थप तथ्याङ्कहरु द्वितीय स्रोतबाट लिइएको छ । उक्त तथ्याङ्कका स्रोतलाई निम्नानुसार उल्लेख गरिएको छ :

#### ३.२.१ प्राथमिक स्रोत (Primary Source)

यो अध्ययनमा काठमाडौँ जिल्ला किर्तीपुर नगरपालिका ७ मा संचालित सामाजिक विकास कृषक समूहको च्याउ फर्ममा संलग्न उद्यमी, व्यवसायीको परिवार तथा कामदारहरुलाई नै प्राथमिक तथ्याङ्कको स्रोतका रुपमा लिइएको छ ।

#### ३.२.२ द्वितीय स्रोत (Secondary Source)

अध्ययन कार्यलाई प्रभावकारी र फलदायी बनाउन द्वितीय स्रोतहरुमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्धित अर्थमन्त्रालय, केन्द्रिय तथ्याङ्क विभाग, पत्रपत्रिकामा प्रकाशित रिपोर्टहरु,

किर्तीपुर नगरपालिकाको कार्यलिय तथा जिल्ला विकास समिती काठमाडौँ आदिबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहयोग लिइएको छ ।

### ३.३ जनसंख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample size and Sampling Strategy):

यस अध्ययनको जनसंख्या र उक्त जनसंख्याबाट छनोट गरिएको नमुना आकार र नमुना छनोट प्रक्रिया यस प्रकार प्रस्तुत गरिएको छ ।

#### ३.३.१ जनसंख्या (Population)

प्रस्तुत शोधपत्रमा काठमाडौँ जिल्ला किर्तीपुर नगरपालिका ७ मा रहेका कुल १० वटा च्याउ फर्महरुलाई नै अध्ययनको जनसंख्या मानिएको छ ।

#### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ मा रहेका १० वटा च्याउ फर्महरुमध्ये एउटा अर्थात् १० प्रतिशतलाई नमूना आकारको रुपमा लिई उद्देश्यमूलक र सुविधाजनक नमुना छनोट विधिका आधारमा नमूना छनोट गरिएको छ ।

#### ३.३.३ नमूना छनौट रणनीति (Sampling Strategy)

साधन, स्रोत र समयको सीमितताका कारण सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्न कठिन भएकाले सम्पुर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमूना छनोट गरिएको छ, जसलाई यसप्रकार उल्लेख गरिएको छ ।

- यस अध्ययनमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकालाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । अन्य ठाउँको तुलनामा कीर्तिपुर नगरपालिकामा बढी मात्रामा च्याउ खेतीको व्यवसाय गरिने भएको र यस क्षेत्रमा च्याउ खेतीका बारेमा यस अघि अनुसन्धान नगरिएको र अनुसन्धानकर्ता आफैँ बस्ने स्थान भएको हुनाले अध्ययनकर्तालाई तथ्याङ्क संकलन गर्न सहज हुने कारणले उक्त क्षेत्र छनोट गरिएको हो ।

- कीर्तिपुर नगरपालिका वडा नं. ७ मा रहेका १० वटा च्याउ फर्ममध्ये सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित एउटा च्याउ फर्मलाई उद्देश्यमुलक तथा सुविधाजनक नमुना छनौट विधिद्वारा अध्ययनमा समावेश गरिएको छ ।
- नमूनाको रुपमा छनोटमा परेको फर्मको व्यवसायीका परिवारमा ८ जना सदस्यहरु रहेका छन्, ती सम्पूर्णलाई संगणना अध्ययन विधि (Censes Study Method) का आधारमा नमूना छनोट गरिएको छ ।
- नमूनाको रुपमा छनोटमा परेको फर्ममा काम गर्ने कामदारहरु ४ जना रहेका र ती चार जना कामदारलाई पनि संगणना अध्ययन विधि (Censes Study Method) का आधारमा नमूनामा छनोटमा समावेश गरिएको छ ।
- कीर्तिपुर नगरपालिकामा रहेका १९ वटा वडामध्ये वडा नं ७ मा अन्य वडामा भन्दा बढी व्यवसायिक च्याउ खेती हुने भएकाले त्यहाँ अवस्थित अन्य च्याउ फर्मभन्दा ठूलो तथा पुरानो फर्मलाई यस अध्ययनमा समावेश गरिएको छ ।

### ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

नेपालको मध्यमाञ्चल विकासक्षेत्र, बागमती अञ्चल काठमाडौँ जिल्लाको किर्तीपुर नगरपालिका ७ भत्केपाटी यस अध्ययनको क्षेत्र रहेको छ ।

### ३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

तथ्याङ्क संकलनका विभिन्न साधनहरु जस्तै : प्रश्नावली, अभिवृत्ति स्केल, अर्न्तवार्ता अनुसूची, रुजुसूची तथा रेटिङ स्केलमध्ये अध्ययनलाई उपयोगी हुने निम्न साधनहरु प्रयोग गरिएको छ :

#### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनलाई पूर्णता दिनका लागि संरचित तथा असंरचित प्रश्नावलीको प्रयोग गरिएको छ । मुख्य उत्तरदाताको रुपमा सामाजिक विकास कृषक समूहद्वारा सञ्चालित च्याउ खेतीसँग सम्बन्धित उद्यमी, उद्यमीको परिवार तथा श्रमिकहरु रहेका छन् । मुख्य उत्तरदातालाई सोधिने प्रश्नहरु र व्यवसायी तथा कामदारलाई सोधिने प्रश्नहरु अनुसूची १, २ र ३ मा राखिएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation List)

अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता स्वयं च्याउ खेती गरिएको स्थानमा गई च्याउ फर्मको लागत, प्रतिफल तथा च्याउ खेतीबाट शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान, च्याउ खेतीबाट प्राप्त आयको क्षेत्रगत लगानी तथा च्याउ फर्मका विद्यमान समस्याबारे अवलोकन गरियो । अवलोकन सूचीसम्बन्धी विवरणहरु अनूसुची ४ मा राखिएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Disscussion Gride)

यस अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी रुपमा तथ्यमा आधारित भई पूर्णता प्रदान गर्न अनुसन्धानकर्ता र नमुना छनोटमा परेका च्याउ फर्मका व्यवसायी, श्रमिक तथा व्यवसायीका परिवारहरुसँग च्याउ फर्मको समस्याहरु र तिनका समाधानका उपायहरु पत्ता लगाउनका लागि छलफल निर्देशिका तयार गरि लक्षित समूह छलफल सञ्चालन गरियो ।

## ३.६ तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection)

यस शोधपत्र अध्ययनको प्रारम्भिक छनोटपश्चात् अध्ययनलाई पूर्णता दिनको लागि निम्नानुसारका तथ्याङ्क संकलन प्रविधिहरु प्रयोग गरिएको छ :

### ३.६.१ अर्न्तवार्ता (Interview)

अध्ययनमा आवश्यक प्राथमिक तथ्याङ्क संकलनका लागि प्रविधिको रुपमा प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्तालाई प्रयोग गरी सोही आधारमा सामाजिक विकास कृषक समूहद्वारा संचालित च्याउ खेतीका उद्यमी तथा श्रमिकहरुसँग शोधकर्ता स्वयं उपस्थित भई प्रत्यक्ष रुपमा भेटघाट गरी संरचनात्मक तथा आवश्यकताअनुसार अर्धसंरचित प्रश्नावलीमार्फत अर्न्तवार्ता लिइएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य पूरा गर्न अनुसन्धानकर्ता स्वयंको उपस्थितिमा विषयसँग सम्बन्धित केही प्रश्नहरु सोधिएको छ, जसमा उनीहरुको घरको अवस्था, पारिवारिक माहोल, आर्थिक तथा शैक्षिक अवस्था आदिको बारेमा प्रत्यक्ष छलफल गरियो ।

### ३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion)

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता स्वयं उपस्थित भई च्याउ खेतीमा आवद्ध ६ जनाको समूह बनाई आधा घण्टाको समय राखि छलफल संचालन गरियो । छलफलमा च्याउ खेती कति सालबाट सुरु भएको हो ? च्याउबाट वार्षिक आम्दानी कति हुन्छ ? च्याउ खेतीका समस्याहरु के के हुन् ? आदि प्रश्नहरुको बारेमा छलफल गरियो । लक्षित समुह छलफलसम्बन्धी विवरणलाई अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

### ३.७ तथ्याङ्क विश्लेषण (Data Analysis/ Procedures)

यस अनुसन्धानको क्रममा विभिन्न प्रकृयाबाट संकलन गरिएका तथ्याङ्कहरुलाई गुणात्मक र परिमाणात्मक स्रोतको आधारमा वर्गीकरण गरिएको छ । परिमाणात्मक तथ्याङ्कबाट प्राप्त जानकारीहरुलाई तालिका, चार्ट, वृत्तचित्र तथा स्तम्भ चित्र आदिको माध्यमबाट प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ भने गुणात्मक रुपमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

यस अध्ययनका क्रममा आवश्यक सूचना तथा तथ्याङ्क संकलन गर्नका लागि अर्न्तवार्ता लिँदा अर्न्तवार्ता दिने व्यक्तिसँग अनुमति लिइएको छ । उनीहरुबाट प्राप्त सुचनालाई गोपनिय राखिनुका साथै प्राप्त तथ्याङ्कलाई घटबढ नगरी जस्ताको त्यस्तै राखिएको छ । अर्न्तवार्ताको क्रममा उनीहरुसँग घनिष्ट सम्बन्ध राखिएको छ र उनीहरुबाट आएको उत्तरमा अध्ययनकर्ताले कुनै किसीमको प्रतिक्रिया नदेखाई सूचना तथा जानकारी प्राप्त गरेको छ । यसरी प्राप्त सूचना तथा तथ्याङ्कलाई यस अध्ययनको उद्देश्य पूरा गर्नको निमित्त मात्र प्रयोग गरिएको छ । यस अध्ययनमा पनि सरोकारवाला व्यक्तिसँग अनुमति लिई उनीहरुलाई विश्वासमा लिई प्राप्त सूचनालाई गोपनियतामा राखी अध्ययन कार्यलाई अघि बढाइएको छ ।

### अध्याय चार (CHAPTER FOUR)

## ४. तथ्यांकको प्रस्तुतिकरण र विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA )

यस अनुसन्धानको क्रममा संकलित तथ्यांकहरुलाई विभिन्न शीर्षकमा विभाजन गरि सरल र स्पष्ट भाषामा विश्लेषण गरिएको छ । साथै प्रारम्भिक रुपमा संकलित कोरा तथ्यांकबाट कुनै पनि सुचना स्पष्ट रुपमा व्यक्त नहुने हुँदा तथ्यांकको विश्लेषण गर्नुपर्ने हुन्छ । तसर्थ अध्ययनको मुख्य उद्देश्य पुरा गर्नका लागि प्रारम्भमा अध्ययन क्षेत्रको रुपमा रहेको काठमाडौं जिल्ला तथा कीर्तिपुर नगरपालिकाको समग्र परिचय प्रस्तुत गरी प्राप्त तथ्यांकलाई निम्न बुँदाहरुमा क्रमबद्ध गरिएको छ :

### ४.१ काठमाडौं जिल्लाको परिचय (Introduction to Kathmandu District )

मन्दिरै मन्दिरको शहरका नामले परिचित काठमाडौं मध्यमाञ्चल विकास क्षेत्रअन्र्तगत बाग्मती अञ्चलका आठ ओटा जिल्लाहरु मध्येको एक प्रमुख जिल्ला हो । नेपालको राजधानीका नामले प्रख्यात यस जिल्लाको पुर्वमा भक्तपुर र काभ्रेपलाञ्चोक, पश्चिममा धादिङ र नुवाकोट, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक र दक्षिणमा ललितपुर तथा मकवानपुर जिल्लाहरु पर्दछन । जिल्ला सदरमुकाम काठमाडौं नै रहेको यस जिल्लालाई चारैतिरबाट हरिया डाँडा तथा पहाडी श्रृंखलाहरुले घेरिएको छ । उपत्यकाका तीन प्रमुख जिल्ला मध्येको यस काठमाडौं जिल्लामा चन्द्रागिरि, शिवपुरी तथा नागार्जुन गरि तीन उच्च पहाडी श्रृंखलाहरु छन । क्षेत्रफलको हिसाबले नेपालका कुल ७५ जिल्लाहरु मध्ये ७३ औं स्थानमा रहेतापनि जनसंख्याका हिसाबले भने काठमाडौं जिल्ला प्रथम स्थानमा रहेको छ (जि.वि.स. काठमाडौँ, २०७३) ।

समुद्री सतह देखि १२६२- २७३२ मिटरसम्मको उचाइमा रहेको काठमाडौं जिल्ला भौगोलिक रुपमा पूर्व, उत्तर र पश्चिमतर्फ पहाडी क्षेत्र र दक्षिण भाग समतल फाँट र टारहरु मिली बनेको छ । अंग्रेजी अक्षरको एल (L) आकार जस्तो देखिने यो जिल्ला पुर्वबाट पश्चिमतिर फैलदै दक्षिणतर्फ मोडिएको छ । छिमेकी सात जिल्लाहरुको माफमा रहेको यो जिल्ला २७° २७' उत्तरी अक्षांश देखि २७° ४९' उत्तरी अक्षांश र ८५° १०' पुर्वी देशान्तरदेखि ८५° ३२' पुर्वी देशान्तर रेखाका बिचमा फैलिएको छ । मध्यमाञ्चल विकास क्षेत्रअन्र्तगत रहेको नेपालको

राजधानी काठमाडौं जिल्लाको कुल क्षेत्रफल ३९५ वर्ग कि.मि. रहेको छ भने देशको सम्पुर्ण क्षेत्रफलको ०.२७ प्रतिशत भाग यस जिल्लाले ओगटेको छ । जि.वि.स. निर्वाचनका लागि १५ वटा इलाकामा विभाजन गरिएको यस जिल्लालाई १० वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यसका साथै काठमाडौं जिल्लामा १ महानगरपालिका र १० नगरपालिका रहेका छन् (जि.वि.स., २०७१) ।

### ४.१.१ ऐतिहासिक विवरण (Historical Description )

काठमाडौंको ऐतिहासिक पृष्ठभुमिलाई अध्ययन गर्दा लिच्छवीकालिन समयको पूर्वाद्धसम्म यस भुमिको नाम काठमाडौं थिएन । त्यस समयमा काठमाडौंलाई नेपाल उपत्यका, पशुपति क्षेत्र तथा मञ्जुपतन जस्ता नामले पुकारिन्थ्यो । वि.सं. १०४३ तिरको समयमा प्रसिद्ध लिच्छवी राजा गुणकामदेवले यस क्षेत्रमा शहरको विकास गरेपछि यहाँको नाम काष्ठमाण्डप रहन गएको कुरा ऐतिहासिक विवरणहरुबाट प्राप्त भएको छ । अर्को भनाइ अनुसार वि.सं. १२०० तिर काठमाडौं शहरको दक्षिण पश्चिम भागमा एउटा ठुलो रुखबाट काठैकाठको सत्तल बनेको हुदा यसलाई नै काष्ठमाण्डप नामाकरण गरिएको पाइन्छ । संस्कृत भाषाको काष्ठमाण्डपको नेपाली रुपान्तरण काठमाडौँ भएकोले पछि यस क्षेत्रलाई नै काठमाडौँ भन्न थालियो तर मल्लकालिन समयमा काठमाडौँलाई कान्तिपुर पनि भनिन्थ्यो । यसरी संक्षेपमा यो क्षेत्रको नाम फरकफरक समयमा फरकफरक किसिमले नामाकरण हुदैँ काठमाडौँ हुन आएको हो भन्न सकिन्छ (जि.वि.स. काठमाडौँ, २०७३) ।

प्राचीनकालिन समयदेखि नै पवित्र भुमि एवम् सुसंगठित समृद्धशाली शहरको रुपमा विकसीत हुदै आएको यस क्षेत्रमा पशुपतिनाथ, स्वयम्भुनाथ, बौद्धनाथ, बुढानिलकण्ठ, ब्रजयोगिनी आदिजस्ता प्रसिद्ध देवीदेवताका मन्दिर एवम् मूर्तिहरु रहेका छन् । तसर्थ नेपाली कला संस्कृति र साहित्य आदि क्षेत्रहरुलाई जीवन्त राख्ने कार्यमा काठमाडौं जिल्लाको भुमिका उल्लेखनीय रहेको छ भन्न सकिन्छ (जि.वि.स.काठमाडौँ, २०७३) ।

### ४.१.२ भौगोलिक अवस्था (Geographical Situation )

पूर्वबाट पश्चिमतिर फैलदै तथा दक्षिणतर्फ मोडिदै गएको काठमाडौ उपत्यका बिचमा समथर परेको एवम् चारैतिर पहाडले ढाकिएको छ । चन्द्रागिरि, शिवपुरी र नागार्जुन गरी तिन उच्च पहाडी हिमश्रृंखलाहरु रहेको यो जिल्ला समुद्री सतहबाट १२६२ मि. देखि २७३२

मिटरसम्मको उचाइमा अवस्थित छ । देशको कुल क्षेत्रफल मध्ये काठमाडौं जिल्लाले ०.२७ प्रतिशत भाग ओगटेको छ । यसको क्षेत्रफल ३९५ वर्ग कि.मि. रहेको छ (जि.वि.स. काठमाडौँ, २०७३) ।

यस जिल्लाको सिमाना पुर्वमा कात्तिके खोला, मनोहरा खोला र बागमती नदीले भक्तपुर र ललितपुर जिल्लासँग, पश्चिममा कोलफु खोला, नागार्जुन डाँडा, दहचोक, चन्द्रागिरि पहाड आदिले नुवाकोट, धादिङ र मकवानपुर जिल्ला उत्तरमा जर्के खोला, सिन्धु खोला, ठाडो खोला र शिवपुरी लेकले सिन्धुपाल्चोक, काभ्रेपलान्चोक र नुवाकोट जिल्लाहरुसँग तथा दक्षिणमा महादेवटारका डाँडा, रातेमाटे खोलाले मकवानपुर जिल्लासँग छुट्याएको छ (जि.वि.स. काठमाडौँ, २०७३) ।

भौगोलिक बनावट हेर्दा उपत्यकाका केहि समथर भुभाग छोडेर बाँकी सबै भू-भाग डाँडाकाँडा, भीरपाखाले भरिएको छ । यहाँको समथर उपत्यकाको भुमि समुन्द्र सतहबाट १३७२ मि. भन्दा होचो छ भने अधिकांश अग्ला होचा डाँडाहरु १३५० मिटरदेखि २७३२ मिटरसम्म रहेका छन् (जि.वि.स. काठमाडौँ, २०७३) ।

काठमाडौ जिल्लाको भौगोलिक अवस्थितिलाई निम्न तालिकाको सहायताद्धारा अझ प्रष्ट पार्न सकिन्छ :

**तालिका ४.१**

**काठमाडौं जिल्लाको भौगोलिक अवस्था - २०७२**

| विवरण | |
|---|---|
| अक्षांश | २७° २७' देखि २७° ४९' उत्तरी अक्षांस |
| देशान्तर | ८५° १०' देखि ८५° ३२' पुर्वी देशान्तर |
| विकास क्षेत्र | मध्यमाञ्चल विकास क्षेत्र |
| सदरमुकाम | काठमााडौं |
| क्षेत्रफल | ३९५ वर्ग कि.मि. |
| औसत उचाई | १३०० मिटर (१२६२ मि. देखि २७३२ मि.) |
| जनघनत्व | ४४१६ व्यक्ति प्रति वर्ग कि.मि. |

स्रोतः (जि.वि.स. काठमाडौँ, २०७३)

### ४.१.३ जनसांख्यिक अवस्था (Demographic Situation )

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसंख्या २,६४,९४,५०४ रहेको छ, जसमध्ये सबैभन्दा बढी जनसंख्या भएको जिल्ला काठमाडौं हो, यहाँको कुल जनसंख्या १७,४४,२४० रहेको छ, कुल जनसंख्यामध्ये पुरुष ९,१३,००१ र महिला ८,३१,२३९ रहेका छन । यस जिल्लामा जम्मा ४,३६,३४४ घरपरिवार संख्या रहेको छ भने औसत परिवार संख्या ४ रहेको छ । कुल जनसंख्या विगत ३० वर्षमा ४.३५ प्रतिशतले वृद्धि भएको छ, जुन राष्ट्रिय स्तरको १.३५ भन्दा बढी हो । यस जिल्लामा २०५८ सालको तुलनामा २०६८ सालमा ६०.९३ प्रतिशत जनसंख्या बढेको पाइयो (जि.वि.स. काठमाडौँ, २०७०) ।

यस जिल्लामा देशभरका अन्य भागबाट समेत सेवा र सुविधाका लागि क्रमिक रुपमा बसाई सर्ने प्रवृति भइरहेको हुँदा यहाँ विभिन्न जाति तथा धर्मावलम्बीहरुको बसोबास पाइन्छ । नेवार जातिको बाहुल्यता रहेको यस जिल्लामा ब्राह्मण, क्षेत्री, मगर, र गुरुङ लगायत अन्य जातिको पनि बसोबास पाइन्छ । यहाँ बसोबास गर्ने अधिकांश जनसंख्या हिन्दु र बौद्ध धर्मावलम्बी छन् भने अन्य धर्मको जनसंख्या अत्यधिक कम मात्रामा रहेको छ । औषत घरपरिवारको आकार २०५८ मा ५ रहेको मा यो अनुपात २०६८ मा ४ देखिएबाट संयुक्त परिवारमा बस्ने प्रथा हट्दै गएको मान्न सकिन्छ । यस जिल्लाका बढी जनसंख्या नगर क्षेत्रमा नै बस्ने गर्दछन् तर हाल आएर नगर क्षेत्रमा पानीको अभाव, वातावरणीय प्रदुषण, फोहोरमैला आदिका कारणले मानिसहरुको गा.वि.स. तर्फ बसोबासको आकर्षण बढ्न गई कृषियोग्य भुमिहरु धमाधम घडेरीमा परिणत भइरहेको स्पष्ट देख्न सकिन्छ (प्याकुरेल, २०६९) ।

### ४.१.४ शैक्षिक अवस्था (Educational Situation)

देशको राजधानी भएकाले काठमाडौं जिल्लाको शैक्षिक स्थिति अन्य जिल्लाको तुलनामा उत्साहजनक मान्न सकिन्छ । वि.स. २०६८ सालको जनगणनाअनुसार यस जिल्लाको साक्षरता ८६.३ प्रतिशत रहेको छ, जुन २०५८ सालको जनगणना अनुसार ७७.०७ प्रतिशत मात्र रहेको थियो । यसरी हेर्दा काठमाडौं जिल्लामा २०५८ को तुलनामा वि.स. २०६८ सालमा ९.२३ प्रतिशतले साक्षरतामा वृद्धि भएको देखिन्छ । कुल साक्षर जनसंख्या मध्ये पुरुष साक्षरता ८६.३ प्रतिशत र महिला साक्षरता ६६.४३ प्रतिशत रहेको छ । यस जिल्लामा

सरकारी क्षेत्रका साथै निजी तवरमा खुलेका शैक्षिक संस्थाहरुले शिक्षा क्षेत्रमा राम्रो योगदान दिएका छन् (राष्ट्रिय जनगणना, २०६८) ।

काठमाडौं जिल्लाको साक्षरताको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२**

**काठमाडौं जिल्लाको शैक्षिक स्थिति - २०७२**

| | ५ वर्षभन्दा माथिको जनसंख्या | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने जनसंख्या | निरक्षर जनसंख्या |
|---|---|---|---|---|
| जम्मा | १६३२६४० | १४८१९९ | २५६०६ | १९८२२५ |
| पुरुष | ८५३४८६ | ७८६७०४ | ११४७१ | ५५११६ |
| महिला | ७७९१५४ | ६२१४९५ | १४१३५ | १४३१०९ |

स्रोत: (जि.वि.स. काठमाडौं, २०७३)

### ४.१.५ हावापानीको अवस्था (Situation of Climate)

काठमाडौं जिल्लाको हावापानी सम्पुर्ण ठाउमा एकैनासको नभई उत्तरी क्षेत्रको तुलनामा दक्षिणतिर आनुपातिक रुपले बढी तापक्रम रहेको पाइन्छ । अधिकांश ठाउँमा समशीतोष्ण हावापानी पाइने भएतापनि भुधरातलीय स्वरुपअनुसार केही ठाउँमा हिँउदमा हिँउ समेत पर्ने गर्दछ ।

यस जिल्लामा हुने वर्षाको एउटा प्रमुख आधार हिन्द महासागरबाट बहने दक्षिण -पश्चिम मनसुनी वायु हो । साधारणतया वर्षा ऋृतुको श्रावण महिनामा अत्यधिक वर्षा हुने यस जिल्लामा हिउँदमा समेत सामान्य वर्षा हुने गरेको पाइन्छ । यहाँको सापेक्षिक आद्रता जुलाई देखि फेब्रुअरी सम्म बढी र अप्रिल महिनातिर सबैभन्दा कम हुने गरेकाले औसत सापेक्षिक आद्रता ४० देखि ९० प्रतिशत सम्म पुग्ने अनुमान गरिएको छ (जि.वि.स. काठमाडौं, २०७१) ।

### ४.१.६ प्रशासनिक अवस्था (Administrative Situation )

नेपालको राजधानी शहरका नामले प्रसिद्ध पाएको काठमाडौं जिल्लाको प्रशासनिक विभाजनलाई हेर्दा यहाँ १० वटा निर्वाचन क्षेत्र रहनुका साथै १५ वटा इलाका, १ वटा महानगरपालिका, १० वटा नगरपालिकाहरु रहेका छन् (जि.वि.स. काठमाडौं, २०७१) ।

## ४.२ कीर्तिपुर नगरपालिकाको परिचय (Introduction to Kirtipur Municipality)

नेपालका ७५ जिल्लाहरुमध्येको एक जिल्ला काठमाडौं हो, जुन नेपालको राजधानीको रुपमा परिचित छ । काठमाडौं जिल्लाभित्र पर्ने कीर्तिपुर ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, सामरिक तथा शैक्षिक महत्व बोकेको नेपालको एक महत्वपुर्ण नगरपालिका हो । प्राचीनकालदेखि हालसम्म आउँदा यस नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक महत्वका अतिरिक्त आफ्नो राजनीतिक एवम शैक्षिक महत्वसमेत सिद्ध गरिसकेको छ । तसर्थ यसको परिचय प्रस्तुत गर्नका निमित्त माथिका सम्पूर्ण शीर्षकहरुलाई तलका विभिन्न उपशीर्षकहरुमा बाडेर हेर्नु आवश्यक हुन्छ ।

### ४.२.१ ऐतिहासिक विवरण (Historical Description)

कीर्तिपुर नेपालको एक ऐतिहासिक तथा सांस्कृतिक नगर हो । काठमाडौं उपत्यका कुनै समयमा जलमग्न भएको अवस्थामा पनि यसका उच्चो भागमा मानवबस्तीहरु रहेको र ती मध्ये कीर्तिपुर पनि एक हो । प्राचीनकालदेखि नै कीर्तिपुरमा मानवबस्ती रहेकोले गर्दा यहाँको संस्कृति तथा सांस्कृतिक सम्पदाहरु पनि प्राचीन नै मानिन्छन । खासगरी वर्तमानको बाघभैरव मन्दिर र उमामहेश्वरको मन्दिर आसपासमा पाइने विविध मुर्तिहरुका साथै चिलंचो विहार, जलविनायक मन्दिर, चोभार गल्छी, मन्जुश्री गुफा, टौदह क्षेत्र आदि प्राचीन सांस्कृतिक सम्पदाहरु कीर्तिपुर नगर क्षेत्र भित्र पर्दछन् । यी सम्पदाहरु निकै प्राचीन भएकोले यस क्षेत्रमा बसोबास गर्ने जातिहरु हिन्दु र बौद्ध दुवै किसिमका भएको अनुमान हुन्छ । यहाँ पाइने सांस्कृतिक सम्पदाहरु नेवारी संस्कृतिसंग मिल्दोजुल्दो भएकाले कीर्तिपुरका मुख्य बासिन्दाहरु नेवार समुदाय भएको प्रष्ट हुन्छ भने अझै पनि नेवार जातिकै बाहुल्यता रहेको क्षेत्रको रुपमा कीर्तिपुरलाई लिने गरिनुले उक्त कुरालाई थप पुष्टँयाई गर्दछ (जि.वि.स., २०७३ ) ।

कीर्तिपुर क्षेत्रमा मनाइने प्रमुख चाडपर्वहरुमा इन्द्रायणी जात्रा, लाखे जात्रा, गणेश जात्रा, कृष्ण जात्रा, बाघभैरव जात्रा, गाइजात्रा, सातगाउँले जात्रा, आदिनाथको एक महिने मेला, सिथिनख जात्रा आदि पर्दछन् । त्यसैगरी दशैं, तिहार, नागपञ्चमी, माघेसंक्रान्ति लगायतका पर्वहरु पनि यस क्षेत्रमा मनाउने गरिन्छ । माथि उल्लेखित जात्रा तथा पर्वहरु लिच्छवि तथा मल्लकालिन विभिन्न राजाका समयदेखि मनाउन सुरु गरि आज सम्म पनि मनाउने गरिन्छ (कीर्तिपुर न.पा., २०७०) ।

मल्लकालिन समयका नेपाल मण्डलेश्वर उपाधिधारी राजा यक्ष मल्लको शासनकाल पछि उनका छोराहरु राय, रत्न र रण मल्लहरुले कान्तिपुर, भादगाँउ र पाटनलाई छुट्टाछुट्टै राज्य बनाई शासन गर्ने क्रममा कीर्तिपुर क्षेत्र त्यसबखत पाटन राज्य अर्न्तगत पर्दथ्यो । पछि वि.स. १८१४ र १८२१ मा तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तार गर्ने क्रममा कीर्तिपुर माथि आक्रमण गर्दा कीर्तिपुरे जनताले त्यसको डटेर सामना गरेका थिए । वि.स. १८२२ चैत्र ३ मा गोरखालीहरुको करिब ६ महिनापछिको नाकाबन्दीले कीर्तिपुरले बाध्य भई हार खानुपरेपछि कीर्तिपुर पहिले गोरखा र पछि विशाल नेपाल राज्यमा समाहित हुन पुगेको थियो (कीर्तिपुर न.पा., २०७०) ।

वि.स. २०१६ मा त्रिभुवन विश्वविद्यालय र वि.स. २०१८ मा केन्द्रीय पुस्तकालयको स्थापना भएपछि कीर्तिपुर शैक्षिक एवम प्राज्ञिक थलोको रुपमा विकास हुदै आएको छ । यसरी प्राचीनकालदेखि वर्तमान समयसम्म आइपुग्दा कीर्तिपुरले ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय, राजनीतिक तथा शैक्षिक प्राज्ञिक महत्वको थलोका रुपमा आफ्नो परिचय प्रस्तुत गरेको पाइन्छ (कीर्तिपुर न.पा. २०७३) ।

### ४.२.२ भौगोलिक अवस्था (Geographical Situation )

काठमाडौं उपत्यकाको दक्षिण-पश्चिम क्षेत्रमा उपत्यकादेखि करिब सात कि.मि. को दुरीमा अवस्थित कीर्तिपुर काठमाडौं महानगरपालिकाको प्रमुख नगरपालिकाहरु मध्येको एक हो । वि.स. २०५३ साल बैशाख १४ गते स्थापना भएको यस नगरपालिकामा तत्कालिन गा.वि.स.हरु लायकु, चिठुविहार, पालिफल, विष्णुदेवी, चम्पादेवी, चोभार, बालकुमारी र बाहिरी गाउँलाई समेटेर निर्माण गरिएको र स्थापना कालदेखि नै कुल १९ वटा वडाहरुमा विभाजन गरिएको छ (कीर्तिपुर न.पा., २०७३) ।

भौगोलिक हिसाबले २७° १०' देखि २७° ४२' उत्तरी अक्षांश तथा ८५° १०' देखि ८५° ३३' पुर्वी देशान्तर सम्म फैलिएको यस नगरपालिकाले १४.६७ वर्ग कि.मी. अर्थात् १८०१.३५ हेक्टर क्षेत्रफल ओगटेको छ । यस नगरपालिकाको पूर्वी सिमाना ललितपुर उप महानगरपालिकासँग बागमती नदीले छुट्याएको छ भने पश्चिममा चन्द्रागिरि नगरपालिका, उत्तरमा काठमाडौँ महानगरपालिका तथा दक्षिणी सिमाना दक्षिणकाली नगरपालिकासँग जोडिएको छ । समशीतोष्ण हावापानी पाइने यस नगरपालिकामा बागमती, बल्खु र बोसन गरी तीनवटा नदी र उपत्यकाका प्रमुख दहहरुमध्येको एउटा टौदह पनि पर्दछ (कीर्तिपुर न.पा., २०७३) ।

### ४.२.३ जनसांख्यिक अवस्था (Demographic Situation)

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये कीर्तिपुर नगरपालिकाको कुल जनसंख्या ६५,६०२ रहेको छ । यस नगरपालिकाको कुल जनसंख्या मध्ये पुरुषको संख्या ३६,४७६ (५५.६० प्रतिशत) रहेको छ भने महिलाको संख्या २९,१२६ (४४.४० प्रतिशत) रहेको छ । तसर्थ नेपालको समग्र जनसंख्यामा पुरुषको भन्दा महिलाको जनसंख्या बढि रहेतापनि यस न.पा. को हकमा भने त्यसको ठिक विपरित अर्थात् महिलाको तुलनामा पुरुषको जनसंख्या ७,३५० ले बढी रहेको पाइन्छ । यस न.पा. मा १९,४४१ घर परिवारको बसोबास रहेको छ भने औसत परिवार संख्या ३.३८ जना प्रति परिवार रहेको पाइन्छ । यस नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर ४.८ प्रतिशत रहेको छ, जुन नेपालको समग्र जनसंख्या वृद्धिदर (१.३५ प्रतिशत) भन्दा बढी हो । यसका अतिरिक्त घरभाडामा अस्थायी रुपमा बसोबास गर्नेहरुको संख्या पनि अत्यधिक रहेको पाइन्छ (कीर्तिपुर न.पा., २०७३) ।

कीर्तिपुर न.पा.को वडागत जनसंख्या र ती वडाले ओगटेको क्षेत्रफललाई तलको तालिकामा देखाइएको छ :

**तालिका ४.३**

**कीर्तिपुर न.पा.को जनसंख्या र क्षेत्रफल (जनगणना २०६८)**

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा जनसंख्या | क्षेत्रफल (हे) |
|---|---|---|---|---|---|
| १ | १९१५ | ३६७४ | ३०३४ | ६७०८ | ४३.११ |
| २ | १८६३ | ३६१० | ३११८ | ६७२८ | ७१.८९ |
| ३ | २५०२ | ४३५२ | २९९१ | ७३४३ | १७०.७५ |
| ४ | ६९० | १३२४ | १०७२ | २३९३ | ५.९३ |
| ५ | ९८५ | १९०१ | १५३८ | ३४३९ | २५.०८ |
| ६ | ४२९ | ८३७ | ८४४ | १६८१ | २५.१९ |
| ७ | ७०० | १४५३ | १४२४ | २८७७ | २२९.२८ |
| ८ | ५०४ | ११३३ | ११६३ | २२९६ | ३१३.४० |
| ९ | ७७१ | १३३९ | ९३३ | २२७२ | ८.८४ |
| १० | ५८८ | ११०८ | ८२६ | १९३४ | ८.३५ |
| ११ | ११४८ | २१४० | १५४१ | ३६८१ | ८५.८२ |
| १२ | ८७९ | १६८१ | १३९६ | ३०७७ | ७२.८२ |
| १३ | ३६० | ६७५ | ७११ | १३८६ | १२६.९४ |
| १४ | ४६८ | १०४७ | १०८२ | २१२९ | १०२.८० |
| १५ | ८५० | १८६४ | १९०३ | ३७३७ | २३५.११ |
| १६ | ७९२ | १४२९ | १०८१ | २५१० | ८७.६६ |
| १७ | २०५३ | ३४८२ | २२५० | ५७३२ | ५६.१२ |
| १८ | १७२२ | २९३४ | १७२७ | ४६६१ | ३४.५२ |
| १९ | २२२ | ४९३ | ४९२ | ९८५ | ९७.७४ |
| जम्मा | १९४४१ | ३६४७६ | २९१२६ | ६५६०२ | १८०१.३५ |

स्रोत: कीर्तिपुर  न.पा., २०७३

तालिका ४.३ मा कीर्तिपुरका १९ वटै वडाहरुमा रहेका परिवार संख्या, कुल जनसंख्या, महिला र पुरुषको जनसंख्या तथा ती वडाहरुले ओगटेको क्षेत्रफललाई देखाइएको छ ।

### ४.२.४ सामाजिक विशेषताहरु (Social Features )

ऐतिहासिक रुपमा प्रसिद्धि पाएको यस कीर्तिपुर नगरपालिकामा जातीय तथा भाषिक स्वरुप, धार्मिक तथा सांस्कृतिक अवस्थामा विविधताजस्ता सामाजिक सांस्कृतिक विशेषताहरु प्राचीन समयदेखि हालसम्म पनि प्रचलित रहेका छन् । सामाजिक विशेषता अर्न्तगतका मुख्य उपशीर्षकहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### १) जातीय तथा भाषिक स्वरुप (Nature of Racial and Language )

कीर्तिपुर नगरपालिकामा मुख्य रुपमा प्राचीन जनजाति मुलका नेवार समुदायको बाहुल्यता रहेको पाइन्छ । यस जनजातिका अलावा ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, मगर, दमाई र कामी जस्ता जातजातिको पनि यस नगरपालिकामा बसोबास रहेको छ । माथि प्रस्तुत गरिएका जातजातिबाहेक नगण्य संख्यामा अन्य जातजातिहरु पनि यस क्षेत्रमा बसोबास गर्दछन । समग्रमा कीर्तिपुर नगरपालिकाको जातीय स्वरुपलाई निम्न तालिकाद्धारा अझ प्रष्ट पार्न सकिन्छ :

**तालिका ४.४**

**कीर्तिपुरका प्रमुख जातजातिहरु - २०७२**

| क्र.स. | जातजाति | जनसंख्या (प्रतिशतमा) |
|---|---|---|
| १ | नेवार | ६५.८३ |
| २ | क्षेत्री | २०.१४ |
| ३ | ब्राह्मण | ९.०२ |
| ४ | तामाङ | १.४२ |
| ५ | मगर | १.१० |
| ६ | अन्य | २.४९ |
| | जम्मा | १०० |

स्रोत : वार्षिक नगर विकास योजना २०७३ - २०७४

तालिका ४.४ को आधारमा कीर्तिपुर नगरपालिकाको कुल जनसंख्यामध्ये सबैभन्दा बढी नेवार जाति ६५.८३ प्रतिशत र सबैभन्दा कम मगर १.१० प्रतिशत रहेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने यस क्षेत्रको अधिकांश भुभाग नेवारी समुदायकै बाहुल्यता रहेको छ ।

कीर्तिपुर नगरपालिकाको सामाजिक विशेषताअन्र्तगतको जातीय स्वरुपलाई प्रस्तुत गरिसकेपछि यस क्षेत्रको भाषिक स्वरुपलाई पनि विश्लेषण गर्नु उपयुक्त हुने भएकाले यस अध्ययनमा कीर्तिपुर नगरपालिकाको समग्र क्षेत्रमा बोलिने प्रमुख भाषाहरुलाई तलको तालिकाको माध्यमबाट देखाइएको छ :

**तालिका ४.५**

**कीर्तिपुर मा बोलिने प्रमुख भाषाहरु - २०७२**

| क्र.स. | प्रमुख भाषाहरु | जनसंख्या (प्रतिशतमा) |
|---|---|---|
| १ | नेपाल (नेवारी) | ५९.३५ |
| २ | नेपाली | ३४.२२ |
| ३ | तामाङ | १.०२ |
| ४ | अन्य | ५.४१ |
| | जम्मा | १०० |

स्रोत : वार्षिक नगर विकास योजना २०७३ - २०७४

तालिका ४.५ मा कीर्तिपुर नगरपालिकामा बोलिने प्रमुख भाषाभाषीहरुलाई प्रस्तुत गरिएको छ जसमा नेपाल भाषा अर्थात् नेवारी समुदायले बोल्ने भाषा कै बाहुल्यता रहेको छ किनभने यस क्षेत्रको अधिकांश भु- भागमा नेवार जातिको बाक्लो बस्ती रहेको छ र उनीहरु आफ्नै मातृभाषाद्धारा एकअर्कामा विचारको आदानप्रदान गर्दछन् ।

## २) धार्मिक तथा सांस्कृतिक स्वरुप (Nature of Religion and Culture )

नेपाल उपत्यकामा सबैभन्दा पहिले बस्ती बसेका क्षेत्रहरुमध्ये एउटा प्रमुख क्षेत्र कीर्तिपुर नगरपालिका पनि हो । यस क्षेत्रमा नेवार, ब्राह्मण, क्षेत्री तामाङ, मगर, गुरुङ आदि जातजातिको बसोबास रहेको छ । विभिन्न धर्म मान्ने यी जातजातिहरुको आ-आफ्नै किसिमको धार्मिक तथा आध्यात्मिक विश्वास, रितीरिवाज, चालचलन र एक धर्म मान्नेले अर्को धर्मको विरोध नगरी धार्मिक साहिष्णुता कायम राख्ने सक्ने क्षमता पनि रहेको छ । सांस्कृतिक रुपमा पनि यी विविध जातजातिहरुको आ आफ्नै जातीय तथा धार्मिक संस्कार

अनुरुपका चाडपर्वहरु मनाउने परिपाटी रहेको छ । समग्रमा कीर्तिपुर नगरपालिकाको धार्मिक स्वरुपलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.६**

**कीर्तिपुरको धार्मिक तथा सांस्कृतिक स्वरुप - २०७२**

| क.स. | धर्म | जनसंख्या |
|---|---|---|
| १ | हिन्दु | ७४.६७ |
| २ | बौद्ध | १७.९१ |
| ३ | क्रिश्चियन | ५.७८ |
| ४ | अन्य | १.६४ |
| | जम्मा | १०० |

स्रोत : वार्षिक नगर विकास योजना २०७३ - २०७४

नेपालको एघारौं राष्ट्रिय जनगणनाअनुसार कुल जनसंख्यामध्ये ८२ प्रतिशत भन्दा वढी हिन्दु धर्मावलम्बीहरु रहेकोमा यस कीर्तिपुर नगरपालिकामा पनि कुल जनसंख्यामध्ये सबैभन्दा बढी हिन्दु धर्मावलम्बी ७४.६७ प्रतिशत रहेको देखिन्छ । त्यसपछि क्रमशः बौद्ध एवम् इसाई धर्मावलम्वीको बसोबास रहेको छ । विशेष गरि मठ, मन्दिर, गुम्बा, बौद्ध मुर्ति विहार र केही मात्रामा चर्चहरु पनि यस क्षेत्रमा देख्न पाइन्छ ।

## ४.२.५ पूर्वाधारको अवस्था (Situation of Infrastructures)

कीर्तिपुर नगरपालिकाले नगरपालिका बन्नका लागि आवश्यक पर्ने सम्पुर्ण शर्तहरु पनि पुरा गरेको तथा महानगरपालिका र उपमहानगरपालिकासंगै सिमाना जोडिएको उपत्यका भित्रै पर्ने एक नगरपालिकासमेत भएको हुँदा यस न.पा. को पुर्वाधारको विकास राम्ररी भएको पाइन्छ । कीर्तिपुर नगरपालिकाको पुर्वाधारको अवस्थालाई तलका विभिन्न उपशीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### क) स्वास्थ्य (Health )

कीर्तिपुर नगरपालिकाको स्वास्थ्य स्थितिको विश्लेषण गर्दा यस क्षेत्रमा सरकारी स्तरबाट सञ्चालित एउटा स्वास्थ्य केन्द्र र आठवटा उपस्वास्थ्य चौकीहरु रहेका छन । यसका साथै निजी क्षेत्रबाट सञ्चालित एउटा अस्पताल र ३० वटा निजी स्तरका क्लिनिकहरु रहेका छन भने एउटा सामुदायिक स्तरको क्लिनिक रहेको छ । यी स्वास्थ्य संस्थामा तालिम प्राप्त महिला स्वास्थ्य स्वयमसेविकाको संख्या ११३ जना रहेको छ । तसर्थ कीर्तिपुर नगरपालिका स्वास्थ्य सेवा तथा सुविधाका दृष्टिकोणले उपयुक्त नै रहेको भन्न सकिन्छ (कीर्तिपुर न.पा. २०७३) ।

### ख) खानेपानी (Drinking Water )

कीर्तिपुर नगरपालिका क्षेत्रभित्र निजी प्रयोगका ४,३७० वटा धाराहरु रहेका छन । त्यसैगरी यहाँ २५,७०,००० लिटर क्षमताको ट्याङकी पनि रहेको छ । यस नगरपालिकामा लुगा धुने, सरसफाई गर्ने तथा सिँचाइ लगायतका कार्यमा आवश्यक पर्ने पानी इनार खनेर उपलब्ध गराइएको छ (कीर्तिपुर न.पा. २०७३) ।

### ग) सरसफाई (Sanitation )

कीर्तिपुर नगरपालिका घना बसोबास भएको एक शहर भएको हुँदा यहाँ दैनिक १६ टन फोहोर उत्पादन हुने गरेको छ, जसमध्ये ९ टन फोहोरलाई विभिन्न चारवटा संस्थाहरुले संकलन गर्ने गरेको छन् । कुल घरधुरी १९,४४१ मध्ये १५०० घरधुरी संख्याले प्लाष्टिकजन्य फोहोरलाई कम्पोष्ट मल बनाउने गरेको पाइन्छ (कीर्तिपुर न.पा. २०७३) ।

### घ) विद्युत तथा सञ्चार (Electricity and Communication)

विद्युत तथा सञ्चार क्षेत्रमा उल्लेख्य प्रगति गरेको यस कीर्तिपुर नगरपालिकाको कुल क्षेत्रमध्ये ९९ प्रतिशत क्षेत्र विद्युतीकरण भइसकेको छ भने बाँकी एक प्रतिशत क्षेत्रमा विद्युतीकरण हुन सकेको छैन । यस नगरपालिकाको सञ्चार सेवाको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.७**

**कीर्तिपुर नगरपालिकाको सञ्चारको अवस्था - २०७२**

| सञ्चार सेवा | संख्या |
|---|---|
| टेलिफोन सेवा | ७२५० |
| इलाका हुलाक | १ |
| साप्ताहिक पत्रिका | ४ |
| केवल नेटवर्क | २ |
| टेलिभिजन | १ |

स्रोत : वार्षिक नगर विकास योजना २०७३ - २०७४

तालिकामा प्रस्तुत गरिएको सञ्चार सेवाहरुका अतिरिक्त यस क्षेत्रमा नेपाल टेलिकमको शाखा कार्यालयले पनि सेवा प्रदान गर्दै आएको छ।

### ४.२.६ शैक्षिक अवस्था (Educational Situation)

प्राचीन वस्तीहरु मध्येको एक महत्वपुर्ण वस्तीको रुपमा रहेको कीर्तिपुर नगरपालिकामा बसोबास गर्ने प्रमुख बासिन्दाहरु हिन्दु र बौद्ध धर्मावलम्बी भएको हुँदा यहाँको शिक्षा पनि तिनै धर्म, संस्कार र पद्धतिअनुरुप विकास हुदै आएको पाइन्छ।

वि.स. १९१० मा नेपालको शिक्षा पद्धति आधुनिक युगमा प्रवेश गरेपछि मुलुकभरि एउटै शिक्षा पद्धति लागु भएकोले कीर्तिपुरमा पनि देशका अन्य भागहरुको झैं समान किसिमको शिक्षा व्यवस्था रहेको पाइन्छ । समग्रमा कीर्तिपुर नगरपालिकाको शैक्षिक अवस्थालाई तालिका ४.८ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.८**

**कीर्तिपुर नगरपालिकाको शैक्षिक अवस्था - २०७२**

| शिक्षण संघसंस्था | निजी | सरकारी | जम्मा |
|---|---|---|---|
| त्रिभुवन विश्वविद्यालय | ० | १ | १ |
| क्याम्पस | २ | ० | २ |
| उ.मा.वि. | ३ | ३ | ६ |
| मा.वि. | १८ | १० | २८ |
| प्रा.वि. | ४ | ६ | १० |
| महिला विद्यालय | १ | ० | १ |
| शिशु स्याहार केन्द्र | ० | ४ | ४ |

स्रोत : वार्षिक नगर विकास योजना २०७३ - २०७४

तालिका ४.८ मा कीर्तिपुर नगरपालिकामा त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसका साथै सरकारी स्तरका प्रा .वि ६ वटा, मा .वि १० वटा, उच्च मा .वि ३ वटा, ४ वटा शिशु स्याहार केन्द्र तथा निजी स्तरमा ४ वटा प्रा. वि, १८ वटा मा. वि, ३ वटा उ .मा. वि र २ वटा क्याम्पस रहेको देखिन्छ भने निजी स्तरको शिशु स्याहार केन्द्र भने नरहेको देखिन्छ ।

### ४.२.७ आर्थिक अवस्था (Economic Situation)

कीर्तिपुर नगरपालिकाको समग्र आर्थिक अवस्थालाई निम्न उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ :

#### १) उधोग, पेशा र व्यवसाय (Industries, Profession and Business)

कीर्तिपुर नगरपालिकाको प्रमुख पेशा व्यापार भएतापनि वर्तमान सयममा कृषि र घरभाडा पनि मुख्य पेशा एवम् व्यवसायका रुपमा फस्टाउदै आएका छन् । यसका अतिरिक्त बैंक तथा सहकारीहरु, ट्युसन सेन्टरहरु, निजी तथा सरकारी जागिर र शिक्षण लगायतका अन्य थुप्रै पेशागत एवम व्यवसायिक संस्थाहरु पनि सञ्चालित छन् । अहिलेको तत्कालिन

समयमा कीर्तिपुर नगरपालिकामा दुई वटा उद्योग र १७२५ वटा विभिन्न किसिमका व्यवसायहरु दर्ता भई सञ्चालनमा  रहेका छन् ।

## २) भू-उपयोग (Land Holding)

कीर्तिपुर नगरपालिकाको सम्पुर्ण भू-उपयोगको अवस्थालाई तालिका ४.१० मा देखाइएको छ :

**तालिका ४.९**

**कीर्तिपुर न. पा. को भू-उपयोगको अवस्था - २०७२**

| क्र.स. | भुमि/क्षेत्र | क्षेत्रफल व.कि.मि |
|---|---|---|
| १ | कृषि भुमि | ६.६७५ |
| २ | वन क्षेत्र | ३.२६२ |
| ३ | आवास क्षेत्र | २.४०६ |
| ४ | सघंसंस्था | १.०९८ |
| ५ | उद्योग क्षेत्र | ०.४६२ |
| ६ | खोलानाला /बगर | ०.११२९ |
| ७ | अन्य क्षेत्र | १.२७५९ |
| | जम्मा | १४.६७ |

स्रोत : वार्षिक नगर विकास योजना २०७३ - २०७४

तालिका ४.९ मा कुल भुमिमध्ये कृषि भुमिले ओगटेको क्षेत्र सबैभन्दा बढी ६.६७५ व.कि.मि. भएकाले वर्तमान समयमा यस क्षेत्रका बासिन्दा व्यवसायिक कृषिको रुपमा तरकारी खेतीतर्फ आकर्षित भएको देखिन्छ ।

## ३) बैंक तथा वित्तीय संघसंस्था ( Bank and Financial Organization )

कीर्तिपुर नगरपालिकाको आर्थिक अवस्थालाई मध्यनजर गर्दा यस क्षेत्रमा निम्नानुसारका बैंक तथा वित्तीय संस्थाहरु रहेका छन ।

**तालिका ४.१०**

**बैंक तथा वित्तीय संघसंस्थाहरु - २०७२**

| क्र.स. | बैंक तथा वित्तीय संघसंस्थाहरु | संख्या |
|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | १ |
| २ | नेपाल बैंक लिमिटेड | १ |
| ३ | कृषि विकास बैंक | १ |
| ४ | एस डेभलपमेन्ट बैक | १ |
| ५ | एभरेष्ट बैंक लिमिटेड | १ |
| ६ | एन आई सी एसिया बैंक | १ |
| ७ | सिटिजन बैक | १ |
| ८ | ग्लोबल | १ |
| ९ | सिभिल बैक | १ |
| १० | सहकारी संस्था | ८६ |

स्रोत : वार्षिक नगर विकास योजना २०७३ - २०७४

तालिका ४.१० मा नेपालमा भएका २९ वटा वाणिज्य बैंकहरुमध्ये ९ वटा बैकको एक एक वटा शाखा कार्यालय कीर्तिपुरमा रहेको र ८६ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेको कुरालाई प्रस्तुत गरिएको छ ।

**४.३ अध्ययन क्षेत्रको जनसांख्यिकीय अवस्था (Demographic Situation of Study Area)**

यस सामाजिक विकास कृषक समूहद्वारा सञ्चालित च्याउ फर्मको जनसांख्यिक अवस्थालाई विश्लेषण गर्नका लागि यस फर्ममा कार्यरत कामदार तथा व्यवसायीको परिवारका सम्पूर्ण सदस्यको उमेर तथा लैङ्गिक विवरणलाई मुख्य आधार लिइएको छ :

**४.३.१ अध्ययन क्षेत्रको उमेरगत जनसंख्या विवरण ( Demographic Description of Study Area on the Basis of Age)**

यस सामाजिक विकास कृषक समूहद्वारा सञ्चालित च्याउ फर्मका व्यवसायीको परिवारमा ८ जना सदस्य संख्या तथा ४ जना स्थायी कामदारको प्रत्येकको परिवारमा ४/४ जना

सदस्य संख्या रहेको स्थलगत सर्वेक्षणका आधारमा प्राप्त भयो । सोही आधारमा फर्मको उमेरगत जनसंख्या विवरणलाई तालिका ४.११ को सहायताद्धारा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**
**अध्ययन क्षेत्रको उमेरगत जनसंख्या विवरण - २०७२**

| क्रम संख्या | उमेर समुह (वर्ष) मा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०-१० | १०-२० | २०-३० | ३०-४० | ४०-५० | ५०-६० | जम्मा |
| व्यवसायीको परिवार | - | २ | ३ | १ | - | २ | ८ |
| कामदारको परिवार | ४ | ३ | ३ | ४ | २ | - | १६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.११ मा अध्ययन क्षेत्रको जनसंख्यालाई उमेरको आधारमा प्रस्तुत गरिएको छ, जसअनुसार व्यवसायीको परिवारका कुल ८ जना सदस्यमध्ये १०-२० वर्ष उमेर समूहका २ जना, २०-३० वर्ष उमेर समूहका ३ जना, ३०-४० वर्ष उमेर समूहका १ जना र ५०-६० वर्ष उमेर समूहका २ जना सदस्य रहेको पाइयो भने चारजना स्थायी कामदारको प्रत्येकको परिवारमा ४/४ जना सदस्य रहेको पाइयो जसमा ०-१० वर्ष उमेर समूहका ४ जना, १०-२० वर्ष उमेर समूहका ३ जना, २०-३० वर्ष उमेर समूहका ३ जना, ३०-४० वर्ष उमेर समूहका ४ जना र ४०-५० वर्ष उमेर समूहका २ जना सदस्य रहेको स्थलगत सर्वेक्षणका आधारमा प्राप्त भयो ।

## ४.३.२ अध्ययन क्षेत्रको लैङ्गिक जनसंख्या विवरण (Demographic Description of Study Area on the Basis of Gender)

नमूना छनौटमा परेको सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको जनसंख्यासम्बन्धी विवरणलाई लिङ्गको आधारमा तालिका ४.१३ को सहायताबाट देखाउन सकिन्छ :

**तालिका ४.१२**

**अध्ययन क्षेत्रको लैङ्गिक जनसंख्या विवरण - २०७२**

| क.सं | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| व्यवसायीको परिवार | ४ | ४ | ८ |
| कामदारको परिवार | ९ | ७ | १६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१२ मा सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मका व्यवसायी तथा कामदारको पारिवारिक लैङ्गिक विवरणलाई देखाइएको छ, जसअनुसार व्यवसायीको परिवारका कुल ८ सदस्यमध्ये ४ जना पुरुष र ४ जना महिला रहेका छन् भने ४ जना कामदारको परिवारका १६ जना सदस्यमध्ये ९ जना महिला र ७ जना पुरुष रहेको पाईयो ।

## ४.४ च्याउ फर्मको वर्तमान अवस्था (Current Situation of Mushroom Firm)

पौष्टिकता, स्वाद तथा औषधीय गुण र विशेषताले भरिपुर्ण तरकारीको रुपमा रहेको च्याउ खेतीको लागत लाभ विश्लेषण गर्नका लागि काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका ७ भत्केपाटीमा अवस्थित सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मलाई छनोट गरी उक्त फर्मसम्बन्धी सम्पुर्ण विवरणहरु स्थलगत सर्वेक्षणबाट प्राप्त भएको छ । यस फर्मको वर्तमान अवस्थालाई निम्न बुँदाहरुको आधारमा प्रष्ट पार्न सकिन्छ :

क) स्थापना : यस च्याउ फर्मको स्थापना वि.सं.२०७० सालमा भएको हो जसका लागि स्थानीय रुपमा खोलिएको सहकारीबाट रु.१२,००,००० ऋण वार्षिक १४ प्रतिशत ब्याजदरमा लिइएको थियो ।

ख) जग्गा भाडा : यस च्याउ फर्मको सञ्चालनका लागि १० रोपनी जग्गा प्रतिरोपनी १२००० भाडा तिर्ने गरी लिई सोही आधारमा फर्मलाई अगाडि बढाइएको छ ।

ग) च्याउको प्रकार : च्याउका विभिन्न प्रकारहरु जस्तैः पराले, रातो वा डाडु आकार, बगाले तथा कन्ये च्याउमध्ये यस फर्ममा केवल कन्ये च्याउको मात्र खेती गरिएको छ ।

घ) उत्पादन प्रक्रिया : चार हप्तामा टिप्न योग्य हुने यो कन्ये च्याउ एक वर्षमा ३ पटकसम्म लगाउन सकिन्छ । प्रत्येक पटक च्याउ टिपेपछि एक महिनाको समय ग्याप हुन्छ तसर्थ यो च्याउको खेती १ वर्षमा ९ महिना गरिन्छ भने बाँकी ३ महिनाको समय खेतीविहीन अवस्थामा रहन्छ ।

ङ) कामदार संख्या : यो फर्ममा ४ जना स्थायी कर्मचारीले काम गर्दै आएका र आवश्यक परेको समयमा दैनिक ज्यालादारीका थप अस्थायी कर्मचारीको पनि व्यवस्था गर्ने गरिएको छ ।

च) उत्पादन परिमाण : सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको वर्तमान अवस्थालाई विश्लेषण गर्दा एक वर्षमा तीन लट च्याउ उत्पादन हुने र एक लटमा ६००० बल उत्पादन गर्न सक्ने देखिन्छ । एक वटा बलमा ३ के.जी.उत्पादन हुने भएकाले प्रतिलट १८००० के.जी. च्याउ उत्पादन हुने गर्दछ ।

**४.५ मान्यताहरु (Assumptions)**

सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित कन्ये च्याउ फर्मको स्थलगत सर्वेक्षणको आधारमा च्याउ खेतीसम्बन्धी निम्नलिखित मान्यताहरु पाइयो ।

क) कन्ये च्याउ एक वर्षमा ३ पटक लगाउन सकिन्छ ।

ख) व्यवसायिक तथा उपभोग्य दृष्टिकोणले कन्ये च्याउ चार हप्तामा टिप्न योग्य हुन्छ ।

ग) एक पटकमा कन्ये च्याउ ६,००० बल उत्पादन गर्न सकिन्छ भने एक वटा बलमा ३ के .जी. च्याउ हुन्छ ।

घ) प्रत्येक पटक च्याउ टिपेपछि १ महिना ग्याप हुन्छ । तसर्थ एक वर्षमा कन्ये च्याउको खेती ९ महिनासम्म गरिन्छ ।

ङ) अध्ययन गरिएको वर्ष २०७२ मा च्याउको औसत मुल्य रु ११२ प्रति के.जी. रहेको छ ।

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

### ४.६ च्याउ फर्मको लागत (Cost of the Mushroom Firm)

कुनै पनि परियोजना निर्माणदेखि लिएर उत्पादित वस्तु तथा सेवाहरु वितरणको प्रक्रियासम्म लाग्ने सम्पुर्ण खर्चलाई लागत भनिन्छ । अर्थात् उत्पादन कार्यमा उत्पादनका साधनहरु प्रयोग गरेबापत तिर्नुपर्ने मुल्य वा रकम नै लागत हो । लागतभित्र पूजीँ खर्च, श्रम खर्च, मेनेजरहरुको तलबभत्ता, प्राकृतिक साधन र कच्चापदार्थमा लाग्ने खर्च, विज्ञापन खर्च आदि खर्चहरु समाविष्ट हुन्छ । कुनै पनि व्यक्ति व्यवसायमा संलग्न हुदैमा मात्र उसको जीवनस्तरमा सुधार हुन सक्दैन । व्यवसायको माध्यमबाट व्यक्तिको जीवनस्तर सुधार गर्न उचित तरिकाले लगानी गर्न जान्नुपर्दछ । कुनै पनि वस्तु शुन्य लागतमा उत्पादन हुन सक्दैन् । तसर्थ आर्थिक क्षेत्रमा वस्तुसंग प्रत्यक्ष सम्बन्ध राख्ने उत्पादन कार्यको प्रमुख तत्वको रुपमा लागतलाई लिने गरिन्छ । उद्योग, फर्म, व्यवसाय तथा कलकारखानाको लागि लागत महत्वपूर्ण कुरा भएकोले सम्पूर्ण व्यवसायको आर्थिक अवस्थाको यथेष्ट सूचना प्रदान गर्दै मूल्यनिर्धारण गर्नमा यसले सहायता प्रदान गर्दछ । व्यवसाय सञ्चालनको मुख्य उद्देश्य नै न्युनतम लागतमा अधिकतम उत्पादन गरी नाफा आर्जन गर्नु भएकाले व्यवसायमा संलग्न हुदैमा मात्र व्यवसायीको जीवनस्तर मा सुधार हुन सक्दैन । त्यसका लागि व्यवसाय सुरुवात तथा सञ्चालनका क्रममा उचित तरिकाले लगानी गर्न सक्नुपर्दछ । यस अध्ययनमा समावेश भएको च्याउ फर्मको लागत विवरणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### ४.६.१ फर्मको स्थिर लागत ( Fixed Cost of the firm)

अल्पकालमा उत्पादन प्रक्रियामा स्थिर साधनहरु जस्तै : मेसिन, भवन, भुमि आदिमा लाग्ने लागतलाई स्थिर लागत भनिन्छ । अल्पकाल भनेको छोटो समयावधि हो, यसमा सम्पुर्ण साधनलाई परिवर्तन गर्न सकिदैन । यिनै परिवर्तन गर्न नसकिने साधनलाई दिइने रकम नै स्थिर लागत हो । यस अध्ययनमा च्याउ फर्ममा लाग्ने जग्गाको भाडा, ब्याज तथा करलाई स्थिर लागत मानिएको छ । यस अनुसन्धानमा अध्ययन गरिएको च्याउ फर्मको स्थिर लागत विवरण निम्नानुसार रहेको छ :

**तालिका ४.१३**

**फर्मको स्थिर लागत विवरण - २०७२**

| क्र.स. | लागत शीर्षक | रकम रु.मा | प्रतिशत |
|---|---|---|---|
| १ | जग्गा भाडा | १४,४०,००० | ८९ |
| २ | ब्याज | १,६८,००० | १०.३८ |
| ३ | कर | १०,००० | ०.६२ |
| | जम्मा | १६,१८,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१३ मा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको एक वर्षभरिको स्थिर लागतलाई देखाइएको छ । उक्त तालिकाअनुसार १ रोपनीको रु १२००० का दरले १० रोपनी जग्गाको रु १४,४०,००० र बैंकबाट लिएको रु १२,००,००० ऋणको वार्षिक ब्याज रु १,६८,००० रहेको छ । त्यस्तै उक्त फर्मले बार्षिक रुपमा रु १०,००० कर तिर्ने गरेको कुरा स्थलगत सर्वेक्षणबाट प्राप्त भयो । यसरी स्थलगत सर्वेक्षणको आधारमा उक्त च्याउ फर्मको स्थिर लागत रु १६,१८,००० रहेको छ ।

### ४.६.२ फर्मको परिवर्तनशील लागत (Variable Cost of the firm)

अल्पकालमा विभिन्न परिवर्तनशील साधनहरुमा गरिने खर्च नै परिवर्तनशील लागत हो । उत्पादन शुन्य हुँदा यो लागत लाग्दैन, जब उत्पादन बढ्दै जान्छ तब परिवर्तनशील लागत बढदै जान्छ । उत्पादनका परिवर्तनशील लागतअर्न्तगत कच्चापदार्थ, ज्याला, ढुवानी खर्च, इन्धन आदिजस्ता कार्यमा लाग्ने खर्चहरु वा लागत पर्दछन् । अध्ययन क्षेत्रमा परेको सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको परिवर्तनशील लागतअनुसार कामदारलाई प्रदान गर्ने तलब, बीउ, दाउरा, डोरी/ प्लाष्टिक, पराल, बाँस, औषधी र पानी जस्ता सम्पुर्ण शीर्षकहरुमा लागेको जम्मा खर्चलाई परिवर्तनशील लागत शीर्षकअनुसार निम्नानुसारको तालिकाद्धारा प्रस्तुत गरिएको छ :

**तालिका ४.१४**

**फर्मको परिवर्तनशील लागत विवरण - २०७२**

| शीर्षक | प्रति लट लागत रु.मा | वार्षिक लागत रु.मा | प्रतिशत |
|---|---|---|---|
| बीउ | १,२०,००० | ३,६०,००० | १३.०८ |
| डोरी/ प्लाष्टिक | ८०,००० | २,४०,००० | ८.७२ |
| तलब | - | ७,२०,००० | २६.१८ |
| पराल | २,७०,००० | ८,१०,००० | २९.४४ |
| दाउरा | १,२०,००० | ३,६०,००० | १३.०८ |
| बाँस | २७,००० | ८१,००० | २.९५ |
| औषधी | २५,००० | ७५,००० | २.७३ |
| पानी | ३५,००० | १,०५,००० | ३.८२ |
| जम्मा | ६,७७,००० | २७,५१,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१४ लाई विश्लेषण गर्दा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्ममा कार्यरत कामदारका लागि वार्षिक तलब रु.७,२०,००० तथा कन्ये च्याउ उत्पादनका लागि प्रतिलट रु १,२०,००० को बिउ लाग्ने र वर्षमा ३ पटक च्याउ उत्पादन गर्न सकिने भएकोले बार्षिक रु ३,६०,००० च्याउको बीउमा लागत लाग्ने गरेको पाइयो । त्यस्तै च्याउ उत्पादनका लागि प्रतिलट रु ८०,००० को डोरी र प्लाष्टिक लाग्ने भएकाले बार्षिक रु २,४०,००० लागत लागेको तालिकाबाट प्रस्ट हुन्छ । तालिका ४.१५ लाई अध्ययन गर्दा च्याउ उत्पादनका लगि आवश्यक पर्ने कच्चापदार्थमा परालमा सबैभन्दा बढि लागत लाग्ने कुरा प्रष्ट हुन्छ किनकी एक लट च्याउ उत्पादन गर्न रु २,७०,००० को पराल लाग्ने गर्दछ भने बार्षिक रुपमा कन्ये च्याउको उत्पादनको लागि रु ८,१०,००० अर्थात् ३९.८८ प्रतिशत परालको आवश्यकता पर्दछ । कन्ये च्याउको खेतीका लगि भिजाएको परालालाई बफ्याउनुपर्दछ, जसका लागि दाउराको आवश्यकता पर्दछ । एक लटको च्याउ उत्पादनका लागि रु १,२०,००० को दाउरा चाहिन्छ भने बार्षिक रुपमा रु ३,६०,००० को दाउरा लाग्ने गर्दछ । त्यस्तै कन्ये च्याउ उत्पादनका लगि बाँस, औषधी र पानी जस्ता कच्चापदार्थको

लागि पनि लागत लाग्ने गर्दछ । बाँस प्रतिलट रु.२७,००० र बार्षिक रु.८१,००० को लाग्दछ भने औषधि प्रतिलट रु २५,००० र वार्षिक रु ७५,००० को लाग्दछ । त्यस्तै पानी प्रतिलट रु ३५,००० र वार्षिक रु १,०५,००० को लाग्दछ । यी सम्पुर्ण शीर्षकमा लाग्ने लागतलाई जोड्दा प्रतिलट रु ६,७७,००० र वार्षिक रु २७,५१,००० परिवर्तनशील साधनमा लागत लाग्ने कुरा फर्मको स्थलगत सर्वेक्षणको आधारमा जानकारी प्राप्त भयो ।

### ४.६.३ फर्मको कुल लागत (Total Cost of the Firm)

कुनै पनि वस्तु उत्पादन गर्दा लाग्ने सम्पुर्ण खर्चलाई कुल लागत भनिन्छ । अर्थात् अल्पकालमा स्थिर साधनहरु माथि गरिएको खर्च वा लागत र परिवर्तनशील साधनहरु माथि गरिएको खर्च वा लागतको योगफल नै कुल लागत हो । कुल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेमा कुल लागत प्राप्त हुन्छ, अर्थात् उत्पादनका सम्पुर्ण साधनहरु खरिद गर्न तथा उत्पादन प्रक्रियालाई पुर्णता दिन आवश्यक पर्ने सम्पुर्ण खर्चलाई कुल लागत भनिन्छ । यस अध्ययनमा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको कुल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेर कुल लागत निकालिएको छ ।

च्याउ फर्मको कुल लागत = कुल स्थिर लागत + परिवर्तनशील लागत

= रु.१६,१८,००० + रु.२७,५१,०००

= रु.४३,६९,०००

तालिका ४.१३ र ४.१४ को कुल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई विश्लेषण गरी सोही आधारमा च्याउ फर्मको कुल वार्षिक लागत रु.४३,६९,००० रहेको स्थलगत सर्वेक्षणको तथ्यांकका आधारमा प्राप्त भयो ।

### ४.६.४ च्याउको प्रति के.जी. उत्पादन लागत (Per k.g. Production Cost of Mushroom)

यस सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्ममा एक वर्षको अवधिभरमा ३ लट च्याउ उत्पादन हुने तथा प्रतिलट १८००० के.जी. च्याउ उत्पादन हुने भएकाले एक वर्षमा ५४००० के.जी.उत्पादन भएको छ जसका लागि कुल लागत रु.४३,६९००० लागेको

छ । यही कुल लागतको आधारमा च्याउको प्रति के.जी. उत्पादन लागतलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

$$\text{प्रति के.जी.उत्पादन लागत} = \frac{\text{कुल लागत}}{\text{उत्पादन परिमाण}}$$

= रु.४३,६९००० ⁄ ५४००० के.जी.

= रु.८०.९०

तसर्थ यस फर्ममा १ के.जी. च्याउ रु.८०.९० मा उत्पादन भई औसत रु.११२ मा विक्री हुने भएकाले प्रति के.जी. च्याउ विक्रीबाट रु.३१.१० नाफा प्राप्त गरेको देखिन्छ ।

### ४.७ च्याउ फर्मको आय (Revenue of the Mushroom Firm)

कुनै पनि उद्योग वा फर्मले आफुले उत्पादन गरेका वस्तुहरुलाई विभिन्न मुल्यमा बजारमा विक्रीवितरण गरी प्राप्त गरेको रकमलाई आम्दानी भनिन्छ । अर्को शब्दमा उत्पादित वस्तुलाई बजारमा विक्री गरेर प्राप्त हुने मौद्रिक गणना वा स्वरुप नै आम्दानी हो । बस्तुको परिमाण बजार मुल्यमा विक्री गरि प्राप्त गर्ने कुल मौद्रिक परिमाणलाई आय भनिन्छ अर्थात् बस्तुको कुल विक्री परिमाणलाई उक्त वस्तुको मुल्यले गुणन गर्दा प्राप्त हुने गुणनफललाई नै आय ⁄ आम्दानी को रुपमा परिभाषित गर्न सकिन्छ । कुनै पनि फर्मले आफ्नो उत्पादनलाई विक्री गरेपछि प्राप्त हुने रकम नै आम्दानी हो । उपभोक्ताले कुनै वस्तु आफ्नो लागि खरिद गर्दा लागेको खर्च नै उत्पादक वा फर्मको लागि आम्दानी हुन्छ । यस अध्ययनमा उत्पादित च्याउको विक्रीबाट प्राप्त हुने रकमलाई आम्दानीको रुपमा व्याख्या गरिएको छ । अध्ययनमा छनोट गरिएको सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको आयलाई तालिका ४.१६ को माध्यमद्धारा देखाइएको छ :

**तालिका ४.१५**

**च्याउ फर्मको आय - २०७२**

| आय शीर्षक | दर रु.मा | परिमााण (के.जी) | प्रतिलट आय (रु) | प्रतिवर्ष आय (रु) |
|---|---|---|---|---|
| च्याउको विक्री | ११२ | १८००० | २०,१६,००० | ६०,४८,००० |
| जम्मा | | | २०,१६,००० | ६०,४८,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१५ मा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको वार्षिक आयलाई देखाइएको छ । च्याउ खेतीका लागि औषधी, बिउ, पानी लगायतका विभिन्न शीर्षकमा लागत लाग्ने भएतापनि आम्दानीको रुपमा केवल च्याउको विक्री मात्र समाविष्ट हुने गर्दछ । यस फर्ममा प्रति के.जी.रु ११२ का दरले एक लटमा १८,००० के.जी च्याउ रु २०,१६,००० मा विक्री गरिन्छ भने वर्षमा च्याउको विक्री तिनपटक हुने गरेकोले वार्षिक आम्दानी रु ६०,४८,००० हुने गरेको कुरा स्थलगत सर्वेक्षणको आधारमा प्राप्त भएको छ ।

## ४.८ च्याउ फर्मको लाभ (Profit of the Mushroom Firm)

कुनै पनि व्यवसाय सन्चालन गरेबापत व्यवसायीले गरेको खर्च वा लागत कटाई प्राप्त हुने प्रतिफललाई नाफा भनिन्छ । हरेक व्यवसायहरु नाफाको उद्देश्य राखेर सञ्चालित हुन्छन् । यसरी उत्पादन कार्यबाट प्राप्त हुने कुल आयमध्ये त्यसको उत्पादनमा प्रयोग भएका भूमि, श्रम तथा पुँजीलाई क्रमशः लगान, ज्याला र ब्याज दिई बाकी रहेको रकम नै नाफा हो । तसर्थ उत्पादन कार्यमा गरिएको कुल लगानी र उत्पादनबाट प्राप्त हुने कुल आयबीचको अन्तर नै नाफा हो । न्युनतम लागतबाट अधिकतम नाफा आर्जन गर्नु प्रत्येक व्यवसायको लक्ष्य भएअनुसार यस अध्ययनमा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्म पनि नाफाको अभिप्रायले सञ्चालित रहेको कुरा स्थलगत सर्वेक्षणको आधारमा पत्ता लाग्यो । यस अध्ययनमा च्याउ फर्मले उत्पादन गरेको च्याउको विक्रीबाट प्राप्त आम्दानीको कुल योगलाई कुल आय तथा च्याउको उत्पादन देखि विक्री गर्ने समयसम्मको सम्पुर्ण खर्चलाई कुल लागत भनी व्याख्या गरिएको छ । उत्पादन लागत भन्दा बढी आम्दानी प्राप्त भएमा त्यस्तो अवस्थामा नाफा भएको मानिन्छ । व्यवसाय वा फर्म सञ्चालन गर्दैमा सधैंभरि नाफा प्राप्त भइरहन्छ भन्न सकिन्न । विशेष कारणवश कहिलेकाँही फर्मले नोक्सानीको सामना पनि गर्नुपर्दछ । यस अध्ययनमा समावेश भएको सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको नाफा विश्लेषण गर्न स्थलगत सर्वेक्षण गरी सोही आधारमा फर्मको लागत र आम्दानी पत्ता लगाइएको छ । नाफालाई व्याख्या गर्ने फरकफरक किसिमका अवधारणाहरु भएतापनि यस अध्ययनको सरलताका लागि कुल नाफालाई मात्र व्याख्या गरिएको छ । तसर्थ कुल नाफा = कुल आम्दानी - कुल लागत हुन्छ । स्थलगत सर्वेक्षणकै आधारमा उक्त फर्मको नाफालाई निम्नानुसार विश्लेषण गरिएको छ :

**तालिका ४.१६**

**फर्मको कुल नाफा (रु.)मा - २०७२**

| फर्मको कुल लागत रु.मा | फर्मको कुल आम्दानी रु.मा | कुल नाफा रु.मा |
|---|---|---|
| ४३,६९,००० | ६०,४८,००० | १६,७९,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१६ मा च्याउ फर्मको लागत र आम्दानीको आधारमा कुल नाफाको गणना गरिएको छ, जसमा च्याउ फर्मको कुल आम्दानी रु ६०,४८,००० बाट च्याउ फर्मको कुल लागत रु ४३,६९,००० घटाउदा प्राप्त भएको रु १६,७९,००० नै उक्त फर्मको कुल नाफा रहेको कुरा स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा पुष्टि भयो । प्रस्तुत तालिकामा,

फर्मको नाफा = फर्मको आम्दानी - फर्मको लागत हुन्छ ।

## ४.९ च्याउ फर्मको लागत लाभ विश्लेषण (Cost Benefit Analysis of the Mushroom Firm)

कुनै पनि व्यवसाय, फर्म वा परियोजनाको लागत लाभ विश्लेषण गर्दा उक्त व्यवसायका लागि लाग्ने लागत तथा व्यवसायबाट प्राप्त हुने आयबीच तुलना गरिन्छ । आधुनिक समयमा लागत लाभ विश्लेषण कार्य अति नै भरपर्दो कार्य हो । यस कार्यले व्यवसायीको समाजमा सामाजिकीकरण हुन र आर्थिक रुपले दक्ष हुन वैकल्पिक क्षेत्रको उचित खोजी र व्यवस्था गर्न सघाउ पुऱ्याउँदछ । आजको वर्तमान समयमा लागत लाभ विश्लेषण कार्य चर्चित र व्यापक बन्दै गएको छ । यस अनुसन्धानको मुख्य उद्देश्य च्याउ फर्मको लागत लाभ विश्लेषण गर्नु भएकोले यस अध्ययनमा नमूनाको रुपमा छनोट गरिएको च्याउ फर्ममा लगानी गरिएको पूँजीको एक वर्ष (२०७२) को सीमान्त क्षमता पत्ता लगाई सोही आधारमा व्यवसायीले लिएको ऋणको वार्षिक व्याजदरसँग तुलना गरेर लागत लाभ विश्लेषण गरिएको छ । जसबाट आएको नतिजालाई निम्न नियमका आधारमा च्याउ खेतीमा लगानी गर्दा उपयुक्त हुन्छ वा हुँदैन भन्ने कुराको निष्कर्ष निकालिएको छ ।

१) यदि $MEC > r$, लगानी गर्दा नाफा हुन्छ ।

२) यदि $MEC < r$, लगानी गर्दा घाटा हुन्छ ।

३) यदि MEC = r, लगानी गर्दा नाफा घाटा केही हुँदैन ।

स्रोत : पौडेल, (२०७१)

### ४.९.१ च्याउ फर्मको लागत पूँजीको सीमान्त क्षमता (Marginal Efficiency of Capital of Mushroom Firm)

पूँजीको सीमान्त क्षमता पूँजीगत सम्पत्तिबाट प्राप्त हुने अनुमानित नाफासँग सम्बन्धित हुन्छ, यसलाई प्रतिफलको आन्तरिक दर पनि भन्ने गरिन्छ । अर्थात् थप अतिरिक्त पूँजी प्रयोग गर्दा त्यसको सम्पूर्ण लागत कट्टा गरिसकेपछि बाँकी रहन आउने लाभले पूँजीको सीमान्त क्षमतालाई जनाउने गर्दछ । अर्को शब्दमा यसलाई पूँजी लगानी गर्दा प्राप्त हुने नाफाको दर पनि भन्ने गरिन्छ । पूँजीको सीमान्त क्षमता मुख्य रुपमा दुई कुराहरुमा निर्भर गर्दछ । पहिलो पूँजीगत सम्पत्तिको अनुमानित आय र दोस्रो पूँजीगत सम्पत्तिको पूर्ति मूल्य । निजी क्षेत्रमा लगानी गर्ने उद्यमीहरु पूँजीको सीमान्त क्षमतालाई विशेष महत्व दिने गर्दछन् । नयाँ लगानी गर्ने वा नगर्ने भन्ने कुराको निर्णय गर्नुभन्दा पहिले पूँजीगत सम्पत्तिको पूर्ति मूल्य थाहा पाउनुपर्दछ । पूँजीगत सम्पत्तिको अनुमानित आयबाट त्यसको पूर्ति मूल्य घटाएर रहेको अन्तरबाट पूँजीको सीमान्त क्षमता गणना गर्न सकिन्छ । कुनै पनि उद्यमीले त्यस अवस्थामा मात्र लगानी गर्दछ जब पूँजीको सीमान्त क्षमताको दर प्रचलित ब्याजदरभन्दा बढी हुन्छ । यस अध्ययनमा सामाजिक विकास कृषक समूहद्वारा सञ्चालित च्याउ फर्ममा गरिएको वार्षिक लगानीका आधारमा पूँजीको सीमान्त क्षमता पत्ता लगाइएको छ । सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको वार्षिक कुल लागत, कुल आय र कुल नाफा पत्ता लगाई त्यसैका आधारमा पूँजीको सीमान्त क्षमता पत्ता लगाइएको छ ,जसका लागि मुख्य रुपमा दुईवटा विधिको सहायता लिइएको छ :

२०७२ सालको कुल लागत = रु.४३,६९,०००

२०७२ सालको कुल आय = रु.६०,४८,०००

२०७२ सालको कुल नाफा = रु.१६,७९,०००

वार्षिक ब्याजदर = १४%

$$\text{पूँजीको सीमान्त क्षमता} = \text{कुल नाफा} / \text{कुल लागत} = \frac{१६,७९,०००}{४३,६९,०००}$$

२०७२ सालको पूँजीको सीमान्त क्षमता = ०.३८४२९ = ३८.४२९%

पूँजीको सीमान्त क्षमतालाई अर्को तरिकाबाट पनि पत्ता लगाईएको छ । यसलाई पूँजीगत सम्पत्तिको अनुमानित आय र पूर्ति मूल्य बीचको अनुपात पनि भनिन्छ । पूँजीगत सम्पत्तिको पूर्ति मूल्य भन्नाले उक्त पूँजी खरिद गर्दा वा उत्पादन गर्दा लाग्ने लागतलाई जनाउँछ । पूँजीको सीमान्त क्षमता पूँजीगत सम्पत्तिको अनुमानित वार्षिक कार्यकालको भावि आम्दानी तथा त्यसको पूर्ति मूल्य बराबर हुँदै जाने कटौती दरसँग सम्बन्धित रहन्छ ,जसलाई निम्न सुत्रबाट देखाउन सकिन्छ :

$$MEC \quad = \frac{R}{1+r} = C \quad \ldots\ldots\ldots\ldots\ldots\ldots\ldots\ldots \text{(i)}$$

Where,

MEC = Marginal Efficiency of Capital (पूँजीको सीमान्त क्षमता)

R = Annual Revenue (वार्षिक आय)

r = Rate of Discount (बट्टादर)

C = Cost of Firm (फर्मको लागत)

समीकरण (i) मा दिइएको बट्टादर (r) ले प्राप्त हुने वार्षिक प्रतिफलदर (R) लाई वर्तमान मूल्यमा गणना गरी फर्मको लागतसँग समान बनाउने कार्य गर्दछ । त्यसैले, बट्टादर (r) को मूल्य (Value) नै पूँजीको सीमान्त क्षमता MEC हो । बट्टादरको गणनालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

$$R = \frac{R}{c} - 1 \quad \ldots\ldots\ldots\ldots\ldots\ldots \text{(ii)}$$

$$\text{२०७२ सालको लागत पूँजीको सीमान्त क्षमता (MEC)} = r = \frac{\text{६०,४८,०००}}{\text{४३,६९,०००}} - \text{१}$$

$$= \text{०.३८४२९} = \text{३८.४२९\%}$$

माथिको नतिजालाई विश्लेषण गर्दा २०७२ सालमा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्ममा गरिएको कुल लगानी रु. ४३,६९,००० को सीमान्त क्षमता वार्षिक ३८.४२९% रहेको देखियो । यो प्रतिशत व्यवसायीले ऋण लिँदा तिरेको वार्षिक १४% ब्याज भन्दा २४.४२९ % ले बढी देखिन्छ । तसर्थ यो नतिजाबाट यो भन्न सकिन्छ कि २०७२ सालमा व्यवसायीले च्याउ खेतीमा गरेको लगानीबाट प्राप्त प्रतिफलदर उच्च रहेको छ किनकी व्ययसायीले आफूले ऋणको रुपमा लिएको रकमको ब्याजदरभन्दा लागत पुँजीको सीमान्त क्षमता दोब्बरभन्दा बढी प्राप्त भएको छ ।

यसरी च्याउ खेतीको लागत लाभ विश्लेषण गर्ने क्रममा नमुना छनोटमा परेको सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको स्थलगत सर्वेक्षणबाट लिइएको तथ्याङ्कबाट च्याउ फर्ममा गरेको पूँजीको सीमान्त क्षमता प्रचलित व्याजदरभन्दा उच्च रहेको पाईएको छ, जसबाट च्याउ खेतीमा लगानी गर्नु लाभदायक देखिन्छ ।

## ४.१० च्याउ खेतीबाट प्राप्त आयको शैक्षिक लगानीमा अंश (Part of the Income Received by Mushroom Firm in Educational Investment)

कुनै पनि व्यक्ति पेशा वा व्यवसायमा संलग्न भएपछि त्यसबाट अपेक्षित आम्दानी प्राप्त हुनुपर्दछ, जसको माध्यमद्धारा उक्त व्यवसायबाट प्राप्त आम्दानी वा नाफालाई उचित ढंगले उपयोग गर्न सकियोस् । तसर्थ यस अध्ययनमा च्याउ खेतीबाट प्राप्त आयलाई अति बचत गरी कुनकुन क्षेत्रमा परिचालन गरिएको छ र शिक्षा क्षेत्रमा कति अंश लगानी गरिएको छ भनी अध्ययन गर्नका लागि च्याउ खेतीमा संलग्न व्यवसायी र कामदारले प्राप्त गरेको आम्दानीको वार्षिक रुपमा २०७२ सालको क्षेत्रगत लगानीलाई आधार लिइएको छ ।

### ४.१०.१. व्यवसायीले प्राप्त गरेको आयको क्षेत्रगत लगानी (Sectoral Investement of the Mushroom Farmer's)

यस अध्ययनमा छनोट गरिएको सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मबाट व्यवसायीले प्राप्त गरेको वार्षिक आयलाई कुन कुन क्षेत्रमा कति कति लगानी गरेका छन् भनी गरिएको अध्ययनमा २०७२ सालको वार्षिक रुपमा क्षेत्रगत लगानी यसप्रकार पाइयो :

**तालिका ४.१७**

**च्याउ फर्मको सञ्चालनबाट व्यवसायीले प्राप्त गरेको आयको क्षेत्रगत लगानी - २०७२**


| क्र.स. | खर्च गरिएको क्षेत्र | वार्षिक रकम रु.मा | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवसायमा लागेको लागत | ४३,६९,००० | ७२.२४ |
| २ | शिक्षा | ४,००,००० | ६.६१ |
| ३ | स्वास्थ्य | ५०००० | ०.८३ |
| ४ | ऋण तिर्न | २,००,००० | ३.३० |
| ५ | सोहि व्यवसायमा थप लगानी | ४,००,००० | ६.६१ |
| ६ | उपभोग | ३,७५,००० | ६.२० |
| ७ | अन्य, विविध | ५५००० | ०.९१ |
| ८ | बैंक ब्यालेन्स | १,९९,००० | ३.३० |
| | जम्मा | ६०,४८,००० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१७ अनुसार सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको वार्षिक आम्दानीको सबैभन्दा बढी भाग त्यही व्यवसायमा लागेको लागतमा रहेको छ । २०७२ सालमा व्यवसायीले रु.४३,६९,००० अर्थात् कुल आम्दानीको ७२.२४ प्रतिशत त्यही व्यवसाय सञ्चालन गर्नका लागि खर्च गरेको पाईयो । त्यस्तैगरी फर्मको वार्षिक आयबाट रु.२,००,०००(३.३० प्रतिशत) ऋण तिर्न, रु.४,००,०००(६.६१ प्रतिशत) सोही व्यवसायमा पुन लगानी गर्न उपयोग गरिएको पाईयो । व्यवसायीले आफ्नो आठ जनाको परिवारका लागि वार्षिक उपभोगमा रु.३,७५,०००(६.२० प्रतिशत) खर्च गरेको देखियो । व्यवसायीका परिवारका चार सदस्यहरु विद्यालय पढ्दै गरेको पाईयो, जसमध्ये २ जना प्रा.वि. र २ जना उच्च शिक्षामा अध्ययनरत पाईयो । ४ जनाको शिक्षाका लागि २०७२ सालमा रु.४,००,००० अर्थात् कुल आयको ६.६१ प्रतिशत लगानी गरेको देखियो । स्वास्थ्य क्षेत्रमा रु.५०,००० (०.८३ प्रतिशत) र अन्य क्षेत्रमा रु.५५,००० (०.९१ प्रतिशत) खर्च भएको पाईयो । यी सम्पूर्ण खर्च तथा लगानी गरेर व्यवसायीको वार्षिक बचत बैङ्क ब्यालेन्स रु.१,९९,००० अर्थात् कुल वार्षिक आयको ३.३० प्रतिशत रहेको पाईयो, जसलाई स्तम्भचित्रको सहायताबाट देखाइएको छ :

**स्तम्भचित्र १**

**च्याउ फर्मको सञ्चालनबाट व्यवसायीले प्राप्त गरेको आयको क्षेत्रगत लगानी - २०७२**




स्रोत : तालिका ४.१७

स्तम्भचित्र १ मा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको २०७२ सालको वार्षिक कुल आयबाट विभिन्न क्षेत्रमा गरिएको लगानी तथा खर्चलाई तालिका ४.१७ का आधारमा देखाइएको छ जसअनुसार त्यही व्यवसायको वार्षिक लागतमा सबैभन्दा बढी ७२.२४ प्रतिशत र सबैभन्दा कम स्वास्थ्य क्षेत्रमा ०.८३ प्रतिशत व्यवसायीले खर्च गरेको देखिन्छ । आफ्ना बालबालिकाको शिक्षाका लागि कुल आयको ६.६१ प्रतिशत खर्च गर्नुका साथै अन्य सम्पूर्ण क्षेत्रमा खर्च गरी वार्षिक ३.३० प्रतिशत रकम बचत गरेको कुरा स्तम्भचित्रबाट प्रष्ट हुन आउँछ ।

### ४.१०.२ कामदारले प्राप्त गरेको आयको क्षेत्रगत लगानी (Sectoral Investement of the Mushroom Firm's Workers)

यस अध्ययनमा छनोट गरिएको सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मबाट प्राप्त गरेको वार्षिक आयलाई कामदारले कुन कुन क्षेत्रमा कति कति लगानी गरेका छन् भनी गरिएको अध्ययनमा २०७२ सालको वार्षिक रुपमा क्षेत्रगत लगानीलाई प्रस्तुत गरी उक्त च्याउ फर्ममा कार्यरत ४ जना कामदारको वार्षिक आम्दानीलाई कुन कुन क्षेत्रमा खर्च गरेका छन् भनी अध्ययन गर्नका लागि उनीहरुको औषत खर्चलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**च्याउ फर्मको सञ्चालनबाट कामदारले प्राप्त गरेको आयको क्षेत्रगत लगानी - २०७२**


| क.स. | खर्च गरिएको क्षेत्र | वार्षिक रकम रु.मा | प्रतिशत |
|---|---|---|---|
| १ | उपभोग | २,८०,००० | ३८.८८ |
| २ | शिक्षा | २,५०,००० | ३४.७२ |
| ३ | स्वास्थ्य | ५०,००० | ६.९४ |
| ४ | अन्य | ३५,००० | ४.८७ |
| ५ | बचत | १,०५,००० | १४.५९ |
| | जम्मा | ७,२०,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१८ मा सामाजिक विकास समुहद्धारा सञ्चालित च्याउ फर्मका स्थायी कामदारहरुले २०७२ सालमा प्राप्त आम्दानीबाट औसत रुपमा गरेको क्षेत्रगत लगानी तथा खर्चलाई देखाइएको छ जसअनुसार चारजना कामदारको वार्षिक आम्दानी रु.७,२०,००० हुने र त्यसबाट उपभोगमा सबैभन्दा बढी वार्षिक औसत रु.२,८०,००० अर्थात् कुल आयको ३८.८८ प्रतिशत, शिक्षामा रु.२,५०,०००(३४.७२ प्रतिशत), स्वास्थ्यमा वार्षिक औसत रु.५०००० (६.९४ प्रतिशत) र अन्य क्षेत्रमा रु.३५००० (४.८७ प्रतिशत) खर्च भएको देखिन्छ । यसबाहेक उनीहरुको वार्षिक औसत बचत रु.१,०५,००० अर्थात् कुल आयको १४.५९ प्रतिशत भएको देखिन्छ । यसलाई तलको वृत्तचित्रको सहायताबाट थप प्रष्ट पार्न सकिन्छ ।

**वृत्तचित्र-१**

**कामदारले प्राप्त गरेको आयको क्षेत्रगत लगानी - २०७२ (प्रतिशतमा)**




स्रोत : तालिका ४.१८

वृत्तचित्र १ मा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्ममा कार्यरत स्थायी कामदारको २०७२ सालको औसत लगानी तथा खर्चलाई देखाइएको छ, जसलाई अध्ययन गर्दा कामदारको सबैभन्दा बढी भाग उपभोगमा खर्च भएको पाइन्छ र शिक्षामा वार्षिक आम्दानीको औसत ३४.७२ प्रतिशत लगानी गरेको देखिन्छ ।

माथि प्रस्तुत गरिएको क्षेत्रगत लगानीको आधारमा सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्म सन्चालकका आठ जना परिवारका सदस्य भएतापनि ४ जना सदस्यहरु शिक्षा आर्जन गरिरहेको कुरा स्थलगत सर्वेक्षणबाट प्राप्त भयो । च्याउ फर्म सञ्चालकका परिवारका ४ जना सदस्यमध्ये २ जना प्राथमिक तहमा अध्ययनरत रहेका र उनीहरुको मासिक शुल्क, वार्षिक शुल्क का साथै भर्ना शुल्क र परिक्षा शुल्क जस्ता प्रत्यक्ष खर्चलगायत स्कुलड्रेस, शैक्षिक सामग्री, खाजा र यातायात खर्च जस्ता अप्रत्यक्ष खर्च शीर्षकमा वार्षिक रुपमा खर्च भएको छ । तसर्थ प्रा.वि. तहमा अध्ययनरत २

वालवालिकालाई वार्षिक रु. १,२५,००० शिक्षा आर्जनका लागि लागत लागेको देखिन्छ । त्यस्तै उच्च तहमा अध्ययनरत २ जना मध्ये १ जना वि.वि.एस.पढ्ने र उसलाई भर्ना शुल्क, मासिक शुल्क र परिक्षा शुल्कमा तथा पोशाक, यातायात खर्च, पुस्तक र अन्य शैक्षिक सामग्रीमा गरी जम्मा रु ७५,००० शैक्षिक क्षेत्रमा लागत लागेको देखिन्छ । च्याउ खेतीबाट प्राप्त आयको शैक्षिक लगानीमा हुने अंश अनुमान गर्दा वि.आई.एम. पढ्ने १ जनालाई भर्ना शुल्क, मासिक शुल्क, परिक्षा शुल्क तथा होस्टेल शुल्क, पुस्तक, कापी, खाजा, पोशाक, प्रयोगशाला र अन्य सामग्री शुल्क गरी वार्षिक रु २,००,००० लागत लाग्ने गरेको कुरा स्थलगत सर्वेक्षणको क्रममा पत्ता लाग्यो । यसका आधारमा च्याउ खेतीबाट प्राप्त आम्दानीलाई क्षेत्रगत रुपमा गरिएको लगानी हेर्दा ६.६१ प्रतिशत शिक्षा क्षेत्रमा लगानी भएको देखिन्छ । तसर्थ शिक्षा क्षेत्रमा गरिएको लगानीको प्रतिशत सन्तोषजनक नै देखिएतापनि शैक्षिक क्षेत्रमा गरिएको लगानीबाट तत्कालमा प्रतिफल नआउने तर दीर्घकालमा यसको निरन्तर रुपमा फाइदा प्राप्त हुने भएकाले शिक्षामा अझ बढी लगानी गरेपनि त्यसबाट प्राप्त हुने लगानी सकारात्मक नै देखिन्छ ।

अर्कोतर्फ च्याउ फर्ममा कार्यरत स्थायी कामदारको शैक्षिक लगानीको अंशलाई विश्लेषण गर्दा उनीहरुले वार्षिक रुपमा प्रतिव्यक्ति रु.१५००० का दरले प्राप्त गरेको रु.७,२०,००० को ३४.७२ प्रतिशत औसत रुपमा बालबालिकाको शिक्षामा खर्च गरेको देखिन्छ । यस आधारमा के कुरा प्रष्ट हुन्छ भने कामदारले ज्याला मजदुरी गरेर भए पनि आफ्ना बालबालिकालाई उचित शिक्षा दिएका रहेछन् । उनीहरुले वार्षिक औसत उपभोगमा सबैभन्दा बढी अर्थात् कुल आयको ३८.८८ प्रतिशत हिस्सा प्रयोग गरेको देखिन्छ भने दोस्रो प्राथमिकता शिक्षालाई दिइ सोहीअनुसार आफ्नो आयको अंश प्रदान गरेको देखिन्छ ।

### ४.११ च्याउ फर्ममा देखिएका समस्याहरु (Problems of Mushroom Firm)

कुनै पनि फर्म, व्यवसाय वा संस्थामा सम्पुर्ण सकारात्मक पक्षहरु मात्र हुदैनन् । यसका अतिरिक्त केही कमजोर एवम् सुधार गर्नुपर्ने पक्षहरु पनि विद्यमान रहेका हुन्छन । यी सुधार गर्नुपर्ने पक्षहरुलाई समयमै पहिचान गरी उपचारात्मक पद्धति अपनाउन सकेमा फर्म तथा व्यवसाय योजनाबद्ध रुपमा अगाडि बढि आगामी दिनमा बढी अवसर प्राप्त हुन्छ । तसर्थ कन्ये च्याउ फर्मको स्थलगत अध्ययन गरि सोबाट प्राप्त विवरणका आधारमा निम्नानुसारका समस्याहरु रहेको पाइयो :

**क) तालिमको अभाव ( Lack of Training)**

च्याउ खेतीका लागि व्यवसायीहरुलाई उचित किसिमको तालिम सुविधा प्राप्त नहुने समस्याले यो व्यवसाय संलग्न हुन चाहने व्यक्तिलाई अप्ठ्यारो हुने गरेको पाइयो । यसका साथै च्याउ खेतीसम्बन्धी सामान्य जानकारी भएतापनि व्यवसायिक रुपमा कन्ये च्याउको खेतीसम्बन्धी पुर्ण जानकारी प्राप्त नभएको पाइयो । समय समयमा देखापर्ने विभिन्न किसीमका  रोग तथा महामारीको बारेमा जानकारी नहुँदा पनि व्यवसायी मारमा पर्ने गरेको पाइयो ।

**ख) रोगको समस्या (Problem of Diseases)**

फर्म सञ्चालकसँग गरिएको छलफल र कुराकानीको आधारमा आफुले पनि च्याउ खेती गर्नुअघि औपचारिक तालिम नलिएको र त्यसका लागि सरकारी क्षेत्रबाट पनि कुनै किसिमको पहल नभएकाले सामान्य जानकारीका आधारमा फर्म सञ्चालन गर्दा सुरुवाती चरणमा विभिन्न किसिमका रोगव्याधीले च्याउ खेतीमा समस्या सिर्जना गरेको भए तापनि पछिल्लो समया आएर रोग नियन्त्रणका विभिन्न उपायहरु अवलम्बन गर्ने गरेको पाइयो ।

**ग) आवश्यक ऋणको समस्या (Problem of Necessary Loan)**

च्याउ फर्म सञ्चालन गर्न इच्छुक व्यवसायीले सहज रुपमा ऋण पाउन नसक्नु अर्को प्रमुख समस्या हो । अर्थात ऋण सहज रुपमा उपलब्ध भएतापनि त्यसको चर्को ब्याजले गर्दा व्यवसायीहरु मारमा परेको देखिन्छ । यस स्थलगत अध्ययनअनुसार सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्ममा लिइएको ऋणको १४ प्रतिशत व्याज भुक्तान गर्नुपर्ने भएकाले यो एउटा महत्वपुर्ण समस्याको रुपमा रहेको छ ।

**घ) बजारको समस्या (Problem of Market )**

कहिलेकाही बजारमा अत्यधिक मात्रामा अन्य क्षेत्रबाट पनि च्याउको आपुर्ति हुने भएकाले च्याउको विक्री मुल्य र परिमाणमा ह्रास आउने गरेको कुरा फर्म सञ्चालक बताउँछन । तर यो अवस्था कहिलेकाँही मात्र सिर्जना हुने भएकोले व्यवसायमा कहिलेकाहि उतारचढाव हुन्छ भनी आफैँलाई सान्त्वना पनि दिने गर्दछन् ।

### ङ) अन्य समस्या (Other Problem)

च्याउ खेतिमा भिँगा, सुलसुले, भुसुना आदिको संक्रमण हुने गर्दछ । यसका साथै च्याउको पोकामा कहिलेकाँही कालो किसिमको जंगली च्याउ पनि आउन सक्छ । कुनै कुनै परालको पोकामा सेतो ढुसी नआई कालो, निलो र हरियो किसिमको ढुसी आउन सक्छ यसले च्याउलाई नष्ट बनाउँछ । च्याउको खेती गरिएको अस्थायी टहरामा हावाको सञ्चालन सहज रुपमा नभएमा पनि च्याउमा फल कम लागि डाँठ मात्र लामो हुने गर्दछ । तसर्थ यी सम्पुर्ण कुराहरुलाई ध्यानमा राखेर च्याउ खेतीलाई व्यवसायिक रुपमा अगाडि बढाउनु पर्ने कुरामा सामाजिक विकास कृषक समुहद्धारा सन्चालित च्याउ फर्मका सन्चालक जोड दिन्छन् ।

माथि प्रस्तुत गरिएका समस्याहरुलाई उचित उपायहरुको माध्यमद्धारा सामाधान गर्न सकेमा आजको वर्तमान समयमा व्यवसायिक च्याउ खेतीले व्यवसायीको आर्थिक पक्षमा मात्र नभई शैक्षिक, सामाजिक, वातावरणीय लगायत सम्पुर्ण पक्षको समग्र विकासमा योगदान पुग्ने कुरा फर्मका सञ्चालक बताउँछन् ।

## ४.१२ अध्ययनको सारांश (Summary of the Study)

यस अध्ययनमा काठमाडौं जिल्लाको कीर्तिपुर नगरपालिकामा सञ्चालित च्याउ फर्मको लागत लाभ विश्लेषण गर्नका लागि विभिन्न किसिमका तथ्याङ्कहरुको सहयोगबाट विश्लेषणात्मक रुपमा अध्ययन गरिएको थियो । च्याउ खेतीको लागत पहिचान गर्नु, च्याउ खेतीबाट प्राप्त हुने लाभ पहिचान गर्नु, च्याउ खेतीको लागत लाभ विश्लेषण गर्नु र च्याउ खेतीबाट प्राप्त आयको शैक्षिक लगानीमा हुने अंश अनुमान गर्नु यस अध्ययनका उद्देश्यहरु रहेका थिए । यी सम्पूर्ण उद्देश्यहरु पूरा गर्न कीर्तिपुर नगरपालिका वडा नं ७ मा रहेका १० वटा च्याउ फर्महरुमध्ये सबैभन्दा ठूलो परिमाणमा च्याउ उत्पादन गर्ने तथा पुरानो सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मलाई उद्देश्यमूलक र सुविधाजनक नमूना छनौट विधिको आधारमा छनोट गरी उक्त च्याउ फर्मको अवस्था, लागत, आय, लाभ, लागत लाभ विश्लेषण र उक्त फर्मबाट प्राप्त आयको शैक्षिक लगानीमा हुने अंशलाई क्षेत्रगत लगानीका विभिन्न शीर्षक, उप शीर्षकहरु निर्माण गरी तथ्याङ्क संकलन गरिएको थियो । यसरी प्राप्त गरिएको प्राथमिक र द्धितीय तथ्याङ्कका आधारमा विवरणको विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको थियो ।

प्राथमिक तथ्याङ्क संकलनका साधनको रुपमा नमूना छनोट गरिएको फर्मका व्यवसायी, व्यवसायीका परिवार र फर्ममा कार्यरत कामदारहरुलाई विविध प्रश्नावली, अवलोकन सूची, छलफल निर्देशिकाको माध्यमबाट अर्न्तवार्ता, स्थलगत अवलोकनलाई प्रयोग गरिएको थियो भने द्वितीय तथ्याङ्क संकलन गर्न जि.वि.स. को कार्यालय, अर्थमन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, नगरपालिकाको कार्यालय, विभिन्न विद्वानहरुका लेख रचना, पत्रपत्रिकामा प्रकाशित रिपोर्टहरु लगायत अन्य सरकारी तथा गैह्रसरकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहायता लिइएको थियो । यसरी संकलन गरिएका तथ्याङ्कहरुलाई तालिका, स्तम्भचित्र तथा वृत्तचित्रको माध्यमबाट विश्लेषणात्मक तरिकाले प्रस्तुत गरी नतिजा निकालिएको छ, जसको सारांशलाई निम्नानुसार बुँदाबद्ध गरिएको छ :

- यस अध्ययनको नमूना छनोटमा समावेश भएको सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्म वि.सं. २०७० सालबाट शुरु गरिएको र शुरुवातमा स्थानीय स्तरको सहकारी संस्थाबाट वार्षिक १४ प्रतिशत ब्याजदरमा रु १२,००,००० ऋण लिएर १० रोपनी जग्गा प्रति रोपनी रु १२,००० का दरले वार्षिक रु.१४,४०,००० तिर्ने गरी भाडामा लिएर व्यवसायको सञ्चालन गरेको पाइयो ।
- यस फर्मका व्यवसायीको परिवारका सम्पूर्ण सदस्य साक्षर रहेको तथा वर्तमान समयमा प्रा.वि. तहमा २ जना र उच्च तहमा २ जना अध्ययनरत पाइयो ।
- फर्मका व्यवसायी तथा कामदारको पारिवारिक विवरणलाई अध्ययन गर्दा व्यवसायीका परिवारमा ८ जना सदस्य रहेका जसमा ४ जना पुरुष र ४ जना महिला रहेको पाइयो भने ४ जना कामदारको परिवारमा ४/४ जना सदस्यहरु जसमा पुरुष २ र महिला २ जना रहेको पाइयो ।
- यस फर्मका लागि आवश्यक पर्ने बीउ, दाउरा, बाँस, औषधी, पराल, पानी जस्ता सम्पूर्ण कच्चा पदार्थका लागि व्यवसायको शुरुवातमा नै सम्बन्धित निकाय समक्ष सम्झौता गरेको पाइयो ।
- स्थलगत सर्वेक्षणका आधारमा फर्ममा प्रतिवर्ष ३ लट च्याउ उत्पादन हुने र च्याउ रोपेको ४ हप्तामा टिप्नयोग्य हुने जानकारी प्राप्त भयो । प्रत्येक पटक च्याउ टिपेपछि १ महिनाको समय ग्याप हुने भएकाले वर्ष भरिमा ९ महिना मात्र च्याउ खेती हुने गरेको पाइयो । अध्ययन गरिएको फर्ममा च्याउका विभिन्न प्रजातिमध्ये

केवल कन्ये च्याउको मात्र खेती गरेको र वि.सं २०७२ सालमा च्याउको औसत मूल्य रु ११२ रहेको पाइयो ।

- एक पटकमा ६००० बल उत्पादन गर्न सकिने यस कन्ये च्याउको एक बलमा ३ के.जी. हुने भएकाले एक लटमा १८,००० के.जी. उत्पादन हुने गरेको पाइयो ।
- अध्ययनमा नमूना छनोटको रुपमा परेको सामाजिक विकास कृषक समूहद्वारा सञ्चालित च्याउ फर्मको वि.सं २०७२ सालको जग्गा भाडा रु १४,४०,०००, ऋणको ब्याज रु १,६८,०००, र कर रु १०,००० गरी रु १६,१८,००० कुल स्थिर लागत लागेको पाइयो जुन कुल लागतको ३७.०३३ प्रतिशत हुन आउँछ ।
- त्यस्तै गरी फर्ममा कार्यरत चार जना कर्मचारीको वार्षिक तलब रु.७,२०,०००, लाग्ने रहेछ । प्रतिलट बीउ रु १,२०,००० र वार्षिक रु ३,६०,००० को आवश्यक पर्ने रहेछ । त्यस्तै डोरी/प्लाष्टिक प्रतिलट रु ८०,००० र वार्षिक रु २,४०,०००, पराल प्रतिलट रु २,७०,००० र वार्षिक रु ८,१०,०००, दाउरा प्रतिलट रु १,२०,००० एवं प्रतिवर्ष रु ३,६०,०००, बाँस प्रतिलट रु २७,००० र प्रतिवर्ष रु ८१,००० र औषधी तथा पानीको लागि प्रतिलट क्रमशः रु २५,००० र ३५,००० र प्रतिवर्ष रु ७५,००० र रु १,०५,००० आवश्यक पर्ने रहेछ । यसरी हेर्दा उक्त फर्मको परिवर्तनशील लागत रु २७,५१,००० रहेको पाइयो जुन कुल लागतको ६२.९७ प्रतिशत हुन आउँछ ।
- कुल स्थिर लागत र कुल परिवर्तनशील लागत गरी वि.सं २०७२ सालको कुल लागत रु ४३,६९,००० लागेको पाइयो ।
- च्याउ फर्मको प्रति के.जी. उत्पादन लागतलाई विश्लेषण गर्दा वि.सं. २०७२ सालमा रु.८०.९० एक के.जी. च्याउको उत्पादनमा लाग्ने गरेको पाइयो ।
- फर्मको २०७२ सालको आय लाई हेर्दा च्याउको औसत मूल्य रु ११२ का दरले प्रतिलट १८,००० के.जी. च्याउको विक्रीबाट प्रतिलट आय रु २०,१६,००० र वार्षिक रु ६०,४८,००० आय प्राप्त गरेको पाइयो ।
- फर्मले प्राप्त गरेको नाफालाई अध्ययन गर्दा वि.सं २०७२ सालको कुल आय रु ६०,४८,००० बाट कुल लागत रु ४३,६९,००० कटाएर कुल नाफा रु १६,७९,००० प्राप्त गरेको पाइयो ।

- यस अध्ययनमा च्याउ खेतीको लागत लाभ विश्लेषण गर्नका लागि नमूना छनोटमा परेको सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्ममा लगानी गरिएको पूँजीको सीमान्त क्षमता पत्ता लगाई व्यवसायीले ऋण लिँदा तिरेको १४ प्रतिशत ब्याजदरसँग तुलना गरिएको छ, जसअनुसार वि.सं. २०७२ सालमा उक्त फर्मले लगानी गरेको पूँजीको सीमान्त क्षमता ३८.४२९ प्रतिशत रहेको पाईयो ।
- च्याउ फर्मबाट प्राप्त आयको शैक्षिक लगानीमा हुने अंशलाई अनुमान गर्दा व्यवसायीले गर्ने क्षेत्रगत लगानी र कामदारले गर्ने क्षेत्रगत लगानीलाई प्रस्तुत गरी सोही आधारमा सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मका व्यवसायी तथा कामदारले प्राप्त गरेको आम्दानीबाट शिक्षामा गरेको लगानी र उनीहरुको आम्दानीमा परिवर्तन हुँदा शिक्षा क्षेत्रमा कस्तो परिवर्तन आएको छ भन्ने कुराको अध्ययन गरिएको थियो, जसअनुसार २०७२ सालमा व्यवसायीले सबैभन्दा बढी त्यही व्यवसायमा लागेको लागतमा ७२.२४ प्रतिशत र सबैभन्दा कम स्वास्थ्य क्षेत्रमा ०.८३ प्रतिशत लगानी गरेको पाईयो भने व्यवसायीले आफूले प्राप्त गरेको जम्मा रु ६०,४८,००० को ६.६१ प्रतिशत आफ्ना बालबालिकाको शिक्षाका लागि खर्च गरेको पाइयो ।
- त्यस्तै गरी च्याउ फर्मबाट प्राप्त आयबाट कामदारले गर्ने क्षेत्रगत लगानीलाई हेर्दा ४ जना कामदारले प्राप्त गरेको तलब रु ७,२०,००० बाट औसत रुपमा सबैभन्दा बढी उपभोगमा रु २,८०,००० अर्थात् ३८.८८ प्रतिशत र सबैभन्दा कम अन्य विविध क्षेत्रमा ४.८७ प्रतिशत खर्च गरेको पाइयो । च्याउ फर्ममा कार्यरत कामदारले बालबालिकाको शिक्षाका लागि औसत रु २,५०,०००(३४.७२ प्रतिशत) खर्च वा लगानी गरेको देखियो ।
- च्याउ खेतीबाट प्राप्त आयको शैक्षिक लगानीमा हुने अंश अनुमान गर्दा यस अध्ययनमा व्यवसायीले आफ्नो बालबालिकाको शिक्षाका लागि कुल आय रु ६०,४८,००० को ६.६१ प्रतिशत हिस्सा प्रयोग गरेको देखियो भने उक्त फर्ममा कार्यरत कामदारहरुले उनीहरुको वार्षिक तलब रु ७,२०,००० को औसत ३४.७२ प्रतिशत अंश शिक्षा क्षेत्रमा प्रयोग गरेको देखियो ।
- वर्तमान समयमा व्यवसायिक च्याउ खेती एक लोकप्रिय एवं नाफामूलक व्यवसायको रुपमा परिचित भएतापनि यसमा विविध किसिमका समस्याहरु

विद्यमान रहेको पाइयो । अध्ययनका क्रममा च्याउ फर्म सञ्चालन गर्दा तालिमको अभाव, विभिन्न किसिमका रोगहरुले आक्रमण गर्ने समस्या, व्यवसाय संचालन गर्न आवश्यक पर्ने ऋणको समस्या, बजारको समस्या तथा झिँगा, सुलसुले, भुसुना लगायतले संक्रमण पार्ने अन्य समस्याहरु पनि विद्यमान रहेको पाइयो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)

च्याउ फर्मको लागत लाभ विश्लेषणअन्तर्गत यस अध्ययनमा काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका ७ स्थित सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको लागत लाभ विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्य पूरा गर्नका लागि विभिन्न विषयवस्तुको उठान तथा तथ्यपरक सुचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्यायमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाइएका निष्कर्ष र आवश्यक सुझावहरुलाई क्रमैसंग प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष (Conclusion )

नेपालमा रोजगारीका अन्य अवसरहरु कम भइरहेको वर्तमान सन्दर्भमा व्यवसायिक च्याउ खेती मानिसको जीवन निर्वाहको आधार हुन पुगेकाले यसले व्यवसायी तथा कामदारको पारिवारिक, आर्थिक र शैक्षिक क्षेत्रका साथै सामाजिक विकासमा पनि सकारात्मक प्रभाव पारेको देखिन्छ । आजको आधुनिक एवं वैज्ञानिक प्रविधिको युगमा कृषि व्यवसायीहरु खाद्यान्नबालीको तुलनामा नगदेबालीतर्फ आकर्षित हुँदै कम लागतमा बढी उत्पादन गरी मुनाफा आर्जन गर्न च्याउ खेतीमा संलग्न भएको पाइन्छ । तसर्थ यस्तो अवस्थामा च्याउ खेतीको वर्तमान अवस्था, लागत, लाभ एवं मुनाफाको स्थितिबारे जानकारी हासिल गर्न काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ स्थित सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्मको प्रत्यक्ष अवलोकन गरी उक्त फर्ममा कार्यरत कामदार तथा सञ्चालकको जवाफबाट प्राप्त प्राथमिक सूचना र अन्य स्रोतबाट प्राप्त द्धितीय तथ्याङ्कहरुको अध्ययन एवं विश्लेषणका साथै अध्ययनको साराशं अनुरुपको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- सामाजिक विकास कृषक समुहद्धारा सञ्चालित च्याउ फर्म २०७० सालमा रु १२,००,००० ऋृण लिई वार्षिक १४ प्रतिशत व्याज तिर्ने गरी १० रोपनी जग्गा भाडामा लिई शुरुवात गरेको पाइयो ।

- यो च्याउ फर्मका व्यवसायीको परिवारमा ८ जना सदस्य रहेको र फर्ममा स्थायी रुपमा काम गर्ने ४ जना कामदारको प्रत्येक परिवारमा ४/४ जना सदस्यहरु रहेको पाइयो ।
- यस फर्मको निरन्तर सञ्चालनका लागि आवश्यक बीउ, पराल, दाउरा, डोरी, पानी लगायतका सम्पूर्ण कच्चापदार्थहरुको उचित व्यवस्थापनका लागि फर्मका व्यवसायीले शुरुवातमा नै सरोकारवाला निकायहरुसँग सम्झौता गरी नियमित आपूर्तिको व्यवस्था मिलाएको पाइयो ।
- यस फर्मको २०७२ सालको कुल स्थिर लागत रु १६,१८,००० अर्थात् कुल लागतको ३७.०३३ प्रतिशत, कुल परिवर्तनशील लागत रु २७,५१,००० अर्थात् कुल लागतको ६२.९७ प्रतिशत र कुल लागत रु ४३,६९,००० रहेको पाइयो ।
- यस फर्मको प्रति के.जी. च्याउको विक्री लागत रु.८०.९० रहेको पाइयो जुन प्रति के.जी.विक्री लागत रु.११२ भन्दा रु.३१.१० ले बढी हो । तसर्थ यो फर्म नाफामा रहेको निष्कर्ष प्राप्त भयो ।
- यस फर्मको २०७२ सालको च्याउ विक्रीबाट प्राप्त रु.६०,४८,००० नै शत प्रतिशत कुल आयको  रुपमा रहेको पाइयो ।
- यस सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको २०७२ सालको वार्षिक नाफा रु १६,७९,००० रहेको पाईयो ।
- सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको पूँजीको सीमान्त क्षमताको अध्ययन गर्दा २०७२ सालमा लगानी गरिएको पूँजीको सीमान्त क्षमता ३८.४२९ प्रतिशत रहेकोले व्यवसायीले च्याउ फर्मको सञ्चालनका लागि लिएको वार्षिक १४ प्रतिशत ब्याजभन्दा पूँजीको सीमान्त क्षमता बढी भएकोले फर्मको लाभ २४.४२९ प्रतिशतले उच्च रहेको पाइयो ।
- च्याउ फर्मको व्यवसायीको कुल आय रु.६०,४८,००० मध्ये शैक्षिक लगानीमा हुने अंश अनुमान गर्नका लागि क्षेत्रगत लगानी हेर्दा सबैभन्दा बढी ७२.२४ प्रतिशत त्यही व्यवसायमा लागेको लागतमा खर्च गरेको पाइयो भने शिक्षामा कुल आयको ६.६१ प्रतिशत खर्च गरेको पाइयो । त्यसै गरी च्याउ फर्मका कामदारको वार्षिक

औसत कुल आय ७,२०,००० मध्ये क्षेत्रगत लगानी हेर्दा सबैभन्दा बढी उपभोगमा ३८.८८ प्रतिशत र शिक्षामा ३४.७२ प्रतिशत लगानी गरेको पाइयो ।

- च्याउ फर्मका व्यवसायी तथा कामदारको शैक्षिक लगानीमा हुने अंश अनुमान गर्दा व्यवसायी तथा कामदारको परिवारको शिक्षाको औसत लागत सन्तोषजनक नै देखिन्छ ।
- च्याउ फर्ममा तालिमको अभाव, रोगको समस्या, आवश्यक ऋणको अभाव, बजारको समस्या लगायतका अन्य समस्याहरु पनि विद्यमान रहेको पाइयो ।
- समग्रमा यस अध्ययनपश्चात् च्याउ फर्ममा गरिएको लगानीबाट उच्च प्रतिफल प्राप्त भई व्यवसायी तथा कामदार दुवैको परिवारमा आर्थिक तथा शैक्षिक स्थिति उकास्न टेवा पुऱ्याएको देखियो ।

### ५.२ सुझावहरु (Recommendations)

नेपालमा कृषिजन्य उद्योग अर्न्तगत च्याउ खेतीको व्यवसाय दिन प्रतिदिन वृद्धि हुँदै गइरहेको छ । देशभित्रका जनशक्तिलाई उचित तरिकाले देशभित्रै खपत गराई रोजगारीका अवसरहरु उपलब्ध गराउने यो एउटा उपयोगी एवं भरपर्दो उपायको रुपमा विकास भएको छ । यसरी एउटा भरपर्दो माध्यम बनेको व्यवसायिक च्याउ खेतीलाई अझ सरल, सहज, सुलभ एवं भरपर्दो बनाउनु अति आवश्यक देखिन्छ । यस व्यवसायलाई थप मर्यादित, व्यवस्थित र उपयुक्त रुपमा विकास गरी अगाडी बढाउन के गर्नुपर्दछ साथै व्यवसायिक च्याउ खेती संचालन गर्दा झेल्नुपरेका समस्याहरु र ती समस्याका समाधानका उपायहरु के के हुन् भन्ने बारेमा केहि सुझावहरु प्रस्तुत गरिएको छ । अध्ययनको निष्कर्षका आधारमा प्राप्त भएका सुझावहरुलाई नीतिसम्बन्धी सुझाव, प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझाव र आगामी अनुसन्धानसँग सम्बन्धित सुझावजस्ता उपशीर्षकहरुद्धारा निम्नानुसार क्रमैसँग प्रस्तुत गरिएको छ :

#### ५.२.१ नीतिसम्बन्धी सुझाव (Policy Related Recommendation)

च्याउ खेतीको लागत लाभ विश्लेषण गर्ने क्रममा सामाजिक विकास कृषक समूहद्धारा सञ्चालित च्याउ फर्मको लागत लाभ विश्लेषण गरि सोही आधारमा उक्त फर्मको लाभलाई वृद्धि गराउनका लागि नीतिगत रुपमा निम्नानुसारका सुधारसम्बन्धी सुझावहरु पेश गरिएको छ :

१) व्यवसायिक च्याउ खेतीलाई प्रोत्साहन गर्नका लागि सरकारी तवरबाट कर, छुट, अनुदानलगायतका अन्य विभिन्न किसीमका सुविधाहरु प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ ।

२) व्यवसायिक च्याउ खेतीको सफल सञ्चालनका लागि तथा हाल भएको प्रगतिदरमा वृद्धि गर्नका लागि सरकारले उद्योग व्यवसायसँग सम्बन्धित छाता संगठनहरुमार्फत आधारभूत एवम् प्रगतिमूलक तालिम (Basic and Advanced Training) प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ जसको माध्यमबाट च्याउ खेतीसम्बन्धी सम्पूर्ण पक्षको विकास हुन सकोस् ।

२) व्यवसायलाई सफलतापूर्वक अगाडी बढाउनका लागि व्यक्तिगत एवं असंगठित स्रोतहरुबाट चर्को व्याजदरमा ऋण लिइरहेको वर्तमान सन्दर्भमा प्रचलित सरल कृषि कर्जाको लागि सरकारले सहायता प्रदान गर्नुपर्दछ ।

३) भौगोलिक विविधताको आधारमा देशको कुन क्षेत्रमा कस्तो प्रकारको च्याउको बीउ लगाउँदा उपयुक्त हुने हो सोही आधारमा सरकारले परामर्श केन्द्रको स्थापना गरी निरन्तर अनुसन्धान र विकास (Research and Development) का कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

४) च्याउ खेतीमा समय समयमा देखिने झिंगा, सुलसुलेजस्ता जीवको सामान्य संक्रमण र त्यसको समाधानका लागि कृषिजन्य उद्योगसँग सम्बन्धित निकायहरु जस्तै कृषि विभागबाट विज्ञहरुको घुम्ती टोली (Mobile Team) खटाउने व्यवस्था गर्नुपर्दछ ।

५) च्याउको मूल्य केही ठूला व्यवसायिक फर्मले गरेको निर्णयका आधारमा नभई स-साना फर्म सञ्चालकको आम्दानीलाई मध्यनजर गरी सोही आधारमा उचित मूल्य निर्धारण संयन्त्रको विकास गर्नुपर्दछ ।

६) वर्तमान समयमा व्यवसायिक रुपमा च्याउ खेती गर्न असंख्य मात्रामा फर्महरु खोलिएका भएतापनि अधिकांश फर्महरु दर्ता नभई सञ्चालनमा रहेकाले त्यस्ता फर्महरुलाई औपचारिक प्रक्रियाको माध्यमबाट दर्ता गरी सञ्चालनका लागि सम्बन्धित निकायबाट कडा निर्देशन जारी गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendation)

आजको वर्तमान समयमा च्याउ खेती फस्टाउँदो एवं लाभदायक व्यवसायको रुपमा विकास भई आय आर्जनको मुख्य स्रोत बन्न पुगेको छ । कम लागतबाट बढी लाभ प्राप्त गर्न सक्ने व्यवसाय भएकाले मानिसहरुको यस व्यवसायप्रतिको आर्कषण दिनप्रतिदिन बढ्दो छ । यस

व्यवसायको प्रयोगात्मक पक्षमा थप सुधार गर्न सकेको खण्डमा अझ बढी लाभ प्राप्त भई व्यवसायी तथा कामदारको जीवनस्तरमा सुधार हुने देखिन्छ । समग्रमा व्यवसायिक च्याउ खेतीको प्रयोगात्मक पक्षसँग सम्बन्धित सुझावहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१) च्याउ खेतीमा आबद्ध व्यवसायीले आफ्नो फर्म ⁄उद्योग अनिवार्य रुपमा दर्ता गराई व्यवसायिक संगठनको सदस्यता लिएर मात्र फर्मको सञ्चालन गर्नुपर्दछ जसबाट फर्ममा देखा पर्ने समस्याको समाधानका लागि सहायता प्राप्त हुन्छ ।

२) व्यवसायलाई सफलतापूर्वक अगाडी बढाउनका लागि च्याउ खेतीमा संलग्न व्यवसायीले व्यक्तिगत एवं असंगठित स्रोतहरुबाट चर्को व्याजदरमा ऋण लिनुको सट्टा वर्तमान समयमा प्रचलित संगठित सरल कृषि कर्जाको सहायता लिनुपर्ने देखिन्छ ।

३) व्यवसायीहरुले उन्नत बीउको बारेमा विस्तृत रुपमा जानकारी हासिल गरी एकै किसिमका च्याउ मात्र नभई फरक फरक किसिमका च्याउका बीउहरु लगाएर खेती गरेमा व्यवसायको आकर्षण बढ्नाको साथै बजारको विस्तार भई फर्मले अझ बढी फाइदा प्राप्त गर्ने भएकाले कन्ये च्याउको मात्र नभई अन्य जातका च्याउहरुको पनि खेती गर्नुपर्ने देखिन्छ ।

४) फर्मका सञ्चालक तथा कामदारले च्याउ खेतीसम्बन्धी प्रकाशित सामान्य पुस्तकहरुको अध्ययन गरी सोही आधारमा मात्र व्यवसाय सञ्चालन गर्दै आइरहेकाले प्राप्त लाभलाई अझ वृद्धि गर्नका लागि व्यवसायसम्बन्धी आवश्यक तालिम लिनुपर्ने देखिन्छ ।

५) च्याउ खेतीमा संलग्न व्यवसायी तथा कामदारले समय समयमा फर्मको अवस्थितिको निरिक्षणका लागि सम्बन्धित निकायसँग सामिप्यता बढाउनुपर्ने देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Rearch Related Recommendations)

कृषिजन्य उद्योग अर्न्तगत च्याउ खेतीको लागत लाभ विश्लेषण गरी अनुपात पत्ता लगाउने क्रममा कीर्तिपुर नगरपालिका वडा नं. ७ स्थित सामाजिक विकास कृषक समूहद्वारा संचालित च्याउ फर्मबाट आवश्यक तथ्याङ्क संकलन गरि सोही आधारमा अध्ययन कार्यलाई अगाडी बढाइयो । यो अध्ययन केवल एउटा फर्मसँग मात्र सम्बन्धित रहेकाले च्याउ खेतीलाई व्यवसायिक रुपमा प्राथमिकता दिई अध्ययन गर्न चाहने अन्य अनुसन्धानकर्ताले निम्न बुँदाहरुलाई आधार बनाउन सक्ने देखिन्छ :-

१) नेपालमा च्याउ खेतीको ऐतिहासिक विकासक्रमसम्बन्धी अध्ययन गर्न सकिनेछ ।

२) व्यवसायिक च्याउ खेतीले स्थानीय जनताको आर्थिक, सामाजिक एवं शैक्षिक क्षेत्रमा पारेको प्रभावसम्बन्धी अनुसन्धान गर्न सकिनेछ ।

३) व्यवसायिक च्याउ खेती अर्थात् च्याउ फर्मको सञ्चालनले पारिवारिक एवं राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने योगदानबारे अध्ययन गर्न सकिनेछ ।

४) च्याउ फर्मको सञ्चालनबाट सिर्जना भएको बजारीकरण र रोजगारीका अवसरहरुको बारेमा अध्ययन गर्न सकिनेछ ।

५) नेपालमा व्यवसायिक च्याउ खेतीको स्थिती र भविष्यबारे अध्ययन गर्न सकिनेछ ।

## सन्दर्भ सामग्री (References)


अर्थमन्त्रालय (२०७१), *आर्थिक सर्वेक्षण २०७१/२०७२,* काठमाडौं : अर्थमन्त्रालय, नेपाल सरकार ।

अर्थमन्त्रालय (२०७२), *आर्थिक सर्वेक्षण* २०७२/२०७३, काठमाडौं : अर्थमन्त्रालय, नेपाल सरकार ।

अर्याल, डोर बहादुर (१९९९), *थानकोट क्षेत्रको ब्रोइलर फर्मको लागत-लाभ विश्लेषण* एक अध्ययन, मानविकी संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.,कीर्तिपुर ।

कडेँल, विष्णुमाया (२०६९), *तरकारी खेतीले स्थानीय जनताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव* एक अध्ययन, अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि.वि.वि. कीर्तिपुर ।

कार्की, निराजनविक्रम (२०१०), *दुग्ध किसानहरुका लागि दुग्ध उत्पादनको लागत* एक अध्ययन, मानविकी संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.,कीर्तिपुर ।

कीर्तिपुर नगरपालिका (२०७३), *वार्षिक नगर विकास योजना,* कीर्तिपुर : नगरपालिका ।

कृषि विभाग (२०७०), *कृषि सूचना तथा सञ्चार केन्द्र* ललितपुर : कृषि विभाग ।

खनाल, प्रकाशदेव (२०७०), *तरकारी खेतीले कृषकको आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (२०७०), *खाद्य प्रविधि पुस्तक,* काठमाडौं : खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग ।

घिमिरे, सागरमणी (२०६२), *प्रमुख नगदे तथा खाद्यान्न बालीबाट प्राप्त आयको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि.वि.कीर्तिपुर ।

जिल्ला विकास समिति (२०७०), *काठमाडौं जिल्लाको संक्षिप्त चिनारी,* काठमाडौं : जिल्ला विकास समिति ।

जोशी, श्याम (२०६१), *सुक्ष्म एवम् समष्टि अर्थशास्त्र विश्लेषण,* काठमाडौं : तलेजु प्रकाशन ।

दाहाल, महेशराज र पौडेल, मीनराज (२०६७), *आर्थिक विश्लेषण,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

दाहाल, अन्जु (२०७१), *तरकारी खेतीले स्थानीय किसानहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव :* जिलिङ्ग गा.वि.स, नुवाकोट जिल्ला अप्रकाशित सोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

न्यौपाने, करप्रसाद (२०६८), *नेपालमा च्याउ खेती,* काठमाडौँ : तलेजु प्रकाशन, भोटाहिटी ।

पन्त, सुमन (२०६५), *व्यवसायिक च्याउ खेती,* काठमाडौँ : पाँचपोखरी बुक स्टोर ।

पौडेल, मीनराज (२०७१), *बृहत अर्थशास्त्र,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, मीनराज र नेपाल प्रांशु (२०७१), *व्यवसायिक अर्थशास्त्र,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

प्याकुरेल, प्रविण (२०६९), *काठमाडौँ जिल्लाको संक्षिप्त विवरण,* काठमाडौँ : जिल्ला विकास कार्यालय ।

भट्ट, सिद्धराज, र साथीहरु (२०६९), *विकास तथा योजना अर्थशास्त्र,* कीर्तिपुर, काठमाडौँ : क्वेष्ट पब्लिकेशन ।

मानन्धर, केशरी लक्ष्मी (२०६५), *च्याउ उत्पादन प्रविधि,* ललितपुर : कृषि प्रविधि केन्द्र ।

राष्ट्रिय योजना आयोग (२०७२), *तेह्रौँ योजना,* काठमाडौँ : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

राष्ट्रिय जनगणना (२०६८), *केन्द्रीय तथ्याङ्क विभागको पुस्तिका,* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

लुइटेल, चक्रपणि (२०७०), *विकास अर्थशास्त्र तथा नेपालको अर्थतन्त्र,* काठमाडौँ : प्रधान बुक्स हाउस ।

व्यवसायिक कीट विकास निर्देशनालय, (२०७०), *च्याउको महत्व र यसको खेती प्रविधि,* काठमाडौँ : व्यवसायिक कीट विकास निर्देशनालय ।

शिवाकोटी, ध्रुवराज र पौडेल, मीनराज (२०६७), *आर्थिक विश्लेषण,* काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि.।

शर्मा, निलमकुमार (२०७०), *सार्वजनिक अर्थशास्त्र,* काठमाडौँ : पैरबी प्रकाशन गृह ।

हाडा, गम्भीरबहादुर (२०६८), *ग्रामीण अर्थशास्त्र, काठमाडौँ :* बृहस्पति पुस्तक प्रकाशन, चाबहिल ।

Due, John.F. (1968), *Government Finance and Economics of Public Section*, Irwin Dorsely Ltd.

Gautam, G.P.9 (1991), *Cost benefit Analysis of Improved Cow Farming in Pokhara Municiplity*, Unpublished dissertation of M.A. Submitted to Central Department of Economics, T.U.

Hamal, K.B. (1976), *Cost Analysis of Tobacco Production in Mahottari*, Unpublished dissertation of M.A. Submitted to Central Department of Economics, T.U.

Sharma,V.P. & B.C. Suman (2068), *Handbook of Diseases and pests of mushroom*, Kathmandu : panchpokhari Book Store.

## अनुसूची १ (Appendix 1)

## व्यवसायीका लागि प्रश्नावली

उद्यमीको नाम थर :................................... लिङ्ग : ................. उमेर :.............

नगरपालिका :............................ वडा नं. ............ जिल्ला : .....................

पारिवारिक विवरण :

| क्र.सं. | नाम | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

१. तपाँईले च्याउ खेती प्रारम्भ गर्नुभएको कति वर्ष भयो ?

.................................................................................

२. च्याउ फर्म सञ्चालन गर्नुभन्दा पहिले कुन पेशा अवलम्बन गर्नुभएको थियो ?

(क) व्यापार (ख) नोकरी (ग) खेती (घ) अन्य

३. उक्त व्यवसायबाट मासिक कति आम्दानी गर्नुहुन्थ्यो ?

(क) १० हजार (ख) १५ हजार (ग) २० हजार (घ) अन्य भए ...........

४. तपाईले किन च्याउ फर्म नै सञ्चालन गर्नुभयो ?

............................................................................

५. तपाँईले च्याउ खेती गर्दा कस्तो जमिनको प्रयोग गर्नुभएको छ ?

(क) खेत (ख) बारी (ग) पाखो (घ) ओसिलो जमिन

६. तपाइँले आफ्नो फर्ममा कुन जातको च्याउ रोप्नु भएको छ ?

(क) पराले (ख) कन्ये (ग) गोब्रे (घ) बगाले

७. तपाइँले च्याउ रोपेको कति समयपछि उत्पादन लिन थाल्नुभयो ?

..........................................................................................

८. तपाइँको च्याउ खेतीमा सिचाइँको प्रकृति कस्तो छ ?

(क) कुलो (ख) स्प्रिङ्कल (छर्ने) (ग) वर्षात (घ) सिम

९. कुन कुन समयमा सिचाइँ र गोड-मेल गर्नुहुन्छ ?

.........................................................................................

१०. कुन जातको च्याउले बढी उत्पादन दिन्छ ?

.............................................................................................

११. तपाइ च्याउ खेतीप्रति कसरी आकर्षित हुनुभयो ?

.............................................................................

१२. च्याउ खेती गर्नुभन्दा पहिले खाद्यान्न बालीबाट कति आम्दानी गर्नुहुन्थ्यो ?

..................................................................................

१३. च्याउ खेतीका लागि के के कच्चा पदार्थ चाहिन्छ ?

..............................................................................................................

१४. तपाइले च्याउ खेतीका लागि वार्षिक कति लगानी गर्नुभएको छ ?

..........................................................................................

१५. तपाइले उत्पादन गरेको च्याउ कहाँ लगेर बेच्नुहुन्छ ?

.........................................................................................

१६. हाल प्रति के.जी. च्याउको मूल्य कति रहेको छ ?

...................................................................................................

१७. च्याउ खेतीबाट वार्षिक कति आम्दानी गर्नुहुन्छ ?

...............................................................................................................

१८. वार्षिक बचत कति हुन्छ ?

.........................................................................................

१९. तपाईको अनुभवमा च्याउ खेती गर्दा देखिएका मुख्य समस्याहरु के के हुन ?

............................................................................................................................

२०. यस्ता समस्या समाधान गर्न कुन कुन पक्षले के के गर्नुपर्छ ?

..........................................................................................................................

२१. तपाईले च्याउ खेतीका लागि प्रयोग गर्नुभएको जमिन आफ्नै हो वा भाडामा लिनु भएको हो ?

..............................................................................................................

२२. च्याउ खेती र अन्य खेतीमा कुन खेतीबाट बढी फाइदा हुन्छ ?

............................................................................................................................

२३. च्याउ खेती गर्न चाहने नयाँ व्यक्तिलाई के सल्लाह दिनुहुन्छ ?

.......................................................................................................................

२४. एक वर्षमा च्याउको खेती कति पटक हुन्छ ?

.......................................................................................................................

२५. च्याउ खेतीका लागि कति रकम ऋण लिनुभएको छ ?

.......................................................................................................

२६. ऋणको वार्षिक ब्याज कति तिर्नुहुन्छ ?

............................................................................................

२७. बीउ, पानी, दाउरा लगायतका कच्चा पदार्थका लागि प्रतिलट कति खर्च लाग्ने गर्दछ ?

...........................................................................................

२८. २०७२ सालमा कति रकम बराबरको च्याउ विक्री गर्नुभयो ?

..................................................................................................

२९. तपाईले कुनै प्रकारको कर तिर्नुहुन्छ ? यदि तिर्नुहुन्छ भने कति तिर्नुहुन्छ ?

...................................................................................................

३०. च्याउ फर्मबाट प्राप्त आम्दानीलाई मुख्य गरी कुन कुन शीर्षकमा कति खर्च गर्नुहुन्छ ?

| क्र.सं. | शीर्षक | रकम हजारमा |
|---|---|---|
| १ | खाना | |
| २ | शिक्षा | |
| ३ | स्वास्थ्य | |
| ४ | अन्य | |

३१. तपाईका बालबालिका कस्तो किसीमको विद्यालयमा अध्ययनरत छन् ?

(क) सरकारी (ख) निजी

३२. बालबालिकाको शिक्षाका लागि वार्षिक कति शुल्क तिर्नुहुन्छ ?

| क.सं. | कक्षा | वार्षिक शुल्क(रु.) हजारमा |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

३३. च्याउ फर्मको सञ्चालनले तपाईको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

...........................................................................................................

३४. च्याउ फर्मको प्रभावकारी सञ्चालनका लागि ध्यान दिनुपर्ने कुराहरु के के हुन् ?

.....................................................................

.......................................................................

....................................................................

# अनुसूची २ (Appendix 2)

## कामदारका लागि प्रश्नावली

१. तपाईले यो फर्ममा कार्य गरेको कति समय भयो ?

...................................................................................

२. फर्मबाट मासिक कति तलब प्राप्त गर्नुहुन्छ ?

...................................................................................................

३. तपाईको परिवारमा जम्मा कति जना सदस्य हुनुहुन्छ ?

....................................................................................................

४. यस फर्मका अतिरिक्त अन्य कुनै पेशामा आबद्ध हुनुहुन्छ ?

...................................................................................

५. तपाईको अनुभवमा च्याउ फर्मको सञ्चालनबाट कतिको फाइदा प्राप्त हुने रहेछ ?

.................................................................................................................

६. यस फर्ममा गरेको रोजगारीबाट प्राप्त आयले तपाईको बालबालिकाको शिक्षामा कतिको सहयोग पुऱ्याएको छ ?

..........................................................................................................................
.

७. रोजगारीबाट प्राप्त आयको केही हिस्सा बचत गर्नुभएको छ ?

......................................................................................................................

८. आफ्नो रोजगारीप्रति सन्तुष्ट हुनुहुन्छ वा विकल्पको खोजीमा हुनुहुन्छ ?

...........................................................................................................

९. च्याउ खेतीको सञ्चालनमा के कस्ता समस्याहरु सिर्जना हुँदा रहेछन् ?

...........................................................................................................

१०. तपाईको विचारमा यस्ता समस्याहरु समाधान गर्नका लागि सरकार वा सम्बन्धित निकायले के कस्ता नीति ल्याउनुपर्दछ ?

..............................................................................................................................

**कामदारको पारिवारिक विवरण तालिका**

| क्र.सं. | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची ३ ( Appendix 3 )

## व्यवसायीको परिवारका लागि प्रश्नावली

१. तपाईहरुले च्याउ खेती गर्नुभन्दा पहिले कुन पेशा अपनाउनुभएको थियो ?

..................................................................................................

२. च्याउ खेतीको प्रारम्भ गर्नुभएको कति समय भयो ?

.......................................................................................

३. च्याउ फर्मको सञ्चालनबाट कस्तो प्रतिफल प्राप्त गर्नुभएको छ ?

......................................................................................

४. तपाईको परिवारमा च्याउ खेतीले कस्तो प्रभाव पारेको छ ?

...............................................................................................

५. तपाईहरु आफ्नो पारिवारिक पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?

(क) छ (ख) छैन

६. च्याउ फर्मको सञ्चालनले परिवारको कुन-कुन क्षेत्रमा प्रभाव पारेको छ ?

(क) शिक्षा (ख) स्वास्थ्य (ग) उपभोग (घ) सबै

७. च्याउ फर्मको सञ्चालनमा के कस्ता समस्या सिर्जना हुँदारहेछन् ?

...................................................................................................

८. यस्ता समस्याहरुको समाधानका लागि सरकार वा सम्बन्धित निकायले के कस्ता नीति ल्याउनु उपयुक्त ठान्नुहुन्छ ?

# अनुसूची ४ (Appendix 4)

## अवलोकन सूची

१. च्याउ खेतीको लागत

२. च्याउ खेतीको प्रतिफल

३. च्याउ खेतीले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान

४. च्याउ खेतीबाट प्राप्त आयको क्षेत्रगत लगानी

५. च्याउ खेतीका विद्यमान समस्याहरु

## अनुसूची ५ (Appendix 5)

### लक्षित समूह छलफल निर्देशिका

१) लक्षित समूह छलफल सञ्चालन गर्नु पहिले ६-१० जनासम्मको समूह निर्माण गर्नुपर्दछ ।

२) समूह निर्माण गर्दा एउटै पृष्ठभूमि भएका व्यक्तिहरुको समूह बनाउनुपर्दछ ।

३) लक्षित समूह छलफलको लागि बनाइएका प्रश्नहरु खुल्ला रुपमा समावेश हुनुपर्दछ ।

४) लक्षित समूह छलफलको लागि स्थान निर्माण गर्नुपर्दछ ।

५) छलफलमा एक जना मोडरेटर र एक जना नोटटेकर को आवश्यकता पर्दछ ।

६) छलफलमा आएका प्रश्न तथा उत्तरलाई टिपोट गर्नुपर्दछ ।

७) टिपोट गरिएका संकलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्नुपर्दछ ।

### लक्षित समूह छलफलका लागि तयार गरिएको प्रश्नावली

१) च्याउ फर्मको सञ्चालनमा आइपर्ने समस्याहरु के के हुन ?

२) च्याउ फर्म वा व्यवसायमा सरकार वा सम्बन्धित पक्षले के के गर्नुपर्ने देख्नुहुन्छ ?

३) यो व्यवसायमा अझ सुधार गर्नुपर्ने पक्षहरु के के छन ?

४) च्याउ खेतीमा देखापर्ने मुख्य रोगहरु के के हुन ?